सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ वैशाख २०८३, आइतबार (10 May 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कोहलपुर सुकुमवासी बस्तीमा चल्यो डोजर



२५ वैशाखसम्म बस्ती खाली गर्न सूचना जारी गरेको कोहलपुर नगरपालिकाले शनिबार डोजर चलाएर ५० घर भत्काएको छ।

(विस्तृत पृष्ठ २)

क्रियाशील सदस्यताले कांग्रेसमा किचलो कायमै

देउवा र कोइराला पक्ष अद्यावधिक नगर्ने अडानमा, तीव्र गतिमा अघि बढाउँदै संस्थापन



■ विशेष महाधिवेशनपछि सुदूरपश्चिममा कांग्रेसको पहिलो भेला

चुनावमा असहयोग गर्नेलाई जिम्मेवारीबाट हटाउँछौं : गगन

(विस्तृत पृष्ठ ३)

निजामती कर्मचारी ऐनमा समेटिनुपर्ने विषय



अग्रलेख

● रामशरण सेढाईं

नेपाललाई 'निजामती' होइन, 'लोकसेवा'केन्द्रित प्रशासन चाहिन्छ, जहाँ कर्मचारीको पहिचान राजनीतिक दल होइन, पेसागत निष्ठा हुन्छ

(पृष्ठ ४)

अफ सिजनमै ३०० मेगावाटभन्दा बढी विद्युत् भारत निर्यात



अहिले नेपालमा विद्युत्को आन्तरिक उत्पादन दैनिक ४३ हजार २६७ मेगावाट आवर छ, तर खपत भने दैनिक ३८ हजार २७३ मेगावाट आवर छ। बढी भएको विद्युत् भारत निर्यात भइरहेको छ।

बजेट र नीति तथा कार्यक्रमका लागि सुझाव लिन छुट्टै पोर्टल

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

के हुन्छ खारेज गरिएका कर्मचारी ट्रेड युनियनहरूको सम्पत्ति ?

सरकारी जग्गामा पुराना ठुला दलनिकट निजामती कर्मचारी ट्रेड युनियनका आलिसान महल, भोगाधिकार पाएर महल ठड्याइएका जग्गा राज्यकै हुने, जग्गाबाहेकका चल-अचल सम्पत्तिबारे स्पष्ट कानुन नरहेकाले सरकारले अलग्गै निर्णय लिनुपर्ने

संघीय मामिला मन्त्रालयका प्रवक्ता एकदेव अधिकारी भन्छन्-

कानुनले निर्देशित गरेबमोजिम प्रक्रिया अघि बढ्छ



जग्गा भोगाधिकारमा दिने निर्णय सरकारले गरेको हो। संस्था नै नरहेपछि भोगाधिकार पनि सकिन्छ। यस विषयमा भूमि व्यवस्था र श्रम मन्त्रालयसँग समन्वय भइरहेको छ। कानुनले निर्देशित गरेबमोजिम प्रक्रिया अघि बढ्छ।

सुवास भट्ट/नयाँ पत्रिका
तस्बिरहरू : **सतिश पोखरेल**

निजामती सेवा ऐनका व्यवस्थामा टेकेर स्थापित ट्रेड युनियनहरू सरकारले अध्यादेशमार्फत खारेज गरिदिएसँगै उनीहरूका नाममा रहेको अचल सम्पत्ति (जग्गा)को भोगाधिकार राज्यले आफ्नो मातहत ल्याउन सक्ने भएको छ। ट्रेड युनियनहरूको कानुनी अस्तित्व सकिएपछि तिनका नाममा रहेको जग्गाको भोगाधिकार स्वतः खोसिने सरकारी अधिकारीहरू बताउँछन्। जग्गाबाहेकका चल-अचल सम्पत्तिबारे स्पष्ट कानुन नरहेकाले सरकारले अलग्गै निर्णय लिनुपर्नेछ।

सरकारले एकैसाथ १२ कर्मचारी ट्रेड युनियन खारेज गरेको छ, जसमा चार प्रमुख राजनीतिक दलनिकट चारवटा निजामती ट्रेड युनियनका आ-आफ्नै भवन र सम्पत्ति छन्। सरकारले नै दिएको जग्गामा ती संगठनहरूले भव्य भवन बनाएका छन्। जग्गाबाहेकका संरचनाबारे सरकारको अन्तिम निर्णय आउनुपर्ने सम्बद्ध अधिकारीहरूले बताएका छन्।

» पृष्ठ २ मा क्रमशः



एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनको बबरमहलतर्फ सिंहदरबार मुखैको एक रोपनी जग्गामा ठडाइएको महल



कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियनले बबरमहलमै वनपरिसरको पछाडिपट्टि बनाएको भवन



माओवादीनिकट नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनले एमाले कर्मचारी संगठनको भवनकै अर्को कुनामा बनाएको भवन



मधेशकेन्द्रित दलनिकट नेपाल मधेशी निजामती कर्मचारी मञ्चले बबरमहलमै कांग्रेसनिकट ट्रेड युनियनको आडैमा बनाएको भवन

■ सरकारले जग्गा मात्रै होइन, भवन निर्माणका लागि अनुदान पनि दिएको थियो

तत्कालीन सामान्य प्रशासन मन्त्रालयको प्रस्तावमा १ असार ०६८ मा झलनाथ खनाल नेतृत्वको मन्त्रिपरिषद्ले 'राष्ट्रियस्तरका ट्रेड युनियनलाई सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने' निर्णय गरेको थियो। त्यसबमोजिम प्रमुख चार ट्रेड युनियनले एक-एक रोपनीका दरले जग्गा पाएका थिए। कार्यालय सञ्चालन प्रयोजनका लागि सरकारले उनीहरूलाई जग्गा दिएको थियो। त्यही जग्गामा अहिले ट्रेड युनियनहरूले भव्य भवन बनाएका छन्। ट्रेड युनियनहरूले भवनको केही भाग भाडामा समेत लगाएका छन्।

ट्रेड युनियनका भवनमध्ये नेपाल निजामती कर्मचारी संगठनको भवन जेन-जी आन्दोलनका क्रममा गत २४ भदौमा आगजनी र तोडफोड भएको थियो। क्षतविक्षत भएको यो भवन हालसम्म मर्मतसम्भार भएको छैन। नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनको भवनमा पनि केही आगजनी र तोडफोड भए पनि अहिले मर्मत गरिसकिएको छ।

स्रोतहरूको दाबीअनुसार भवन निर्माण गर्दा ट्रेड युनियनहरूले सहरी विकास मन्त्रालयबाट ठुलो अनुदान लिएका छन्। कसले कति अनुदान लिए भन्ने यकिन नभए पनि सरकारले पैसा हालेको दाबी अधिकांश प्रशासक गर्छन्। सरकारले यसको पनि खोजी गरिरहेको छ। यस्तै ट्रेड युनियनका काठमाडौंबाहेक बाहिरी कतिपय जिल्लामा पनि भवन बनेका छन्। यद्यपि, यसको एकीकृत यकिन विवरण छैन।

पश्चिम बंगालको चुनावी नतिजापछि रोहिंग्या र बंगलादेशी शरणार्थी भित्रिने जोखिम

जोगबनी नाकामा कडाइ



जोगबनी नाकामा चेकजाँच गर्दै सशस्त्र प्रहरी, परिचय खुल्ने प्रमाण देखाए मात्र प्रवेश

विराटनगरमा **गणेश लम्साल**

भारतको पश्चिम बंगालमा विधान सभा चुनावपछि रोहिंग्या र बंगलादेशी घुसपैठियालाई राज्यबाट निकालिने भन्दै चर्चा हुन थालेपछि नेपाल-भारत विराटनगर जोगबनी नाकामा आवतजावतमा कडाइ थालिएको छ। पश्चिम बंगालमा भाजपाको दुईतिहाइको जितपछि बंगलादेशी शरणार्थी नेपालतर्फ पनि भाग्न थालेको आशंकामा नेपाली प्रशासनले जोगबनी नाकामा शनिबारदेखि चेकजाँचमा कडाइ थालेको हो।

» पृष्ठ २ मा क्रमशः

युक्रेनमा युद्धबन्दी बनाइएका नौ नेपाली रिहाइको पहल

युक्रेनलाई नेपालको कूटनीतिक नोट, युद्धबन्दी र अन्य नेपालीको विवरण माग

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सरकारले नेपालको कानुनविपरीत रुसी सेनामा भर्ती भएका र त्यस क्रममा युक्रेनी सेनाले युद्धबन्दी बनाएका नागरिकको रिहाइका लागि कूटनीतिक प्रयास थालेको छ। परराष्ट्रमन्त्री शिशिर खनालले युक्रेनी समकक्षी एन्ड्री सिबिहासँगको टेलिफोन वार्तामा नेपाली युद्धबन्दी रिहाइको आग्रह गरेको एक सातापछि नेपालले युक्रेनलाई कूटनीतिक नोट पठाएको हो। खनाल र सिबिहाबिच १७ वैशाखमा टेलिफोन वार्ता भएको थियो।

जर्मनीस्थित नेपाली दूतावासले युक्रेनको विदेश मन्त्रालय तथा बर्लिनस्थित युक्रेनी दूतावासलाई शुक्रबार कूटनीतिक नोट पठाएको छ। रुसी सेनामा भर्ती भएका नौ नेपाली युक्रेनी सेनाको नियन्त्रणमा रहेको प्रारम्भिक विवरण सरकारले प्राप्त गरेको छ। जर्मनीको बर्लिनस्थित नेपाली दूतावासले नेपाल-युक्रेन सम्बन्ध पनि सञ्चालन गर्दै आएको छ। परराष्ट्र स्रोतका अनुसार पत्रमा युक्रेनमा रहेका नेपाली नागरिकको संख्या र विवरण तथा युद्धबन्दीका रूपमा रहेका नेपाली नागरिकको संख्या र विवरण माग गरिएको छ।

» पृष्ठ २ मा क्रमशः



जर्मनीस्थित कार्यवाहक राजदूत सागर फुयाँलले भने-

मन्त्रीज्यूहरू (नेपाल-युक्रेन)को टेलिफोन वार्ताको स्पिरिटका आधारमा विभिन्न पहल भएका छन्। युक्रेनमा रहेका नेपाली नागरिक तथा युद्धबन्दी अवस्थाका नेपालीलाई त्यहाँबाट बाहिर निकाल्ने विषय हाम्रो प्राथमिकतामा छ। सम्बद्ध सबै पक्षसँग नियमित सम्पर्कमा रहेर काम गरिरहेका छौं।

■ युक्रेन छाड्न नेपालीलाई एड्भाइजरी

बर्लिनस्थित नेपाली दूतावासले शुक्रबार एड्भाइजरी जारी गर्दै युक्रेनमा रहेका नेपालीलाई तत्कालै युक्रेन छाड्न आह्वान गरेको छ। रुस-युक्रेन युद्ध सुरु भएपछि त्यहाँ रहेका धेरैजसो नेपाली बाहिरिए पनि बाँकी सात नेपालीलाई पटक-पटक गरी बाहिर निकालिएको जर्मनीस्थित कार्यवाहक नेपाली राजदूत फुयाँलले बताए।

'रुस-युक्रेन युद्ध सुरु भएपछि एकपटकमा तीन, अर्कोपटक दुई र तेस्रोपटक पुनः दुई नेपाली नागरिकलाई युक्रेनबाट उद्धार गर्‍यौं। अब त्यहाँ नेपाली नागरिक हुनुहुन्छ भने हाम्रो सम्पर्कमा आउन र बाहिर निस्किन भनेका छौं,' फुयाँलले भने, 'युक्रेनमा युद्धबन्दीबाहेक कति नेपाली नागरिक हुनुहुन्छ भन्ने यकिन जानकारी छैन। यदि कोही हुनुहुन्छ भने बाहिर निस्किनुस् भन्ने पूर्वसावधानीसहित एड्भाइजरी जारी भएको हो।'

■ एकै सञ्जाल, एकै लक्ष्य

काठमाडौंका युवामा लागुऔषधको डरलाग्दो व्यापार

टेकराज थामी/नयाँ पत्रिका

विशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरोले काठमाडौंको गणबहाल, सुन्धारा र भोटेबहाल क्षेत्रमा सर्च अपरेसन चलायो। अपरेसनका क्रममा गणबहालबाट ३५ वर्षीय सुरेश तामाङ र २२ वर्षीय सञ्जीव घिसिङ, सुन्धाराबाट २२ वर्षीय सुरेन्द्रकुमार रौनियार र २३ वर्षीय रोहित रानामगर पक्राउ परे।

प्रहरीले उनीहरूको खानतलासी गर्दा घटनास्थलबाट ट्रामाडोलका ३५ हजार ५१६ ट्याब्लेट बरामद गऱ्यो। अनुसन्धानपछि खुल्यो उनीहरू एउटै सञ्जालबाट परिचालित फरक-फरक सदस्य थिए। तर, उनीहरूको उद्देश्य एउटै थियो, काठमाडौंका युवालाई लागुऔषध बिक्री गर्नु। पक्राउ परेकामध्ये रानामगर र तामाङ यसअघि पनि लागुऔषधसम्बन्धी कसुरमा पक्राउ परेका अभियुक्त हुन्। उनीहरू गत २३ र २४ भदौमा भएको जेन-जी

» पृष्ठ २ मा क्रमशः



१७ चैतमा एकै दिन काठमाडौंका चार ठाउँबाट चार व्यक्तिसहित बरामद गरेको ट्रामाडोल

● औषधिजन्य लागुऔषधको मात्र तथ्यांक हेर्दा गत वर्ष देशभरबाट प्रहरीले २७ लाख ९५ हजार ८९९ एम्पुल/ट्याब्लेट/क्याप्सुल बरामद गरेको थियो। जसमध्ये १२ लाख ५८ हजार २८ उपत्यकाभित्रै बरामद भएका थिए, जुन कुल परिमाणको ४४.९९ प्रतिशत हो।

● लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी कृष्ण कोइराला भन्छन्-



उपत्यकाभित्र जनसंख्याको चाप बढ्दो छ। त्यससँगै लागुऔषध दुर्व्यसनीको संख्या पनि बढ्नु स्वाभाविक हो। तर, उनीहरूको संख्या, बसोबास गर्ने ठाउँ र अवस्थाबारे यकिन तथ्यांक भने पर्याप्त उपलब्ध छैन। उपत्यकामा ठुलो मात्रामा लागुऔषध बरामद हुनु स्वयंमा दुर्व्यसनीको उच्च मागको संकेत मान्नुपर्छ।

■ हिमपातले सेताम्य पाथीभरा



ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

पानीसँगै हिमपातले सेताम्य ताप्लेजुङमा रहेको प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्र। शुक्रबार रातिदेखि पानी पर्न थालेपछि पाथीभरासँगै मिल्के जलजले, मिक्वा खोलाको तोक्पेगोला-लोदेन, मानाभरालगायत क्षेत्रमा हिमपात भएको हो। पाथीभरा क्षेत्रमा शुक्रबार राति बाक्लो हिउँ परेको पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतले बताए। पाथीभरा धामभन्दा तल्लो क्षेत्रसम्मै हिउँ जमेको छ। पाथीभरा क्षेत्रमा पर्यटकीय चहलपहल बढिरहेका वेला हिमपात भएको हो।

के हुन्छ...

पृष्ठ १ बाट क्रमशः

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीले ट्रेड युनियनहरूको सम्पत्ति कानुनले निर्देशित गरेबमोजिम हुने बताए। उनका अनुसार ट्रेड युनियनहरू श्रम ऐनअन्तर्गत दर्ता भएकाले उक्त ऐनसहितका कानुनी व्यवस्थाअनुसार सम्पत्ति र दायित्वका विषयमा निर्णय हुने छ। जग्गाको विषय भूमि व्यवस्था मन्त्रालय र संस्था नियमनको विषय श्रम मन्त्रालयअन्तर्गत पर्ने उनले बताए। 'जग्गा भोगाधिकारमा दिने निर्णय सरकारले गरेको हो। संस्था नै नरहेपछि भोगाधिकार पनि सकिन्छ। यस विषयमा भूमि व्यवस्था र श्रम मन्त्रालयसँग समन्वय भइरहेको छ। कानुनले निर्देशित गरेबमोजिम प्रक्रिया अघि बढ्छ,' उनले भने।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले भने यस विषयमा छलफल भइनसकेको बताए। 'जसको जग्गा दिइएको हो सोही मन्त्रालयसँग सम्बन्धित हुन्छ,' उनले भने, 'यस विषयमा स्पष्ट छलफल भइसकेको छैन।' श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक चक्रपाणि पाण्डेले यस विषयमा विभाग छलफलमै रहेको बताए।

तत्कालीन सामान्य प्रशासन मन्त्रालयको प्रस्तावमा १ असार ०६८ मा झलनाथ खनाल नेतृत्वको मन्त्रिपरिषद्ले 'राष्ट्रियस्तरका ट्रेड युनियनलाई सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने' निर्णय गरेको थियो। त्यसबमोजिम प्रमुख चार ट्रेड युनियनले एक-एक रोपनीका दरले जग्गा पाएका थिए। कार्यालय सञ्चालन प्रयोजनका लागि सरकारले उनीहरूलाई जग्गा दिएको थियो। त्यही जग्गामा अहिले ट्रेड युनियनहरूले भव्य भवन बनाएका छन्। ट्रेड युनियनहरूले भवनको केही भाग भाडामा समेत लगाएका छन्।

एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनले बबरमहलमा सिंहदरबार मुखैको एक रोपनी जग्गामा भव्य महल ठड्याएको छ। त्यस्तै, साबिक माओवादीनिकट नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामतीले त्यसैको अर्को कुनामा बबरमहलपट्टि अर्को भव्य भवन बनाएको छ। कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियनले बबरमहलको वनपरिसरको पछाडिपट्टि कम्पाउन्डसहितको भवन बनाएको छ। त्यसैको आडमा मधेशकेन्द्रित दलनिकट नेपाल मधेशी निजामती कर्मचारी मञ्चको उस्तै प्रकारको भवन छ। ट्रेड युनियनका भवनमध्ये नेपाल निजामती कर्मचारी संगठनको भवन जेन-जी आन्दोलनका क्रममा गत २४ भदौमा आगजनी र तोडफोड भएको थियो। क्षतविक्षत भएको यो भवन हालसम्म मर्मतसम्भार भएको छैन। नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामतीको भवनमा पनि केही आगजनी र तोडफोड भए पनि अहिले मर्मत गरिसकिएको छ।

स्रोतहरूको दाबीअनुसार भवन निर्माण गर्दा ट्रेड युनियनहरूले सहरी विकास मन्त्रालयबाट ठुलो अनुदान लिएका छन्। कसले कति अनुदान लिएको छ भन्ने यकिन नभए पनि सरकारले पैसा हालेको दाबी अधिकांश प्रशासक गर्छन्। सरकारले यसको पनि खोजी गरिरहेको छ। यस्तै ट्रेड युनियनका काठमाडौंबाहेक बाहिरी कतिपय जिल्लामा पनि भवन बनेका छन्। यद्यपि, यसको एकीकृत यकिन विवरण छैन।

कर्मचारीका १२ ट्रेड युनियनको दर्ता खारेजी

'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश'अनुसार सरकारले एकैसाथ १२ वटा कर्मचारी ट्रेड युनियन खारेज गरेको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले ट्रेड युनियनहरू दर्ता खारेजी गरेको हो। दर्ता खारेज भएका ट्रेड युनियनमा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन र नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनलगायत छन्। यी ट्रेड युनियनहरू क्रमशः एमाले, कांग्रेस र साबिक माओवादीनिकटका हुन्। त्यस्तै, नेपाल मधेशी निजामती कर्मचारी मञ्च, नेपाल स्वास्थ्यकर्मी संघ, मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल, एकीकृत सरकारी कर्मचारी संगठन र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपालको पनि दर्ता खारेज भएको छ। त्यस्तै, नेपाल स्वास्थ्य सेवा ऐनबमोजिम दर्ता राष्ट्रियस्तरका अरू चार ट्रेड युनियनको पनि दर्ता खारेज गरिएको छ। ती ट्रेड युनियनमा नेपाल स्वास्थ्यकर्मी युनियन, स्वास्थ्यकर्मी युनियन नेपाल, राष्ट्रिय स्वास्थ्यकर्मी संघ नेपाल र राष्ट्रिय प्रगतिशील स्वास्थ्यकर्मी संगठन छन्। अध्यादेशमार्फत ऐनको व्यवस्था संशोधन गरेर सरकारले अस्तित्व समाप्त पारिदिएपछि ट्रेड युनियनहरू कानुनी लडाइँमा जाने गृहकार्यमा छन्।

संसद् सचिवालयको ट्रेड युनियन पनि खारेज

संघीय संसद् सचिवालयमा रहेको ट्रेड युनियन पनि खारेज भएको छ। सचिवालयको कर्मचारी प्रशासन शाखाले सचिवालयमा कुनै पनि ट्रेड युनियन अस्तित्वमा नरहेको जनाएको छ। संघीय संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ को दफा ७३ मा कर्मचारी युनियनसम्बन्धी व्यवस्था छ। केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशले उक्त व्यवस्था हटाएकाले अब कर्मचारी युनियन अस्तित्वमा नरहेको सचिवालयको सूचनामा उल्लेख छ। बुधबार मात्रै श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले विभिन्न १२ राष्ट्रियस्तरका दलीय ट्रेड युनियनको दर्ता खारेज गरेको थियो।

सुकुमवासी बस्तीका ४० परिवार इचंगुको अपार्टमेन्टमा, ११ हजार सुकुमवासी अझै होल्डिङ सेन्टरमै

उद्धव नेपाल, सूचना अधिकारी, बागमती सभ्यता एकीकृत विकास समिति



होटेलमा खर्च धेरै हुने भयो। त्यसो हुँदा केही सुकुमवासी परिवारलाई अपार्टमेन्टमा लगेर राखिएको छ। अन्यको सम्बन्धमा भने माथि नै बुझ्नु होला।

नयाँ पत्रिका

काठमाडौं उपत्यकामा सुकुमवासी बस्ती खाली गराउँदा विस्थापित भएकालाई तारकेश्वरको इचंगुनारायणस्थित अपार्टमेन्टमा राख्न थालिएको छ। होटेल तथा होल्डिङ सेन्टरमा रहेकामध्ये ४० परिवारका ९३ जनालाई शुक्रबार अपार्टमेन्टमा लगेर राखिएको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले जनाएको छ। यसअघि उनीहरू काठमाडौंका विभिन्न होटेलमा थिए। लामो अवधिसम्म होटेलमा राख्दा खर्च धेरै हुने भएको हुँदा उनीहरूलाई अपार्टमेन्टमा लगेर राखिएको एकीकृत विकास समितिका सूचना अधिकारी उद्धव नेपालले बताए।

'होटेलमा खर्च धेरै हुने भयो। त्यसो हुँदा केही सुकुमवासी परिवारलाई अपार्टमेन्टमा लगेर राखिएको छ,' उनले भने, 'अन्यको सम्बन्धमा भने माथि नै बुझ्नु होला।' सरकारले गत १२ वैशाखदेखि काठमाडौं उपत्यकाभित्रका नदीकिनारमा बसेका सुकुमवासी बस्ती हटाउँदै आएका छ। यसक्रममा पाँच हजारभन्दा धेरै घरपरिवार नदीकिनारबाट विस्थापित भएका छन्। उनीहरूलाई अहिले काठमाडौंका गेस्टहाउस, होटल, होल्डिङ सेन्टरलगायतका ठाउँमा राखिएको छ।

प्रत्येकको स्क्रिनिङ गरेर आवासको व्यवस्था गरिनेछ। त्यसका लागि प्रत्येक विस्थापितलाई तोकिएको ठाउँमा नाम टिपाउन भनिएको छ। बागमती सभ्यता एकीकृत विकास समितिका अनुसार उनीहरूमध्ये दुई हजार ६१६ परिवारका ११ हजार एकजनाले तोकिएको ठाउँमा नाम टिपाएका छन्। 'नाम टिपाउने क्रम जारी छ। संख्या अझै बढ्न सक्छ,' नेपालले भने।

सरकारले बागमती नदीकिनारस्थित थापाथली, बल्खु, शंखमूल, धोबीखोलास्थित अनामनगर, कपन, विष्णुमती नदीस्थित बलाजुलगायत क्षेत्रमा रहेका सुकुमवासी बस्ती हटाएको छ। बस्तीमा डोजर चलाउँदा विस्थापित भएकामध्ये केही परिवार खुला चौरमा टाँगिएको टेन्टमा छन्।

■ कोहलपुर सुकुमवासी बस्तीमा चल्यो डोजर



बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

बाँकेको कोहलपुर नगरपालिका- ११, शान्तिनगरमा रहेको क्रिकेट मैदाननजिकैको सुकुमवासी बस्तीमा शनिबार डोजर चलाइएको छ। २५ वैशाखसम्म बस्ती खाली गर्न सूचना जारी गरेको नगरपालिकाले शनिबार डोजर चलाएर ५० घर भत्काएको हो।

नगरपालिकाले सूचना जारी गरेपछि केहीले घर खाली गर्नुका साथै जस्तापाता र घरमा प्रयोग भएका सामान उठाएर लगेको मेयर पूर्णप्रसाद आचार्यले बताए। 'पहिलो चरणमा खाली भएका घर डोजरले भत्काइएको छ। सामान र घर खाली नभए आइतबारदेखि सबै घरमा पनि डोजर चल्नेछ,' उनले भने। मेयर आचार्यका अनुसार शान्तिनगरको २८ बिघा सार्वजनिक जग्गामा सुकुमवासी, अव्यवस्थित बसोबासी, दलित सुकुमवासी गरी ७५३ परिवार बस्दै आएका छन्। 'वास्तविक सुकुमवासीलाई आवेदन दिन भनेका छौं। निवेदकको वास्तविकता बुझ्ने काम जारी छ,' मेयर आचार्यले भने।

सुकुमवासीलाई बसपार्कको भवनमा राखिएको छ। 'होल्डिङ सेन्टरमा जाने सुकुमवासीको स्वास्थ्य परीक्षण, लगत संकलन, खाना र सुरक्षाको बन्दोबस्त मिलाइएको छ,' उनले भने, 'कुनै समस्या नहोस् भनेर विभिन्न समिति बनाइएको छ। समितिले काम गरे-नगरेको अनुगमन नगरपालिकाले गरिरहेको छ।'

युक्रेनमा...

पृष्ठ १ बाट क्रमशः

जर्मनीस्थित कार्यवाहक राजदूत सागर फुयाँलले नेपाली युद्धबन्दीको रिहाइका लागि विभिन्न तहमा प्रयास भइरहेको बताए। 'मन्त्रीज्यूहरूको टेलिफोन वार्ताको स्पिरिटका आधारमा विभिन्न पहल भएका छन्, युक्रेनमा रहेका नेपाली नागरिक तथा युद्धबन्दी अवस्थाका नेपालीलाई त्यहाँबाट बाहिर निकाल्ने विषय हाम्रो प्राथमिकतामा छ,' उनले भने, 'सम्बद्ध सबै पक्षसँग नियमित सम्पर्कमा रहेर काम गरिरहेका छौं।'

परराष्ट्रमन्त्रीका तर्फबाट टेलिफोनमा र नेपाली दूतावासका तर्फबाट लेखिएको चिठीमा नेपालले परम्परागत सम्झौता भएका मुलुकबाहेक अन्य कुनै पनि विदेशी सेनामा नेपाली नागरिकलाई भर्ती हुन अनुमति नदिने नीति रहेको स्पष्ट पारिएको छ। परराष्ट्र मन्त्रालयका अनुसार युक्रेनी सेनाको नियन्त्रणमा रहेका नौ नेपाली नागरिकलाई मानवीय आधारमा रिहा गरी स्वदेश फिर्ता पठाउन परराष्ट्रमन्त्री खनालले समकक्षीलाई स्पष्ट रूपमा आग्रह गरेका थिए। प्रत्युत्तरमा युक्रेनी विदेशमन्त्री सिबिहाले यस सम्बन्धमा नेपाल सरकारसँग छलफल गर्न आफूहरू खुला रहेको जबाफ दिएका थिए। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले परराष्ट्रमन्त्री खनालले युक्रेनी समकक्षीलाई नेपाली युद्धबन्दीको रिहाइ सम्बन्धमा १७ वैशाखमा टेलिफोन कुराकानी गरेको जानकारी दिए।

परम्परागत सम्झौताअनुसार नेपाली नागरिक भारत र बेलायतका सेनामा भर्ती हुँदै आएका छन्। यद्यपि, भारतीय सैन्य भर्तीसम्बन्धी नयाँ नियम अग्निपथ लागू भएपछि भारतीय सेनामा पाँच वर्षदेखि नेपाली नागरिक भर्ती भएका छैनन्। बेलायती सेनामा नेपाली नागरिकको भर्ती जारी छ।

विगतमा युक्रेनले आफ्नो सैन्य हिरासतमा रहेका नेपालीलाई छाड्न दीर्घकालीन कानुनी सम्झौता गर्नुपर्ने प्रस्ताव अघि सारेको थियो। केपी ओली नेतृत्वको अघिल्लो सरकारका पालामा यसबारे प्रारम्भिक छलफलसमेत भएको थियो। खासगरी नेपाल र युक्रेनबिच कूटनीतिक सम्बन्ध स्थापना गर्ने सम्झौताबाहेक कुनै पनि सम्झौता भएको छैन। द्विपक्षीय कानुनी सम्झौता अभावमा नेपाली नागरिकलाई कानुनी रूपमा जेलबाहिर निकालेर पठाउन अप्ठेरो हुने जवाफ युक्रेनी अधिकारीले नेपाली अधिकारीलाई दिँदै आएका थिए। नयाँदिल्लीस्थित युक्रेनी राजदूत ओलेक्सेन्डर पोलिस्चुकले यो जानकारी दिल्लीस्थित नेपाली राजदूतावासमार्फत नेपाल सरकारलाई दिएका थिए।

दिल्लीमा नयाँ पत्रिकासँगको भेटमा राजदूत पोलिस्चुकले रुसी सेनामा नेपालीको भर्ती नेपाल सरकारको निर्णयअनुसार नभएको र सैन्य हिरासतमा रहेका नेपाली निर्दोष रहेको भन्नेमा युक्रेन सहमत रहेको बताएका थिए। उनले निवर्तमान नेपाली राजदूत डा. शंकरप्रसाद शर्मासँग एउटा कानुनी सम्झौतामा हस्ताक्षर गर्न प्रस्ताव गरेका थिए।

नेपाल र युक्रेनबिच १५ जनवरी १९९३ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो। जर्मनीस्थित नेपाली दूतावासले युक्रेनसँगको सम्बन्ध हेर्दै आएको छ भने दिल्लीस्थित युक्रेनी दूतावासले नेपालसँगको सम्बन्ध हेर्दै आएको छ। युक्रेनले बर्लिनस्थित नेपाली दूतावासका अधिकारी किभ भ्रमण नगरेकोमा पनि अप्रसन्नता जनाउँदै आएको छ।

रुसी सेनामा कार्यरत रहेको अवस्थामा युक्रेनी भूभागबाट नौ नेपाली फरक-फरक मितिमा युक्रेनी सेनाको नियन्त्रणमा परेका छन्। रुसले कब्जा गरेको र लडाइँ गरिरहेको युक्रेनी भूभागमा लडाइँमा जाने क्रममा रुसी सेनामा कार्यरत नेपालीलाई युक्रेनी सेनाले नियन्त्रणमा लिएको थियो। नेपालको कूटनीतिक प्रयासपछि रुसी सेनामा नेपालीको भर्ती बन्द भएको छ। तर, युक्रेनमा रहेका नेपाली युद्धबन्दी रिहाइमा विलम्ब हुँदै आएकोमा सरकारले प्रयास थालेको हो।

जोगबनी नाकामा...

पृष्ठ १ बाट क्रमशः

जोगबनी नाकाबाट नेपालतर्फ आउने सबै यात्रुलाई सशस्त्र प्रहरी र नेपाल प्रहरीले परिचय खुल्ने प्रमाण देखाएर मात्र आवतजावत गर्न दिन थालेका छन्। खासगरी पश्चिम बंगालको राजधानी कोलकाताबाट जोगबनी रेल आउने दिन शनिबार, मंगलबार र बिहीबार चेकजाँचलाई अझ कडाइ गर्ने नीति मोरङ प्रशासनको छ। मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले नेपाल-भारत आवतजावतलाई सधैंका लागि सुरक्षित बनाउन शनिबारदेखि नाकाको चेकजाँचमा कडाइ थालिएको बताए। 'कोलकाताबाट जोगबनी रेल आउने दिन सशस्त्र र नेपाल प्रहरीको थप जनशक्तिसहित आउने-जानेको जाँच गरिनेछ। अरू दिन सशस्त्र प्रहरीले परिचयपत्र जाँच गरेर मात्र आवतजावत गर्न दिनेछ,' उनले भने।

बंगलादेशी शरणार्थीको घुसपैठ रोक्न भारतको पश्चिम बंगाल सरकारले काँकडभिट्टा पानीट्याांकी नाकामा पहिलेदेखि नै आवतजावत गर्नेलाई नागरिकता वा ड्राइभिङ लाइसेन्स अनिवार्य गर्दै आएको छ। तर, भारतको बिहार राज्यसँग सिमाना जोडिएको विराटनगर जोगबनी नाकामा सहज रूपमा आवतजावत भइरहेको थियो। वेला-वेला दुवै देशको निर्वाचन र आपत्काल मात्र यो नाकामा परिचय खुल्ने कागजात माग गर्ने गरिएको थियो।

झापा-मोरङलगायत जिल्लाको सीमाक्षेत्रमा रोहिंग्या र बंगालादेशीलगायत अवैध आप्रवासी आवागमनको प्रभाव छैन। हालसम्म यो नाकाबाट पश्चिम बंगालीबाहेक आप्रवासनका लागि रोहिंग्या नेपाल प्रवेश गरेको खुलेको छैन। पश्चिम बंगालको मुस्लिम बहुल क्षेत्र माल्दाबाट १९९ किमिको दूरीमा पर्ने विराटनगरको जोगबनी नाकासम्म कोलकाता एक्सप्रेसको रेल रुट छ।

सर्टिफिकेट हरायो

मिति २०८२/७/१ गते बानेश्वर देखि बल्खुसम्म जाँदा HSEB बाट जारी भएको मेरो निम्न ब्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध छ।

नाम : अजय कुमार जयस्वाल
Reg.No.: 683401006
Symbol No. : 23400006
Contact : 9845552390

सांग्रिला इनर्जी लिमिटेड

का.जि.का.म.न.पा. वडा नं. १, नक्साल, काठमाडौं।

विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२७

आदरणिय शेयरधनी महानुभावहरू,

यस सांग्रिला इनर्जी लिमिटेडको सञ्चालक समितिको मिति २०८३/०१/२५ गतेको ८औं बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८३ साल ज्येष्ठ ११ गते, सोमबार (तदनुसार २०२६/०५/२५)
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.जि. का. म.न.पा. वडा नं. १, नक्साल, काठमाडौं।
समय : बिहानको ११:०० बजे।

छलफलका गर्ने विषयहरू :

क) विशेष प्रस्तावहरू :

१. कम्पनी ऐन २०६३ को दफा २९ बमोजिम यस कम्पनीको शेयर प्रिमियम मुल्यमा बिक्री गर्ने सम्बन्धमा।
२. कम्पनीको अधिकृत पूँजी बृद्धि गरी कम्पनीको प्रबन्धपत्रको दफा ५ को (क) तथा नियमावलीको नियम ५ को (क) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने।

ख) विविध।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी अध्यक्ष

काठमाडौंका...

पृष्ठ १ बाट क्रमशः

आन्दोलनका क्रममा हिरासत तोडेर फरार भएका थिए। त्यसवेला उनीहरू दुवै काठमाडौंपरिसरको हिरासतमा रहेका थिए।

त्यस्तै, बुढानीलकण्ठ नगरपालिका- ५, देउवा चोकस्थित एक अटो वर्कसपबाट लागुऔषध कारोबार भइरहेको सूचनापछि ब्युरोको टोलीले करिब एक महिना सूक्ष्म निगरानी गर्‍यो। प्रमाण फेला परेपछि प्रहरीले वर्कसपमा छापा मारी २३ वर्षीय करिब देउलालाई नियन्त्रणमा लियो। उनकै सम्पर्कमा रहेका ४२ वर्षीय सविन पोडे, २६ वर्षीय संसार सिटौला र सुवास शाही पनि पक्राउ परे।

उनीहरूको साथबाट ट्रामाडोलका १६ हजार ७५० ट्याब्लेट बरामद हुनुका साथै एउटा पेस्तोल, तीनवटा म्यागजिन र ६ राउन्ड गोलीसमेत फेला पर्‍यो। अनुसन्धानमा उनीहरू पनि एउटै गिरोहका सदस्य भएको खुलेको छ, जसको लक्ष्य काठमाडौंका युवालाई लागुऔषध बिक्री गर्नु थियो।

यसैगरी, नागढुंगा नाकाबाट पिप्लामोड हुँदै लागुऔषध ओसारपसार भइरहेको सूचनापछि प्रहरीले एम्बुस थापेर बा.प्र. ०२-०५७ प १५१५ नम्बरको मोटरसाइकल र बा.७२प ६६२७ नम्बरको स्कुटर रोकेको थियो। त्यसक्रममा २० वर्षीय राजकुमार पटेल र १८ वर्षीय नर्बु शेर्पा पक्राउ परे।

खानतलासी गर्दा ट्रामाडोलका १४ हजार ७६० ट्याब्लेट बरामद भयो। अनुसन्धानले उनीहरू पनि एउटै गिरोहका फरक-फरक सदस्य भएको देखायो, जसको उद्देश्य उपत्यकाका युवालाई लागुऔषध बिक्री गर्नु नै थियो।

लागुऔषध कारोबारीविरुद्ध प्रहरीले सञ्चालन गरेका यस्ता अपरेसनहरू प्रतिनिधिमूलक मात्र हुन्। काठमाडौं उपत्यकामा यस्ता घटनाबाट दैनिकजसो ठुलो परिमाणमा लागुऔषध बरामद हुँदै आएको प्रहरी तथ्यांकले देखाउँछ।

औषधिजन्य लागुऔषधको मात्र तथ्यांक हेर्दा गत वर्ष देशभरबाट प्रहरीले २७ लाख ९५ हजार ८९९ एम्पुल/ट्याब्लेट/क्याप्सुल बरामद गरेको थियो। जसमध्ये १२ लाख ५८ हजार २८ उपत्यकाभित्रै बरामद भएका थिए, जुन कुल परिमाणको ४४.९९ प्रतिशत हो। यो तथ्यांकले काठमाडौं उपत्यकाभित्र लागुऔषधको माग निरन्तर बढिरहेको देखाउँछ। माग र आपूर्तिको यही चक्रले उपत्यकामा लागुऔषध दुर्व्यसन भयावहस्तरमा पुगेको संकेत गर्छ।

लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी कृष्ण कोइराला पनि उपत्यकाभित्र लागुऔषध दुर्व्यसनीको संख्या उल्लेख्य रहेको स्वीकार गर्छन्। 'उपत्यकाभित्र जनसंख्याको चाप बढ्दो छ। त्यससँगै लागुऔषध दुर्व्यसनीको संख्या पनि बढ्नु स्वाभाविक हो। तर, उनीहरूको संख्या, बसोबास गर्ने ठाउँ र अवस्थाबारे यकिन तथ्यांक भने पर्याप्त उपलब्ध छैन,' उनले भने, 'उपत्यकामा ठुलो मात्रामा लागुऔषध बरामद हुनु स्वयंमा दुर्व्यसनीको उच्च मागको संकेत मान्नुपर्छ।'

अपरेसनका क्रममा पक्राउ परेका अभियुक्त र उनीहरूविरुद्ध दर्ता भएका मुद्दाको संख्याले पनि उपत्यकामा समस्या गहिरो रहेको देखाउँछ। गत आर्थिक वर्षको तथ्यांकअनुसार देशभर लागुऔषधसम्बन्धी सात हजार ८९० कारोबारी पक्राउ परेका थिए भने उनीहरूविरुद्ध पाँच हजार ६१ मुद्दा दर्ता भए। त्यसमध्ये उपत्यकाभित्र मात्रै एक हजार २५८ कारोबारी पक्राउ परे, जुन कुलको १५.९४ प्रतिशत हो। यस्तै, ७३९ मुद्दा दर्ता भए जुन १४.६० प्रतिशत हो। पक्राउ र मुद्दा दर्ताको यो अनुपातले पनि उपत्यकामा समस्या केन्द्रित भएको संकेत गर्छ। एसएसपी कोइरालाका थप्छन्, 'उपत्यकामा ठुलो परिमाणमा लागुऔषध बरामद हुनु, पक्राउ संख्या बढ्नु र मुद्दा दर्ता हुनु सबैले माग आपूर्तिको सिद्धान्त पुष्टि गर्छ। कारोबारीलाई पक्राउ पर्ने जोखिम थाहा छ। तैपनि उनीहरू जोखिम मोलेर कारोबार गर्छन्। यसको मुख्य कारण अत्यधिक माग हो। माग त्यहाँ हुन्छ जहाँ दुर्व्यसनी बढी हुन्छन्।'

गृह मन्त्रालयले वर्ष ०७६ मा गरेको अनुसन्धानअनुसार त्यसवेला बागमती प्रदेशभित्र मात्रै ४६ हजार ४८० थिए। नेपालमा प्रत्येक वर्ष ५.०६ प्रतिशतका दरले दुर्व्यसनी बढ्ने अनुमान छ। यस आधारमा अहिले बागमती प्रदेशमा मात्रै दुर्व्यसनीको संख्या ६२ हजार ४९६ पुगेको देखिन्छ। यो मुलुकभर रहेका कुल दुर्व्यसनीको ३५.६३ प्रतिशत हो। ०८२ सम्म मुलुकभर दुर्व्यसनीको संख्या एक लाख ७५ हजार ३८१ पुगेको अनुमान छ।

लागुऔषध नियन्त्रण ब्युरोका अनुसार बागमती प्रदेशभित्र रहेकामध्ये झन्डै ८० प्रतिशत दुर्व्यसनी काठमाडौं उपत्यकाभित्र छन्। यस आधारमा उपत्यकाभित्र मात्रै अहिले ४९ हजार ९९६ दुर्व्यसनी रहेको निष्कर्ष आउँछ। ०७६ मा मुलुकभर लागुऔषध दुर्व्यसनी एक लाख ३० हजार ४२४ थिए। प्रत्येक वर्ष ५.०६ प्रतिशतले बढ्दा अहिले यो संख्या एक लाख ७५ हजार ३८१ पुगेको देखिन्छ।

तथ्यांकअनुसार दुर्व्यसनीको संख्या सबैभन्दा धेरै बागमती प्रदेशमा रहेको देखिन्छ। त्यसपछि कोशी प्रदेशमा दुर्व्यसनीको संख्या धेरै छ। लुम्बिनी प्रदेशमा पनि दुर्व्यसनीको संख्या अधिक छ। मधेश, गण्डकी, सुदूरपश्चिम र कर्णाली प्रदेशमा पनि दुर्व्यसनीको संख्या बढ्दै गएको छ।

उपत्यकाका दुई महानगरमा छैन तथ्यांक

काठमाडौं उपत्यकाभित्रका तीन जिल्लामा २१ स्थानीय तह छन्। मुलुकभर रहेकामध्ये ३५.६३ प्रतिशत दुर्व्यसनी यिनै तहमा बस्ने गर्छन्। सरकारकै तथ्यांकले भन्छ- यो दर प्रत्येक वर्ष ५.०६ प्रतिशतले बढ्दै गइरहेको छ। तर, यसलाई नियन्त्रण गर्न स्थानीय सरकारले खासै चासो दिएको देखिन्न। दिए पनि ती गतिविधि कर्मकाण्डी मात्रै देखिन्छन्।

उपत्यकाको राजधानी मात्रै होइन, सबैभन्दा धेरै जनसंख्या रहेको काठमाडौं महानगरपालिकाले लागुऔषध दुर्व्यसनविरुद्ध सचेतना फैलाउने भन्दै प्रत्येक वर्ष १० लाख रुपैयाँ बजेट विनियोजन गर्छ। वडा तहमा सडक



गत फागुनमा काठमाडौंको चाबहिलमा लागुऔषध कारोबारीबाट प्रहरीले बरामद गरेको पिस्तोल र एम्फेटामाइन ड्रग्स

र्‍याली तथा प्रशिक्षणका केही कार्यक्रम गरेर ती बजेट सकिन्छन्। जसले न लागुऔषधको माग घटाउन मद्दत गरेको छ, न आपूर्तिकर्ताको र्‍याकेट नै भत्काउन सकेको छ। यतिसम्म कि महानगरका अधिकारीलाई आफ्नो तहमा रहेका दुर्व्यसनीको संख्यासमेत थाहा हुन्न। काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर भन्छन्, 'महानगरपालिकाभित्र कति दुर्व्यसनी छन् ? त्यसको विवरण थाहा छैन। दुर्व्यसन रोक्न कुनै कार्यक्रम पनि भएजस्तो लाग्दैन।'

उपत्यकाभित्रको दोस्रो ठुलो जनसंख्या रहेको स्थानीय तह हो, ललितपुर महानगरपालिका। उसले प्रत्येक वर्ष दुर्व्यसनविरुद्ध सचेतना दिने भन्दै दुई लाख रुपैयाँ बजेट विनियोजन गर्छ। तर, यो बजेटले दुर्व्यसन रोक्न त एक दिन सडक र्‍याली गर्न पनि पुग्दैन। महानगरपालिकाका मेयर चिरीबाबु श्रेष्ठ ललितपुर महानगरभित्र लागुऔषध दुर्व्यसन रोक्न सडक र्‍याली, विद्यालयमा पुगेर सचेतना दिनेलगायत कार्यक्रम हुने गरेको बताए। तर, दुर्व्यसनीको संख्या भने यकिन नभएको उनको भनाइ छ। उनले भने, 'हामी कहाँ लागुऔषध दुर्व्यसनविरुद्ध सचेतनाका धेरै कार्यक्रम हुँदै आएका छन्। दुर्व्यसनीको संख्याबारे यकिन तथ्यांक भने छैन। तर, हामी कहाँ त्यति ठुलो समस्या छजस्तो पनि लाग्दैन।'

बाँकी रहेका १९ मध्ये ११ स्थानीय तहले त लागुऔषध दुर्व्यसनविरुद्ध बजेटसमेत विनियायोजन गरेका छैनन्। बजेट विनियोजन नगर्ने स्थानीय तह ललितपुरको महांकाल, भक्तपुरको चाँगुनारायण, भक्तपुर र मध्यपुर ठिमी, काठमाडौंको कागेश्वरी मनोहरा, कीर्तिपुर, तारकेश्वर, दक्षिणकाली, नागार्जुन, बुढानीलकण्ठ र शंखरापुर नगरपालिका छन्।

कागेश्वरी मनोहराकी उपमेयर शान्त थापाले लागुऔषध दुर्व्यसनविरुद्ध केही सचेतना कार्यक्रम हुँदै आए पनि बजेट नै भने विनियोजन नगरिएको बताइन्। उनले भनिन्, 'लागुऔषध दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रम हुने गरेका छन्। तर, त्यो शीर्षकमा बजेट नै विनियोजन भएजस्तो लाग्दैन।'

बाँकी रहेका ललितपुरका गोदावरी, महालक्ष्मी, कोन्ज्योसोम, बागमती, काठमाडौंका गोकर्णेश्वर, चन्द्रागिरि र टोखा तथा भक्तपुरको सूर्यविनायक नगरपालिकाले भने थोरै भए पनि बजेट विनियोजन गरेको देखिन्छ।

प्रदेश र संघीय सरकार छैनन गम्भीर

अनियन्त्रित रूपमा बढिरहेको लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि सरकारसँग संरचनागत संयन्त्र भए पनि त्यसको प्रभावकारी कार्यान्वयन भने कमजोर देखिन्छ। गृहमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय लागुऔषध नियन्त्रण राष्ट्रिय निर्देशन तथा समन्वय समिति रहने व्यवस्था छ। त्यसले पर्याप्त नदेखिएपछि गृहसचिवको संयोजकत्वमा लागुऔषध नियन्त्रण कार्यकारी समिति गठन गरिएको छ। यसलाई थप प्रभावकारी बनाउन गृह मन्त्रालयकै सहसचिवलाई प्रमुख लागुऔषध नियन्त्रण अधिकारी तोकिएको छ। मन्त्रालयभित्र छुट्टै लागुऔषध नियन्त्रण शाखासमेत छ। त्यस्तै, नेपाल प्रहरीमातहत लागुऔषध नियन्त्रण ब्युरो, स्थानीय प्रहरी एकाइ, सशस्त्र प्रहरी बल तथा जिल्ला प्रशासन कार्यालयले समेत लागुऔषध नियन्त्रणका गतिविधि सञ्चालन गर्न सक्ने व्यवस्था छ।

संरचना धेरै भए पनि स्रोत-साधनको अभावले काम प्रभावकारी हुन सकेको छैन। लागुऔषध नियन्त्रण ब्युरो यसको स्पष्ट उदाहरण हो। राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय गिरोह पहिचान गरी नियन्त्रण गर्ने जिम्मेवारी ब्युरोलाई दिइएको छ, तर यसको आफ्नै स्थायी भवन छैन। पर्याप्त दरबन्दी र भौतिक पूर्वाधार पनि अभावमै छन्। सरकारले ब्युरोका लागि एसएसपीसहित ७८ जनाको दरबन्दी तोकेको छ। यही सीमित जनशक्तिबाट ब्युरोले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका गिरोहविरुद्ध अपरेसन सञ्चालन गर्नुपर्ने बाध्यता छ।

सूचना संकलन लागुऔषध नियन्त्रणमा सबैभन्दा महत्त्वपूर्ण पक्ष मानिन्छ। तर, सूचना खरिदका लागि आवश्यक बजेट अत्यन्त न्यून छ। ब्युरोलाई वार्षिक रूपमा जम्मा पाँच लाख रुपैयाँ मात्र विनियोजन गरिन्छ। एक अधिकारीका अनुसार, 'सरकारले एकमुस्ट पाँच लाख रुपैयाँ दिन्छ। यो रकमले त एउटा अपरेसनको खर्च पनि धान्दैन।'

गृहप्रवक्ता आनन्द काफ्ले मुलुकभर लागुऔषध दुर्व्यसनीको संख्या सोचेभन्दा भयावह रहेको बताउँछन्। उनी भन्छन्, '०७६ मा गरिएको सर्वेक्षणले मुलुभर एक लाख ३० हजारहाराहारीमा दुर्व्यसनी रहेको देखाउँछ। प्रत्येक वर्ष ५.०६ का दरले दुर्व्यसनी बढ्ने गर्छ। यही दरमा बढ्दा मुलुकभर झन्डै दुई लाखहराहारीमा दुर्व्यसनी पुग्न सक्छन्। तर, मुलुकभर योभन्दा ठुलो संख्यामा दुर्व्यसनी रहेका छन्। जसको अवस्था भयावह छ।'

मुलुकभर झन्डै दुई लाख दुर्व्यसनी

गृहले गरेको ०७६ मा गरेको सर्वेक्षणअनुसार मुलुकभर लागुऔषध दुर्व्यसनीको संख्या एक लाख ३० हजार ४२४ थियो। उक्त सर्वेक्षणले प्रत्येक वर्ष ५.०६ प्रतिशतले दुर्व्यसनी बढेको देखाएको थियो। यसलाई आधार मान्दा ०८२ सम्म मुलकुभर दुर्व्यसनीको संख्या एक लाख ७५ हजार ३८१ पुगेको देखिन्छ। यो ०७६ को भन्दा ४४ हजार ९५७ ले धेरै हो।

तथ्यांकअनुसार दुर्व्यसनीको संख्या सबैभन्दा धेरै बागमती प्रदेशमा रहेको देखिन्छ। ०७६ मा यो संख्या ४६ हजार ४८० थियो। ०८२ मा यो बढेर ६२ हजार ४९६ पुगेको देखिन्छ। त्यसपछि कोशी प्रदेशमा दुर्व्यसनीको संख्या धेरै छ। ०७६ मा उक्त प्रदेशमा २७ हजार ६०४ दुर्व्यसनी थिए, ०८२ मा यो संख्या ३७ हजार ११८ पुगेको देखिन्छ। लुम्बिनी प्रदेशमा पनि दुर्व्यसनीको संख्या अधिक छ। ०७६ मा यो संख्या २५ हजार ९३० थियो भने ०८२ मा यो बढेर ३४ हजार ८७४ पुगेको छ। त्यस्तै, मधेश प्रदेशमा ०७६ मा १५ हजार ८४२ दुर्व्यसनी थिए। ०८२ मा आइपुग्दा यो संख्या २१ हजार २९८ पुगेको छ।

गण्डकीमा ०७६ मा दुर्व्यसनी आठ हजार ९५४ थिए। ०८२ मा यो संख्या १२ हजार ३९ पुगेको देखिन्छ। सुदूरपश्चिम प्रदेशमा दुर्व्यसनी ०७६ मा तीन हजार ८०४ थियो। ०८२ मा यो संख्या बढेर पाँच हजार १२८ पुगेको छ। कर्णाली प्रदेशमा यस्ता दुर्व्यसनी ०७६ मा एक हजार ८१० थिए भने ०८२ मा बढेर दुई हजार ४२८ पुगेको छ। गृहप्रवक्ता आनन्द काफ्ले मुलुकभर लागुऔषध दुर्व्यसनीको संख्या सोचेभन्दा भयावह रहेको बताउँछन्। उनी भन्छन्, '०७६ मा गरिएको सर्वेक्षणले मुलुभर एक लाख ३० हजारको हारहारीमा दुर्व्यसनी रहेको देखाउँछ। प्रत्येक वर्ष ५.०६ का दरले दुर्व्यसनी बढ्ने गर्छ। यही दरमा बढ्दा मुलुकभर झन्डै दुई लाखको हराहारीमा दुर्व्यसनी पुग्न सक्छन्। तर, मुलुकभर यो भन्दा ठुलो संख्यामा दुर्व्यसनी रहेका छन्। जसको अवस्था भयावह छ।'

■ क्रियाशील सदस्यताले कांग्रेसमा किचलो कायमै

देउवा र कोइराला पक्ष अद्यावधिक नगर्ने अडानमा, तीव्र गतिमा अघि बढाउँदै संस्थापन

प्रेम गौतम/नयाँ पत्रिका

इतरपक्षको असहमतिका बाबजुद कांग्रेसले १५औँ महाधिवेशनलाई लक्षित गर्दै देशभरका ६ हजार ७४३ वटै वडामा क्रियाशील सदस्यता अद्यावधिक कार्यलाई तीव्रता दिएको छ। देशभरबाट क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्यका लागि केन्द्रीय नेताहरू खटिएका छन्। वडास्तरबाटै अद्यावधिक थालिएकाले यकिन संख्या भने आउन बाँकी रहेको कांग्रेसले जनाएको छ।

केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले क्रियाशील सदस्यहरूलाई आफ्नो आधिकारिक मोबाइल नम्बर पार्टीको केन्द्रीय कार्यालयको आधिकारिक नम्बरमा सूचीकृत गराउन सूचना जारी गरेर आग्रह गरेका छन्। '१५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यता अद्यावधिक गराउने प्रक्रियामा आफ्नो आधिकारिक मोबाइल नम्बरमार्फत नेपाली कांग्रेस केन्द्रीय कार्यालयको आधिकारिक मोबाइल नम्बर ९७०१२५५५५५ मा आफ्नो मोबाइल नम्बर सूचीकृत गराउन एकपटक सम्पर्क गर्न कांग्रेसका सम्पूर्ण क्रियाशील सदस्यहरूलाई अनुरोध गरिन्छ,' सूचनामा भनिएको छ। सदस्यहरूले एकपटक उक्त नम्बरमा सम्पर्क गरी आफ्नो मोबाइल नम्बर दर्ता गराएपछि वडा सभापतिमार्फत क्रियाशील सदस्यता अद्यावधिक गर्ने प्रक्रिया सहज, छिटो तथा व्यवस्थित हुने दुलालले बताए।

कांग्रेसले सदस्यता अद्यावधिक कार्यलाई जारी राखे पनि निवर्तमान सभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला पक्ष सहभागी भएको छैन। दुवै पक्षले एउटै महाधिवेशनका लागि दोहोऱ्याएर सदस्यता अद्यावधिक गर्न नपर्ने अडान राखेका छन्।

गत बुधबार सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्मा निवर्तमान सभापति पूर्णबहादुर खड्काको निवास गोल्फुटारमै पुगेर करिब डेढ घण्टा छलफल गरेका थिए। उनीहरूबिच आन्तरिक एकता कायम राखेर अगाडि बढ्ने समझदारी बनेको थियो। तर, व्यवहारमा भने दुवै पक्ष फरक रणनीतिसहित अघि बढेका छन्।

इतरपक्षले अदालतले मान्यता दिएकाले विशेष महाधिवेशनको नेतृत्वलाई स्विकार्ने, तर १४औँ महाधिवेशनबाट निर्वाचित पक्षलाई १५औँ महाधिवेशनमा निर्वाध रूपमा भाग लिने वातावरण बनाउनुपर्ने, विधानमा गरिएका कतिपय हेरफेरका कतिपय विषयमा छलफल गरेर टुंग्याउनुपर्ने, क्रियाशील सदस्यता व्यवस्थापन समितिका साथै १५औँ महाधिवेशन आयोजनक समितिमा सम्मानजक हैसियत हुनुपर्ने अडान राखेको छ।

'राजनीतिक रूपमा पार्टीभित्र रहेको समस्याको समाधान हुनुपर्छ। १५औँ महाधिवेशन निष्पक्ष, सम्मानजनक र स्वामित्वसहित हुने अवस्था सुनिश्चित गर्नुपर्छ। त्यसका लागि एउटा सहमतिको संयन्त्रले अधिवेशन सम्पन्न गर्ने, निर्वाचन प्रक्रिया अगाडि बढाउने, सक्रिय सदस्यताको टुंगो लगाउने काम गर्नुपर्छ,' नेता डा. प्रकाशशरण महतले भने, 'यसरी १५औँ महाधिवेशन भयो भने नेतृत्वमा जो आए पनि सबैले सहर्ष स्वीकार्ने अवस्था बन्छ। अदालतबाट मान्यता पाएको पक्षले यसको पहलकदमी लिनुपर्छ।'



● **डा. प्रकाशशरण महत**, देउवापक्षका नेता



१५औँ महाधिवेशन निष्पक्ष, सम्मानजनक र स्वामित्वसहित हुने अवस्था सुनिश्चित गर्नुपर्छ। त्यसका लागि सहमतिको संयन्त्रले अधिवेशन सम्पन्न गर्ने, निर्वाचन प्रक्रिया अगाडि बढाउने, सक्रिय सदस्यताको टुंगो लगाउने काम गर्नुपर्छ। अदालतबाट मान्यता पाएको पक्षले यसको पहलकदमी लिनुपर्छ।

● **गुरुराज घिमिरे**, महामन्त्री



सबै सदस्यको अभिलेख डिजिटल रूपमा राख्न सदस्यता अधियान चलाइएको हो। यसमा कांग्रेसका सबै सदस्यको अभिलेख रहन्छ। सभापति र उपसभापतिले पनि सम्बन्धित भूगोलमै गएर अद्यावधिक गर्नुभएको छ। सबै सदस्यले अद्यावधिक गर्नुपर्छ। यसमा पक्ष र विपक्ष भन्ने प्रश्नै आउँदैन।

शीर्ष नेताहरूको छलफलमा समझदारीमा अगाडि बढ्ने सहमति भए पनि संस्थापन पक्ष एकलौटी रूपमा अगाडि बढेको इतरपक्षको दाबी छ। 'लोकतान्त्रिक पार्टी कांग्रेसको सदस्यता खेलाचीको विषय होइन। १५औँ महाधिवेशनका लागि हामीले सदस्यता अद्यावधिक गरिसकेका छौं। अब फेरि सोही काम दोहोऱ्याएर गर्नुपर्ने किन ?' नेता आनन्द ढुंगानाले प्रश्न गरे, 'समस्या समाधानका अगाडि बढ्ने कि भन दूरी बढाउने ?, सबैले अपनत्व लिने वातावरण बनेन भने त्यसले समस्या खडा गर्छ।'

संस्थापन पक्षले भने सदस्यता प्रणालीलाई व्यवस्थित बनाउन डिजिटल अद्यावधिक अभियान चलाएको दाबी गरेको छ। 'सबै सदस्यको अभिलेख डिजिटल रूपमा राख्न सदस्यता अधियान चलाइएको हो। यसमा कांग्रेसका सबै सदस्यको अभिलेख रहन्छ। सभापति र उपसभापतिले पनि सम्बन्धित भूगोलमै गएर अद्यावधिक गर्नुभएको छ। सबै सदस्यले अद्यावधिक गर्नुपर्छ। यसमा पक्ष र विपक्ष भन्ने प्रश्नै आउँदैन,' महामन्त्री गुरुराज घिमिरेले भने। एकपटक अद्यावधिक गरिसकेपछि डिजिटल रूपमै नवीकरण गर्न मिल्ने उनले बताए। समयको मागअनुसार पार्टीलाई चुस्तदुरुस्त पार्नका लागि पनि सदस्यता अद्यावधिक जरुरी रहेको उनले बताए।

■ इतर पक्षले खटायो सातै प्रदेशमा नेता


कांग्रेसको संस्थापनइतर पक्ष सातै प्रदेशमा सक्रिय हुने भएको छ। छुट्टै पार्टीको झल्को दिने गरी इतरपक्षले प्रदेशगत रूपमा नेताहरूलाई जिम्मेवारी दिइएको छ। सो समूहले सदस्यता अद्यावधिक र जरा अभियान अवज्ञा गर्ने रणनीति लिएको छ। सोहीअनुसार प्रदेशगत रूपमा छलफल र समन्वय गर्ने जिम्मेवारी तोकिएको छ। कोशीमा कृष्णप्रसाद सिटौला, मधेशमा आनन्द ढुंगाना, बागमतीमा प्रकाशमान सिंह र प्रकाशशरण महत, गण्डकीमा मेखलाल श्रेष्ठ, लुम्बिनीमा किशोरसिंह राठौर, कर्णालीमा जीवनबहादुर शाही र सुदूरपश्चिममा एनपी साउदलाई जिम्मा दिइएको छ। उनीहरूले सम्बन्धित प्रदेशमा छलफल र भेलाको संयोजन गर्नेछन्।

जरा अभियान पूर्वाग्रही ढंगले सञ्चालन गरेकाले त्यसलाई अवज्ञा गर्ने रणनीतिअन्तर्गत प्रदेशस्तरमा सक्रिय हुने निर्णयमा इतरपक्ष पुगेको हो। १५औँ महाधिवेशनका लागि साझा अभियान सञ्चालन हुनुपर्नेमा इतरपक्षको जोड छ।

■ विशेष महाधिवेशनपछि सुदूरपश्चिममा कांग्रेसको पहिलो भेला

चुनावमा असहयोग गर्नेलाई जिम्मेवारीबाट हटाउँछौं : गगन

धनगढीमा **तेजराज भट्ट**



कांग्रेस सभापति गगन थापाले चुनावमा पार्टीका उम्मेदवारलाई सहयोग नगरेका नेताहरूलाई कारबाही गरिने बताएका छन्। विशेष महाधिवेशन र निर्वाचनपछि सुदूरपश्चिममा पहिलोपटक आयोजित प्रदेशस्तरीय भेला तथा प्रशिक्षण कार्यक्रममा उनले पार्टी जिम्मेवारीमा रहेर पार्टीकै उम्मेदवारलाई भोट नहालेका नेताहरूलाई केही समय जिम्मेवारी बाहिर राखिने बताए।

'कांग्रेसको क्रियाशील सदस्य हुने, नेता हुने, कांग्रेसको तर्फबाट सांसद बन्ने, मन्त्री बन्ने, महाधिवेशन प्रतिनिधि हुने, तर मलाई उम्मेदवार मन परेन, त्यसकारण अर्कै चिन्हमा भोट हालें भन्न पाइँदैन,' थापाले भने, 'जसले यो निर्वाचनमा पार्टीको जिम्मेवारीमा बसेर उम्मेदवारलाई असहयोग गर्नुभो, उहाँलाई केही समय त्यो जिम्मेवारीबाट बाहिर राख्नैपर्छ, राखिन्छ। यसमा कहाँ, को कुनै इफ, बट केही पनि छैन।'

पार्टीको क्रियाशील सदस्यता अद्यावधिकको काम अगाडि नबढाउने कमिटीका पदाधिकारीलाई पनि जिम्मेवारीबाट हटाइने उनले बताए। निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले क्रियाशील सदस्यता अद्यावधिकप्रति असहमति जनाउँदै आएको छ। 'प्रत्येक सदस्यको डिजिटल पहिचान पार्टी कार्यालयसँग जोड्न खोजेको हो। यो कुरा गर्नलाई आपत्ति जनाउनुपर्ने केही पनि छैन,' थापाले भने, 'कुनै पनि तहको चाहे जिल्ला सभापति होस्, चाहे क्षेत्रीय होस्, चाहे वडा सभापति, कसैले पनि म अपडेट अगाडि बढाउँदैन भन्छ भने त्यो साथी बदलिन्छ, उसको ठाउँमा नयाँ साथी आउँछ। यसमा तलमाथि केही कुरा छैन।' थापाले क्रियाशील सदस्यता अपडेटमा आपत्ति जनाउनुपर्ने कारण नरहेको भन्दै यो काम नरोकिने प्रस्ट पारेका छन्।

उपसभापति विश्वप्रकाश शर्माले पार्टी नयाँ ढंगले जान खोजेको बताए। उनले पार्टी एक रहेको सन्देश सुदूरपश्चिमबाट दिन आग्रह गरे। चुनावमा पराजित भए पनि आगामी चुनावमा तयारी गर्ने अवसरमा यसलाई लिनुपर्ने उनले बताए। 'हाम्रो अभिभावकको रूपमा शेरबहादुर दाइको जुन राष्ट्रिय रूपमा उचाइ अझै बनाउनुपर्थ्यो, त्यो बनाउन चुक्यौं, तर त्यसको बाबजुद पनि आज गगनजी सभापति भइसकेपछि पनि हामी उत्तिकै श्रद्धाका साथ उहाँलाई सम्झिन्छौं,' शर्माले भने। महामन्त्री गुरुराज घिमिरेले देशको नयाँ पुस्ता र कार्यकर्ताको मागअनुसार विशेष महाधिवेशन गरेर पार्टीको नेतृत्व परिवर्तन गरिएको बताए।

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले निवर्तमान सभापति देउवालाई पार्टीले टिकट नदिएको विषय उठाए। उनले देउवालाई किन टिकट नदिएको भनेर सभापति थापासँग मञ्चबाट प्रश्न गरे। 'आदरणीय नेता शेरबहादुर देउवालाई टिकटबाट वञ्चित गर्दैगर्दा त्यो स्वाभाविक थियो कि अस्वाभाविक थियो ?' उनले भने, आदरणीय नेता शेरबहादुर देउवालाई टिकटबाट किन बञ्चित गरियो म उत्तर चाहन्छु।'

कांग्रेस प्रशिक्षण कार्यक्रम दुई दिनसम्म सञ्चालन हुँदै छ। भेलाको पहिलो दिन गत निर्वाचनमा कांग्रेसबाट यो प्रदेशका विभिन्न क्षेत्रका उम्मेदवार र जिल्ला सभापतिहरूले निर्वाचनको समीक्षा प्रस्तुत गरे। कञ्चनपुर ३ का उम्मेदवार हरिप्रसाद बोहरा, अछाम २ बाट पराजित जिल्ला सभापति पुष्पबहादुर शाह, डडेल्धुराबाट उम्मेदवार बनेका नैनसिंह महर, दार्चुलाका उम्मेदवार धर्मानन्द जोशीलगायतले चुनावी समीक्षा प्रस्तुत गरेका थिए। कतिपय उम्मेदवार र जिल्ला सभापतिले पार्टीको आन्तरिक एकता मजबुत भए पनि अहिलेको लहरका कारण चुनावमा पराजय भोग्नुपरेको बताए। सुदूरपश्चिमका १६ मध्ये कांग्रेसले तीन सिट जितेको थियो।

संक्षेप

सांसदलाई रास्वपाको दुईदिने प्रशिक्षण

काठमाडौं/ सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीले बजेट अधिवेशनको सँघारमा सांसदहरूलाई दुईदिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ। ललितपुरको जावलाखेलस्थित स्टाफ कलेजमा रास्वपाको प्रशिक्षण विभागले संसदीय दलसँगको समन्वयमा दुईदिने प्रशिक्षण कार्यक्रम आयोजना गरेको हो। आइतबारसम्म चल्ने प्रशिक्षणको उद्घाटन उपसभापति तथा अर्थमन्त्री स्वर्णिम वाग्लेले गरे। 'सक्षम सांसद, सशक्त संसद्' नाम दिएर आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटन समारोहका दिन महामन्त्री भूपदेव शाहले पार्टी, सरकार र सदनबिचको समन्वय, दलका उपनेता गणेश पराजुलीले संसदीय समितिमा सांसदको भूमिका, सचेतक निशा डाँगीले संसदीय अभ्यास र दलीय समन्वयमा सचेतकीय भूमिकाबारे प्रशिक्षण दिएकी थिइन्। महामन्त्री शाहले सांसदहरूको क्षमता अभिवृद्धि गरेर संसद्भित्र र बाहिर दुवैतिर बलियो उपस्थिति बनाउन पार्टीको आयोजनामा प्रशिक्षण कार्यक्रम आयोजना गरिएको बताए। 'माननीयहरूको क्षमता अभिवृद्धि होस्, संसद्भित्र र बाहिर दुवैतिर बलियो उपस्थिति रहोस् भन्ने उद्देश्यले पार्टीले प्रशिक्षण कार्यक्रम आयोजना गरेको हो,' शाहले भने।

मेयर हमालको चार वर्षको तलब सामाजिक कार्यमा खर्च

धनगढी/ धनगढी उपमहानगरपालिका प्रमुख गोपाल हमालले नगरप्रमुखको हैसियतले चार वर्षको अवधिमा पाएको तलब सामाजिक काममा खर्च गरेका छन्। उनले आफूले पाउने तलबवापतको रकम विपन्न वर्गका बालबालिकाको शिक्षा, गौसंरक्षणलगायत सामाजिक काममा खर्च गर्दै आएका छन्। हालसम्मको तलब खर्च र यस वर्ष त्यसमा व्यक्तिगत रूपमा केही रकम थप गरेर सामाजिक कार्यमा खर्च गरेको रकम ४४ लाख रुपैयाँ पुग्ने उनले जानकारी दिए। यो आर्थिक वर्षसमेत गरी चार वर्षको अवधिमा हमालले तलबवापत पाएको रकम ३८ लाख ८२ हजार ८७३ रुपैयाँ पुग्नेछ। तलबमध्ये उनले २३ लाख ९७ हजार ६७८ रुपैयाँ सामाजिक कार्यमा खर्च गरिसकेका छन्। तलबको बाँकी रकम २० लाख दुई हजार ३२१ रुपैयाँमा व्यक्तिगततर्फबाट पाँच लाख १७ हजार १२६ रुपैयाँ थप गरी मेयर भएदेखि यस वर्षसम्म सामाजिक कार्यमा खर्च गरेको रकम ४४ लाख रुपैयाँ पुग्ने हमालले बताए। धनगढीका सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न वर्गका विद्यार्थी, दृष्टिविहीन बालबालिकालाई शैक्षिक सामग्री तथा न्यानो लुगा वितरण, गौशाला संरक्षणलगायत कार्यमा आफ्नो तलब खर्च गरेका हुन्। नगरप्रमुखमा निर्वाचित भएको आर्थिक वर्ष ०७८/७९ मा मा उनले एक लाख ३७ हजार २७३ रुपैयाँ तलब पाएका थिए।

बर्दियाका तीन पालिका दमकलविहीन

बर्दिया/ स्थानीय तहको प्राथमिकतामा नपर्दा बर्दियाका तीन पालिका दमकलविहीन अवस्थामा छन्। बारबर्दिया नगर पालिका, गेरुवा र बढैयाताल गाउँपालिकाको प्राथमिकतामा नगर्दा पालिका दमकलविहीन अवस्थामा रहेका हुन्। प्राकृतिक विपत् आगलागी नियन्त्रणका लागि दमकलको भूमिका महत्त्वपूर्ण हुन्छ। तर, स्थानीय तह बनेको करिब नौ वर्ष हुँदासमेत स्थानीय तहले दमकल ल्याउन पहल गरेका छैनन्। आगलागी भएको स्थानका समयमा दमकल पुग्न नसक्दा धनजनको क्षति हुने गरेको छ। बर्दियाका आठ स्थानीय तहमध्ये गुलरिया, ठाकुरबाबा, मधुवन, बाँसगढी र राजापुर नगरपालिकामा दमकल रहेको र अन्य तीन पालिकामा दमकल नभएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

वन मन्त्रालय गाभ्ने निर्णयविरुद्ध असन्तुष्टि

मकवानपुर/ हाल कायम मन्त्रालय संख्या घटाएर चालुतर्फको खर्च करिब पाँच अर्ब रूपैयाँसम्म कटौती गर्ने लक्ष्य राखेको बागमती प्रदेश सरकारको निर्णयविरुद्ध वन प्राविधिक, सामुदायिक वन उपभोक्ता तथा सरोकारवालाहरूले असन्तुष्टि जनाएका छन्। बागमती प्रदेश सरकारले मन्त्रालय संख्या १४ बाट घटाएर आठमा सीमित गर्ने निर्णय गरेपछि वन तथा वातावरण मन्त्रालयलाई कृषि तथा पशुपन्छी मन्त्रालयसँग गाभ्ने निर्णय गरेको थियो। तर, नेपाल वन प्राविधिक संघ, बागमती प्रदेश कार्यसमितिले मन्त्रालय संख्या घटाउने सरकारको निर्णयलाई समग्र रूपमा सकारात्मक माने पनि वन तथा वातावरण मन्त्रालयलाई कृषिसँग गाभ्ने निर्णय अव्यावहारिक र अनुपयुक्त भएको भन्दै विरोध जनाएको छ।

प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले आगामी १ साउनदेखि लागू हुनेगरी मन्त्रालय संख्या घटाउने निर्णय गरिसकेको छ। सोही निर्णयअनुसार अब कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय बनाउने तयारी गरिएको छ। तर प्रदेशभर कार्यरत वन प्राविधिक, सामुदायिक वन उपभोक्ता तथा वन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूले वन तथा वातावरण मन्त्रालयको छुट्टै अस्तित्व कायम राख्न माग गरेका छन्। नेपाल वन प्राविधिक संघ बागमती प्रदेशका अध्यक्ष उत्तम चापागाईले वन मन्त्रालयलाई कृषिसँग गाभ्ने निर्णयले वन क्षेत्रको प्रभावकारी व्यवस्थापनमा गम्भीर असर पर्ने दावी गरे। फरक प्रकृतिका मन्त्रालयलाई एउटै बनाउँदा सेवा प्रवाह कमजोर हुने उनको दाबी छ। 'वन तथा वातावरण मन्त्रालयलाई कृषि तथा पशुपन्छी मन्त्रालयमा गाभी सेवा प्रवाह गर्ने प्रस्ताव उपयुक्त नभएको हाम्रो ठहर छ,' उनले भने, 'कृषि मन्त्रालय निजी सम्पत्ति र उत्पादनमुखी कार्यमा केन्द्रित हुन्छ भने वन मन्त्रालय सार्वजनिक सम्पत्ति र संरक्षणमुखी कार्यमा केन्द्रित हुन्छ। दुवै मन्त्रालयको उद्देश्य र कार्यशैलीमा मौलिक भिन्नता छ।'

चापागाईले नेपालको संविधानले वनसम्बन्धी नीतिगत कार्य संघमा राखे पनि अधिकांश अधिकार प्रदेशलाई प्रत्यायोजन गरेको उल्लेख गर्दै संघीय तहमा समेत वन तथा वातावरण मन्त्रालय छुट्टै रूपमा कायम रहेको बताए। उनका अनुसार मन्त्रालयले वातावरण संरक्षण, जैविक विविधता व्यवस्थापन, भू-क्षय नियन्त्रण तथा अर्धन्यायिक प्रकृतिका जटिल काम गर्दै आएको छ। प्रदेश स्थापनाकालदेखि नै वन क्षेत्रमा ठूलो जनशक्ति र भौतिक सम्पत्ति हस्तान्तरण भई निरन्तर सेवा प्रवाह भइरहेको अवस्थामा मन्त्रालय गाभ्दा जनताले पाउने सेवा प्रभावित हुने उनको भनाइ छ। 'सीमित जनशक्ति भएका मन्त्रालय कायम राखेर हजारौं कर्मचारी संलग्न र व्यापक कार्यक्षेत्र भएको वन मन्त्रालयलाई गाभ्नु न्यायोचित हुँदैन,' उनले भने।

संविधानविरुद्ध गरिने काम क्रान्ति वा परिवर्तन हुन सक्दैन : मल्ल

नयाँ पत्रिका



कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले संविधानविरुद्ध गरिने कामलाई क्रान्ति वा परिवर्तन भन्न नमिल्ने टिप्पणी गरेकी छिन्। बिहीबार संवैधानिक परिषद्ले सर्वोच्चका न्यायाधीश मनोजकुमार शर्मालाई भावी प्रधानन्यायाधीशका रूपमा सिफारिस गरेकोमा यसै विषयमा उनको यस्तो धारणा आएको आकलन गरिएको छ।

कानुन दिवसका अवसरमा शनिबार सर्वोच्चले आयोजना गरेको कार्यक्रममा उनले भनिन्, 'एउटालाई खाने बाघले अर्कोलाई नखाला भन्न सकिँदैन। संविधानलाई यथास्थितिमा राखेर संविधानकै विरुद्धमा गरिने काम क्रान्ति वा परिवर्तन हुन सक्दैन। संविधान विरूप बनाएर संविधानको सरोकारवाला सञ्चालकको रूप सिँगार्न सकिँदैन।' न्यायाधीश शर्माविरुद्ध संसदीय सुनुवाइ समितिले उजुरी आह्वान गरेको छ भने प्रकाशमानसिंह राउतको अवकाशपछि वरिष्ठताको हैसियतमा हाल कायममुकायमको जिम्मेवारी मल्लले नै सम्हालेकी छिन्।

मल्लले संविधानको उल्लंघन गर्नेहरूलाई संविधानविरुद्ध उत्तरदायी नबनाएसम्म संविधानको बफादार कार्यान्वयन पनि हुन नसक्ने टिप्पणी गरिन्। 'संरचना भत्काएर परिवर्तन रोज्ने बहानामा आफ्नो परिवेशको उत्कृष्टता स्थापना गर्ने प्रयासले सत्तामा रहनेको धित मर्ला। तर, विधि र विधिसंगत होस् भन्ने अपेक्षा गर्नेहरूको सपना भंग हुन्छ। विधि र वैधानिक परम्पराको हत्या गरेर गरिने स्वार्थप्रेरित कार्यहरूले निरंकुशताको झल्को दिन्छ,' उनले भनिन्।

औचित्यको नाममा विधिमा छेडखानी गर्ने कार्य स्वेच्छाचारिता रहेको टिप्पणी गर्दै मल्लले शासकको यो स्वभाव नै भए पनि विधिको शासन मान्नेहरूका निम्ति सह्य नहुने टिप्पणी गरिन्। प्रधानन्यायाधीश सिफारिसप्रति इंगित गर्दै उनले थपिन्, 'यो सबै प्रक्रियामा मनन् गर्ने कुरा के हो भने विधिको शासनविरुद्ध उठ्ने आँट र प्रतिबद्धता सबैले गर्न सक्नुपर्छ। मल्लले डर र प्रभावमा न्याय सम्भव नहुने भन्दै थपिन्, 'चाहे त्यो दुई तिहाइको डर नै किन नहोस्, महाभियोगको डर नै किन नहोस्। भयबाट मुक्त भई साहसका साथ अगाडि बढ्न म सबै न्यायकर्मीलाई यहींबाट आह्वान गर्न चाहन्छु।'

मकवानपुरमा २८ हजारभन्दा बढी भूमिहीन र अव्यवस्थित बसोबासी

मकवानपुरमा **पोष्टराज अधिकारी**

संघीय सरकारको निर्देशनपछि काठमाडौं उपत्यकाका विभिन्न स्थानमा रहेका सुकुमवासी बस्ती हटाउने अभियान सुरु भएसँगै यसको प्रभाव मकवानपुरमा पनि देखिन थालेको छ। सरकारी तथा सार्वजनिक जग्गा संरक्षण अभियानलाई तीव्र बनाउँदै प्रशासनले अतिक्रमण हटाउने चेतावनी दिएपछि जिल्लाका विभिन्न स्थानमा बसोवास गर्दै आएका भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासी समुदायमा त्रास फैलिएको छ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले सरकारी तथा सार्वजनिक जग्गा संरक्षणसम्बन्धी सूचना जारी गर्दै अतिक्रमण गरेर बसेका व्यक्ति तथा समूहलाई तत्काल जग्गा खाली गर्न निर्देशन दिएको छ। प्रशासनले सार्वजनिक सम्पत्तिको संरक्षणमा सहयोग गर्न सबै सरोकारवालालाई आग्रह गर्दै अटेर गरे कानुनी कारबाही गरिने चेतावनीसमेत दिएको छ।

प्रशासनको यो सक्रियतासँगै जिल्लामा भूमिसम्बन्धी समस्या सतहमा आएको हो। मकवानपुरमा हालसम्म २८ हजार ८०१ जनाले भूमिहीन दलित सुकुमवासी समस्या समाधान आयोगसमक्ष निवेदन दर्ता गराएका छन्। आयोगसमक्ष परेको निवेदन र प्रशासनले थालेको सरकारी जग्गा संरक्षण अभियानले जिल्लामा भूमिसम्बन्धी समस्या जटिल बन्दै गएको देखाएको हो। नापी कार्यालय मकवानपुरका प्रमुख तथा तत्कालीन भूमिहीन दलित सुकुमवासी समस्या समाधान आयोग मकवानपुरका सदस्यसचिव महेश्वर कार्कीका अनुसार निवेदन दिनेहरूमध्ये ४७१ जना भूमिहीन दलित, तीन हजार ५८९ जना भूमिहीन सुकुमवासी तथा सबैभन्दा बढी २४ हजार ७३७ जना अव्यवस्थित बसोबासी छन्।



■ बकैया र मनहरीमा बढी समस्या

तथ्यांकअनुसार मकवानपुरमा सबैभन्दा बढी समस्या बकैया गाउँपालिकामा देखिएको छ। बकैयामा मात्रै ८ हजार ८१३ जनाले निवेदन दिएका छन्। तीमध्ये ४४ जना भूमिहीन दलित, ३२८ जना भूमिहीन सुकुमवासी र ८ हजार ४४१ जना अव्यवस्थित बसोबासी छन्। त्यसपछि मनहरी गाउँपालिकामा- ८ हजार ३३५ जना भूमिहीन तथा अव्यवस्थित बसोबासीको विवरण संकलन गरिएको छ। मनहरीमा १०१ जना भूमिहीन दलित, ६१५ जना सुकुमवासी र ७ हजार ६१९ जना अव्यवस्थित बसोबासी छन्।

हेटौंडा उपमहानगरपालिकामा ६ हजार १२४ जनाले निवेदन दिएका छन्। त्यसमध्ये २३६ जना भूमिहीन दलित, १ हजार ८५१ जना भूमिहीन सुकुमवासी तथा ४ हजार ३७ जना अव्यवस्थित बसोबासी छन्।

बागमती गाउँपालिकामा २ हजार २०८, थाहा नगरपालिकामा १ हजार २९४, भीमफेदी गाउँपालिकामा ७७२, कैलाश गाउँपालिकामा ५४२, राक्सिराङ गाउँपालिकामा ३३१, मकवानपुरगढी गाउँपालिकामा २४३ तथा इन्द्रसरोवर गाउँपालिकामा १३५ जनाको विवरण संकलन गरिएको छ।

■ हालसम्म ९६० जनाले पाए जग्गाधनी प्रमाणपुर्जा

मकवानपुरमा हालसम्म ९६० जना भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ। राष्ट्रिय भूमि आयोग र भूमि समस्या समाधान आयोगको जिल्ला समिति मकवानपुरले विभिन्न निर्णयअनुसार जिल्लाका विभिन्न स्थानीय तहमा पुर्जा वितरण गरिरहेको हो ।प्राप्त विवरणअनुसार १६ जना भूमिहीन दलित र १४४ जना भूमिहीन सुकुमवासी परिवारले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका छन्। थप ७५ वटा फाइल अन्तिम प्रक्रियामा पुगेका छन्। बागमती गाउँपालिकामा सबैभन्दा बढी पुर्जा वितरण भएको छ। वडा नम्बर १ मा ४ जना दलित र ३८ जना सुकुमवासी, वडा नम्बर २ मा ३० जना सुकुमवासी, वडा नम्बर ३ मा एकजना दलित र पाँचजना सुकुमवासी तथा वडा नम्बर ६ मा आठजना दलित र २१ जना सुकुमवासीले पुर्जा पाएका छन्। बकैया गाउँपालिका- ७ मा ४० जनाले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका छन् भने हेटौंडा उपमहानगरपालिका- १३ मा ६९ वटा पुर्जा वितरणको प्रक्रिया सम्पन्न भएको छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले जिल्लाभित्रका सरकारी तथा सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाउन प्रशासन सक्रिय भएको बताएका छन्। उनका अनुसार संघीय सरकार तथा गृह मन्त्रालयको परिपत्रअनुसार जिल्ला प्रशासन कार्यालयले स्थानीय तहसँगको समन्वयमा सरकारी जग्गा संरक्षण अभियान अगाडि बढाएको हो।

निजामती कर्मचारी ऐनमा समेटिनुपर्ने विषय

नेपाललाई 'निजामती' होइन, 'लोकसेवा'केन्द्रित प्रशासन चाहिन्छ, जहाँ कर्मचारीको पहिचान राजनीतिक दल होइन, पेसागत निष्ठा हुन्छ



● रामशरण सेढाईं

अग्रलेख

नेपालको कर्मचारीतन्त्र संघीय शासन व्यवस्थाको मर्मअनुसार रूपान्तरण हुन नसक्दा सेवा प्रवाहमा ढिलासुस्ती, अकर्मण्यता र जवाफदेहिताको गम्भीर अभाव देखिएको छ। राज्य सञ्चालनको मेरुदण्ड मानिने कर्मचारीतन्त्र समयानुकूल, दक्ष र उत्तरदायी बन्न सकेन भने कुनै पनि नीति वा राजनीतिक प्रतिबद्धताले अपेक्षित परिणाम दिन सक्दैन। एकात्मक संरचनाका आधारमा निर्मित 'निजामती' कर्मचारी ऐन २०४९ लाई वर्तमान संघीय यथार्थसँग मेल खाने गरी व्यापक र सार्थक संशोधन गर्नु अपरिहार्य छ।

नाममै समस्या : यस ऐनको नाम परिवर्तन गर्नु आवश्यक छ। 'निजामती' शब्द अरबी मूलको 'निजाम' भन्ने शब्दबाट आएको हो र यसको अर्थ 'शासन' हुन्छ। यसले आधुनिक लोकतान्त्रिक शासनको जनमुखी चरित्रलाई प्रतिबिम्बित गर्दैन। सरकारी कर्मचारी जनताका सेवक हुन् र उनीहरूको नियुक्ति गर्ने संवैधानिक निकाय 'लोकसेवा आयोग' हो। यसर्थ, यस ऐनलाई 'संघीय लोकसेवा ऐन २०८३' भन्नु भाषिक परिमार्जन मात्र होइन, कर्मचारीतन्त्रको चरित्रलाई जनसेवामुखी बनाउने वैचारिक रूपान्तरण पनि हो।

संरचनात्मक सुधार गरी प्रशासनलाई चुस्त र प्रभावकारी बनाउन राजपत्रांकित तृतीय श्रेणीभन्दा तलका पद हटाउनुपर्छ। नेपालको कर्मचारीतन्त्र ढिलासुस्तीले बदनाम छ र ढिलासुस्ती हुनुमा अधिकारविहीन तल्ला श्रेणीका कर्मचारीको व्यवस्था दोषी छ। हस्ताक्षर गर्ने अधिकार नभएका कर्मचारीले सेवा दिन सक्दैनन्। यसर्थ, राजपत्रांकित तृतीय श्रेणीभन्दा तलका पद वर्तमान प्रशासनिक व्यवस्थामा आवश्यक छैन। यसले राज्यको आर्थिक भार मात्र बढाउँछ र कर्मचारीतन्त्रलाई झन्झटिलो बनाउँछ। प्रविधिको अधिकतम प्रयोग गर्दै सानो तर दक्ष जनशक्तिबाट उच्च परिणाम दिने संरचना निर्माण गर्नु आजको आवश्यकता हो।

समयानुकूल शैक्षिक योग्यता : कर्मचारीको शैक्षिक योग्यता पनि समयानुकूल हुनुपर्छ। शाखा अधिकृतका लागि न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर र उच्च तहका लागि दर्शनाचार्य अनिवार्य गरिनुपर्छ। नीति-निर्माण, विश्लेषण र कार्यान्वयनमा गुणस्तर उकास्न र कायम राख्न उच्च शिक्षित जनशक्ति अपरिहार्य हुन्छ। त्यस्तै, सेवा प्रवेश उमेरको दायरा १८ देखि ४० वर्षसम्मको उपयुक्त देखिन्छ, जसले युवाशक्ति र परिपक्वता दुवैलाई सन्तुलित रूपमा समेट्न सक्छ।

सेवाकालसम्बन्धी व्यवस्था पनि पुनर्विचारयोग्य छ। नेपालले आफ्नै अनुभवी जनशक्तिलाई समयअगावै प्रणालीबाहिर धकेलिरहेको छ। बढ्दो औसत आयु, सीमित दक्ष जनशक्ति र कमजोर संस्थागत स्मृति भएको सन्दर्भमा अवकाश उमेर ६५ वर्ष बनाउनु सार्थक हुन्छ। यसो गर्दा अनुभवी जनशक्तिको उपयोग निरन्तर रहन्छ र निवृत्तिभरणसम्बन्धी तात्कालिक आर्थिक दबाब पनि कम हुन्छ। तर, त्यसका लागि कडा कार्यसम्पादन मूल्यांकन प्रणाली अपरिहार्य हुन्छ।

उमेर होइन क्षमता : धेरै देशले अवकाश उमेर बढाउँदै लगेको देखाउँछ। युरोपका धेरै देशमा ६५-६७ वर्ष, अमेरिकामा ६६-६७ वर्ष छ र छिमेकी देश भारतमा प्रायः ६० वर्ष छ, तर विस्तारबारे बहस जारी छ भने चीन क्रमिक वृद्धिको प्रक्रियामा छ। समस्या अवकाश उमेरको होइन, पद सिर्जना र आर्थिक विस्तारको अभाव हो। उमेर बढ्दा उत्पादकता घट्छ भन्ने प्रश्न उठ्न सक्छ। तर, नीति-निर्माण, विश्लेषण र कूटनीतिमा अनुभव बढी महत्त्वपूर्ण हुन्छ।

नेपालीको औसत आयु अहिले ७१.५ वर्ष छ। अवकाश उमेर केवल प्रशासनिक प्रावधान होइन, राज्यले आफ्नो बौद्धिक पुँजी कसरी प्रयोग गर्छ भन्ने प्रश्न हो। समस्या उमेरमा होइन, प्रणालीमा खोज्नुपर्छ। ६५ वर्षको अवकाश उमेर युवाविरोधी होइन, अनुभवसम्मत सुधार हो। नेपाललाई कम उमेरका कर्मचारी मात्र होइन, युवा ऊर्जा र अनुभवी विवेकको सन्तुलन चाहिएको छ।

कर्मचारी अनुशासन र नैतिकताको सवालमा पनि कडा मापदण्ड आवश्यक छ। अदालतबाट देवानी वा फौजदारी कसुरमा दोषी ठहरिएका कर्मचारीलाई तुरुन्त बर्खास्त गर्ने व्यवस्था राखिनुपर्छ। अहिलेका सरुवा, बढुवा रोक्का वा निलम्बनजस्ता उपायले भ्रष्टाचार र दण्डहीनतालाई प्रोत्साहन र दोषीलाई उन्मुक्ति दिएको छ भने कर्मचारी प्रशासनप्रति जनविश्वास घटाएको छ।

करारको कहर : अस्थायी नियुक्ति प्रायः राजनीतिक हस्तक्षेप र पहुँचका आधारमा हुने भएकाले यसले प्रशासनिक निष्पक्षता र पेसागत मर्यादालाई कमजोर बनाएको छ। पहिले अस्थायी नियुक्ति लिने र पछि विनाप्रतिस्पर्धा स्थायी गराउने कुप्रथाले कर्मचारीतन्त्रलाई विकृत बनाएको छ। बेथिति यतिसम्म छ कि विश्वविद्यालयका शिक्षकले समेत विनाप्रतिस्पर्धा स्थायी गरिनुपर्छ भनी आन्दोलन गर्छन्। स्थायी, प्रतिस्पर्धात्मक र पारदर्शी नियुक्ति प्रणाली नै सुशासनको आधार हो।

सरुवा र काजको व्यवस्था सुधार्न जरुरी छ। हरेक नयाँ सरकारले गर्ने मनपरी सरुवाले प्रशासनिक स्थिरता र सेवाप्रवाहलाई कमजोर बनाएको छ। प्रक्रिया संस्थागत र पारदर्शी बनाउन सरुवा र काजसम्बन्धी अधिकार सामान्य प्रशासन मन्त्रालयलाई प्रत्यायोजन गरिनुपर्छ। जबसम्म यो व्यवस्था प्रभावकारी रूपमा लागू गरिँदैन, तबसम्म कर्मचारीतन्त्र पंगु र सेवाग्राही निरीह बनिरहन्छन्।

कार्यसम्पादन मूल्यांकन प्रणालीमा आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ। कर्मचारीको मूल्यांकनमा कम्तीमा ७५ प्रतिशत भार सेवाग्राहीलाई दिनुपर्छ, किनभने उनीहरूको



तलब अन्ततः करदाताको पैसाबाट तिरिन्छ। जबसम्म कर्मचारी जनताप्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुँदैनन्, तबसम्म सेवा प्रवाहमा सुधार असम्भवप्रायः हुन्छ।

भ्रष्टाचार उत्प्रेरक तलब : शाखा अधिकृत तहको सुरु तलब कम्तीमा मासिक एक लाख रुपैयाँ हुनुपर्छ। यसले योग्य र प्रतिभाशाली युवालाई आकर्षित गर्छ। कर्मचारीले घुस खाने मुख्य कारणमध्ये जीवन धान्नै नपुग्ने तलब पनि एक हो। यसबाट हुन आउने थप आर्थिक व्ययभार धान्नका लागि राज्यले आधा कर्मचारी हटाएर दक्ष र परिणाममुखी संरचना अपनाउन सक्छ। राणाकालको तलबी प्रणाली संघीय संरचनामा कायम राख्नु कर्मचारीको श्रम शोषण हो।

निवृत्तिभरण प्रणालीलाई दिगो बनाउन पूर्ण योगदानमा आधारित बनाउनुपर्छ। गैरयोगदानमूलक प्रणालीले राज्यको वित्तीय क्षमतामाथि अत्यधिक दबाब सिर्जना गरेको छ। योगदानमा आधारित प्रणालीले व्यक्तिगत जिम्मेवारी बढाउनुका साथै राज्यको दीर्घकालीन आर्थिक दायित्व पनि घटाउँछ।

अस्थायी प्रकृतिका विशिष्टीकृत कार्य, जस्तै- छानबिन आयोगबाहेक सेवानिवृत्त कर्मचारीको पुनर्नियुक्ति पूर्ण रूपमा बन्द गर्नुपर्छ। पहिलो, ६५ वर्षमा सेवानिवृत्त कर्मचारी थप कार्यभार वहन गर्न सक्षम हुँदैनन्। दोस्रो, यसले नयाँलाई अवसरबाट वञ्चित गर्छ। तेस्रो, स्वार्थको द्वन्द्व हुन्छ। यस्तो दुरुप्यासले भ्रष्टाचार न्यूनीकरणमा बाधा पुऱ्याएको छ र निजामती कर्मचारीतन्त्रमा विकृति निम्त्याएको छ।

ट्रेड युनियन र यसको खारेजी : निजामती कर्मचारी ट्रेड युनियन खारेजी ऐतिहासिक र स्वागतयोग्य छ। यो किन आवश्यक छैन भन्ने बुझ्नुअघि यसको अवधारणा बुझ्नुपर्छ। ट्रेड युनियन औद्योगिक क्रान्तिपछि १८औँ-१९औँ शताब्दीमा युरोपबाट सुरु भएको मानिन्छ। त्यसवेला कारखाना मजदुरले लामो समय काम गर्नुपर्थ्यो, ज्याला कम पाउँथे र काम गर्ने वातावरण असुरक्षित थियो। व्यक्तिगत रूपमा श्रमिकले मालिकसँग सौदाबाजी गर्न सक्दैनथे। यस परिस्थितिमा श्रमिकहरू संगठित भए र सामूहिक सौदाबाजीमार्फत आफ्ना अधिकार रक्षा गर्न थाले। यसरी ट्रेड युनियनको विकास भयो। पछि अन्तर्राष्ट्रिय श्रम संगठनले श्रमिकको संगठित हुने अधिकारलाई मानव अधिकारका रूपमा स्थापित गऱ्यो।

ट्रेड युनियनको मुख्य उद्देश्य श्रमिकको ज्याला र सेवा-सर्त सुधार गर्नु, सुरक्षित कार्यस्थल र वातावरण सुनिश्चित गर्नु, मालिक/व्यवस्थापनसँग सामूहिक वार्ता गर्नु, श्रमिक अधिकार संरक्षण गर्नु र अन्याय वा शोषणविरुद्ध आवाज उठाउनु हो। यसको ऐतिहासिक औचित्य पूर्णतः निजी उत्पादन प्रणालीसँग सम्बन्धित छ, जहाँ श्रम र पुँजीबिच संरचनात्मक द्वन्द्व हुन्छ।

> ६५ वर्षको अवकाश उमेर युवाविरोधी होइन, अनुभवसम्मत सुधार हो। नेपाललाई कम उमेरका कर्मचारी मात्र होइन, युवा ऊर्जा र अनुभवी विवेकको पनि सन्तुलन चाहिएको छ।

तर, सरकारी सेवामा यस्तो द्वन्द्व हुँदैन। त्यसैले निजी क्षेत्रका लागि विकसित अवधारणालाई राज्य संयन्त्रमा प्रत्यारोपण गर्नु सैद्धान्तिक र व्यावहारिक रूपमा त्रुटिपूर्ण छ। निजामती कर्मचारी राज्यका स्थायी अंग हुन्, नीति कार्यान्वयन गर्ने संयन्त्र हुन् र त्यहाँ निजी मालिकसँग जस्तो प्रत्यक्ष श्रम र पुँजीबिचको द्वन्द्व हुँदैन। ट्रेड युनियनको मूल औचित्य सौदाबाजी हो, जुन सरकारी सेवामा हुँदैन। निजामती सेवा निष्पक्षता, पेसागत मर्यादा र निरन्तरतामा आधारित हुन्छ।

निजामती सेवामा तलब, भत्ता, बढुवा, सरुवा र सेवासर्त सबै कानुनद्वारा स्पष्ट रूपमा परिभाषित छन्। निजी क्षेत्रजस्तो नाफा वितरण, श्रम शोषण वा अनिश्चित करार प्रणाली यहाँ छैन। लोक सेवा आयोग, विभागीय गुनासो व्यवस्थापन प्रणाली, कानुनी उपचार प्रणाली र प्रशासनिक पुनरावलोकन संयन्त्र पहिल्यै उपलब्ध भएकाले ट्रेड युनियनको औचित्य पुष्टि हुँदैन। तसर्थ, निजामती सेवामा ट्रेड युनियनको अस्तित्व नै मूलतः असंगत र प्रतिकूल अवधारणा हो।

राजनीतिक तटस्थता कर्मचारीतन्त्रको मुख्य मूल्य हो। त्यसैले, बेलायतजस्तो उन्नत देशमा उच्च तहका कर्मचारीलाई राजनीति गर्न प्रतिबन्ध लगाइएको छ, किनकि सरकार बदलिँदा पनि प्रशासन स्थिर रहनुपर्छ। नेपाललाई 'निजामती' होइन, 'लोकसेवा' केन्द्रित प्रशासन चाहिन्छ, जहाँ कर्मचारीको पहिचान राजनीतिक दल होइन, पेसागत निष्ठा हुन्छ। निजामती सेवामा ट्रेड युनियन र माछालाई साइकलको आवश्यकता उस्तै हो।

ट्रेड युनियनले ल्याएको विकृति : ट्रेड युनियन सेवाभन्दा आफ्नै संगठनात्मक शक्ति विस्तार र राजनीतिक प्रभाव निर्माणमा तल्लीन रहने प्रवृत्ति देखिन्छ। यसका गतिविधिले राजनीतिक ध्रुवीकरण, समूहगत दबाब, निर्णय प्रक्रियामा प्रभाव बढाएको र कर्मचारीतन्त्रमा विकृति ल्याएको छ। कर्मचारीतन्त्रमा प्रशासनिक दक्षता, समयमै निर्णय र नीति कार्यान्वयन अत्यन्त महत्त्वपूर्ण हुन्छ। तर, ट्रेड युनियन प्रतिस्पर्धाले प्रशासनिक ढिलाइ, आन्दोलन र हडताल गरी संस्थागत अनुशासन कमजोर बनाएको छ।

यस ऐनमा आमूल परिवर्तन गर्नु जरुरी छ। विगतका सरकारले दलीय स्वार्थपूर्तिका लागि दलैपिच्छे युनियन गठन गरेकै कारण सिंगो कर्मचारीतन्त्र नै निकम्मा बनेको हो। युनियनका पदाधिकारी ('पदधिक्कारी')ले सरकारसँग सौदाबाजी गर्ने, गैरव्यावसायिक कार्यमा संलग्न हुने, घुसविना कामै नगर्ने, सेवाग्राहीलाई अपमान गर्नेजस्ता कैयौँ बदमासी गरे पनि युनियनले जोगाउने हुँदा नेपालको कर्मचारीतन्त्र निकम्मा बनेको हो। ट्रेड युनियनले यतिसम्म उपद्रो मच्चाएको छ कि चिकित्सकसमेत हडताल गर्छन्।

तर, सबै कर्मचारी भ्रष्ट र दलीय राजनीतिमा लिप्त छैनन्। कर्तव्यनिष्ठ कर्मचारीले युनियनमा आबद्ध (अ)कर्मचारीलाई कर्तव्य पालना गर्न लगाए भने ती असल कर्मचारीलाई अपमान गर्ने, लाञ्छना लगाउने, चरित्रहत्या गर्ने, सरुवा गराउने र भौतिक आक्रमणसमेत गर्ने र उच्चपदस्थ सरकारी नियुक्तिमा नांगो हस्तक्षेप गर्नेजस्ता उदाहरण छन्। सरकारको युनियन हटाउने निर्णय र प्रस्तावित सुधारको उद्देश्य स्पष्ट छ- राजनीतिक प्रभाव हटाएर तटस्थ प्रशासन बनाउने।

कर्मचारी कटौती : नेपालजस्तो जम्मा तीन करोड जनसंख्या, कुल गार्हस्थ उत्पादन ४०.८३ अर्ब अमेरिकी डलर, प्रतिव्यक्ति आय एक हजार ५३३ अमेरिकी डलर र राष्ट्रिय ऋण २९ खर्ब तीन अर्ब रुपैयाँ भएको देशमा सेना, प्रहरी र शिक्षकबाहेक ८५ हजार ५२९ सरकारी कर्मचारी छन्। यो प्रविधिको युगमा यो संख्याका (अ)कर्मचारी आधा घटाउनुपर्छ, किनकि धेरै काम प्रविधिमार्फत गर्न सकिन्छ। प्रश्न उठ्न सक्छ- सरकारले पाँच वर्षभित्र १५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य राखेका वेला कर्मचारी कटौती गर्दा कसरी लक्ष्य प्राप्ति हुन्छ? राज्यको काम रोजगारी सिर्जनामा सहजीकरण गर्ने हो र रोजगारी निजी क्षेत्रले सिर्जना गर्छ, जसको व्ययभार पनि राज्यले वहन गर्नुपर्दैन। यो ऐनको संशोधन कानुनी परिमार्जन मात्र होइन, यो राज्य संयन्त्रलाई दक्ष, पारदर्शी र जनउत्तरदायी बनाउने व्यापक सुधारको मार्गचित्र हो।

---

३ प्रश्न

कृषिविज्ञ **उद्धव अधिकारी**लाई



मौसमविद्ले १८ जेठदेखि १४ असोजसम्म निकै कम पानी पर्ने प्रक्षेपण गर्नुले कृषि उत्पादनमा कस्तो असर पर्न सक्छ ?

मनसुनको समयमा कम पानी पर्ने प्रक्षेपण गरिनुले खेतीपातीमा असर त पर्ने नै भयो। धानबाली लगाउने समयमा कम पानी परेपछि राष्ट्रिय अर्थतन्त्रमै नकारात्मक असर पर्न सक्छ। तर, यसबाट जोगिनका लागि गर्नुपर्ने पूर्वतयारीको अवस्था भने लथालिंग छ। तीनै तहका सरकार यसबाट निम्तिन सक्ने सम्भावित दुष्परिणामप्रति बेखबरजस्तै देखिन्छन्। यसबारे किसानलाई सुसूचित गराउने कार्यमा पनि तीनै तहका सरकारको खासै ध्यान गएको देखिन्न।

नार्कले सिफारिस गरेका खडेरी सहन सक्ने धानका बिउ किसानसम्म कसरी पुऱ्याउन सकिएला ?

हाम्रा सरकारी संरचना निकम्मा छन्। माथि अनुसन्धान भएको विषय तल किसानसम्म पुग्दैपुग्दैन। पहिले जिल्ला कृषि विकास कार्यालय र कृषि सेवा केन्द्रले गाउँगाउँका कृषक समूहलाई संगठित गरी आवश्यक बिउबिजन, मलखाद तथा प्राविधिक सहयोग पुऱ्याउने गर्थे। तर, देश संघीयतामा गइसकेपछि यो 'मेकानिज्म' भत्किएको छ। निजी क्षेत्र नाफा बढी हुने ठाउँमा मात्र जान्छ। जसले गर्दा किसान बढी फल्ने नाममा वर्णशंकर या नपुंसक बिउमा भर पर्ने अवस्था आउन सक्छ। देशका ७५३ कृषि शाखाले मध्यस्थता गरिदिए मात्र पनि किसानलाई सम्भावित संकटबाट जोगाउन सकिन्छ।

सम्भावित सुक्खासँग जुध्न तीनै तहका सरकार र किसानले केकस्तो तयारी गर्नुपर्ला ?

अहिले हरेक किसानको हातमा प्रविधि पुगेको समयमा उनीहरूले सम्भावित सुक्खाबारे सूचना पाएकै हुन्छन्। यस्तोमा उनीहरू स्वयंले पनि यसबाट जोगिने उपायबारे सोधखोज गर्नुपर्ने हुन्छ। राज्यले पनि सम्भावित उपायबारे किसानलाई जानकारी गराउनुपर्छ। अहिले धानको बिउ राख्ने समय भइरहेको हुनाले किसानलाई सुक्खा सहने जातका बिउबिजन उपलब्ध गराउने कार्यमा स्थानीय सरकारको विशेष ध्यान जानु जरुरी छ।

प्रेरक प्रसंग

हजार सिसावाला हल

एकपटक एकजनाले एक साधुसित गुनासो गरे। महात्मा, मेरो साथमा कोही पनि विश्वासपात्र छैनन्। मेरा कर्मचारी मसित झुटो बोल्छन्। पत्नी र छोराछोरी मात्र होइन, यो संसार नै स्वार्थी छ। कोही पनि ठिक छैनन्।

साधु हल्का मुस्कुराए र उनलाई एउटा कथा सुनाए। एउटा ठुलो सहरमा एउटा ठुलो हल थियो, जहाँ करिब हजार ऐना जडान गरिएका थिए। एउटी सानी बालिका नियमितजसो एक्लै सो हलमा खेल्न जाने गर्थिन्। उनलाई त्यहाँ खेल्न निकै मजा लाग्थ्यो। उनलाई एकसाथ आफूजस्तै हजार अन्य बालिकासित खेलिरहेकोजस्तो लाग्थ्यो। उनी ताली बजाउँथिन्, हाँस्थिन्। उनीसँगै अरू हजार बालिकाले पनि एकसाथ ताली बजाउँथे, हाँस्थे। उनलाई संसारकै सबैभन्दा सुन्दर ठाउँ यही हल लाग्थ्यो।

एकपटक एकजना निकै रिसाहा र उदास व्यक्ति सो हलमा पुगे। उनले एकसाथ आफूजस्तै हजार रिसाहा र उदास व्यक्ति देखे। ती सबैले रिसाएर उनैलाई हेरिरहेका थिए। उनले ती सबैलाई रिसाएर आक्रमण गर्न हात उठाए। बाँकी सबैले पनि उसैगरी रिसाएर उनीविरुद्ध हात उठाए। उनलाई लाग्यो, यो हल त संसारकै सबैभन्दा खराब स्थान रहेछ। उनी तुरुन्तै बाहिर निस्किए।

साधुले भने- यो संसार पनि त्यही हजार सिसावाला हलजस्तै हो। हामी सबैले भित्रबाट जे निकाल्छौँ, यो संसारले पनि त्यही फिर्ता दिन्छ। यो संसार स्वर्ग या नर्क दुवै हुन सक्छ। केवल हामी के निकालिरहेका छौँ, त्यसैमा सबै निर्भर हुन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

युवालाई रोजगारी चाहियो

वर्तमान सरकारले नेपालका युवा जनशक्तिलाई पहिलो प्राथमिकतामा राखेर विदेश पलायन हुनबाट रोक्न युवालाई रोजगारीको अवसर दिलाउनु जरुरी छ। युवा जनशक्तिले आफ्नो क्षमता र योग्यताअनुसार रोजगारी नपाए युवामा निराशा बढ्छ। त्यसले एकातिर सरकारप्रति आक्रोश बढाउन सक्छ भने अर्कातिर विदेश पलायन रोक्नुको साटो थप बढाउँछ। त्यसैले पनि सरकारले आफ्नो सयदिने कार्ययोजनाअनुसार देशमा रोजगारीको अवसर बढाउन ठोस पहल गर्नुपर्छ। सरकारले अब युवाले विदेशी भूमिमा होइन, आफ्नै मुलुकमा पसिना बगाउन सक्ने गरी रोजगारी सिर्जना गरी देश निर्माणमा युवा जनशक्तिको सदुपयोग गर्नुपर्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

विश्वविद्यालय ऐन नै फेरौँ

सरकारले एकसाथ आठ विश्वविद्यालयका उपकुलपति नियुक्त गर्ने तयारी गरेको समाचार सुनियो। यहाँनेर सरकारसमक्ष सानो सुझाव राख्न चाहन्छु। अहिले सरकारले उपकुलपति छनोट गर्ने तयारी गरिरहेको देखिन्छ। तर, विश्वविद्यालयसम्बन्धी ऐनमै समयानुकूल संशोधन गरी प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाएर बोर्ड अफ ट्रस्टी या यस्तै कुनै निकाय बनाएर कुलपति नै बाहिरबाट खुला प्रतिस्पर्धाबाट चयन गर्ने व्यवस्था गरे कसो होला ?

● **भोजराज सिलवाल**, बल्खु, काठमाडौं

प्रदेशको राजनीति केन्द्रबाट किन ?

एमाले सुदूरपश्चिमको नेता फेर्ने विषयमा छलफल गर्न पार्टी अध्यक्ष केपी शर्मा ओलीको निवास गुन्डुमा नेताहरू भेला भएको समाचार पढियो। तर, बागमती प्रदेशको भक्तपुरमा बसेर सुदूरपश्चिमको नेता फेर्ने छलफल गरेको विषयचाहिँ अलि अनौठो नै लाग्यो। हरेक दलका प्रदेश कमिटी अस्तित्वमा छन्। प्रदेशमा कसलाई नेता बनाउने र कसलाई नेताबाट हटाउने भन्ने कुराको निर्णय प्रदेश कमिटीका नेताले नै गर्नुपर्ने होइन र ?

● **सुरेखा बलामी**, नयाँबजार, काठमाडौं

भड्किलो खर्चविरुद्ध कानुनी व्यवस्था

नेपालमा पछिल्लो समय सार्वजनिक खर्च कटौती र मितव्ययिताका बहस सरकारी तहमा सकारात्मक रूपमा उठ्न थालेका छन्। एकातिर राज्यका निकायलाई चुस्त बनाउने प्रयास भइरहँदा अर्कातिर नेपाली समाजमा भने व्यक्तिगत र सामाजिक खर्चको भड्किलोपनले भयावह रूप लिएको छ। विशेषगरी, विवाहलगायत विभिन्न उत्सवका नाममा 'पार्टी प्यालेस'मा गरिने फजुल खर्च अहिले एउटा उत्सव मात्र रहेन, बरु यो राष्ट्रिय अर्थतन्त्र र सामाजिक संरचनामाथि नै प्रहार गर्ने एउटा गम्भीर विकृति बनेको छ।

विवाह र सांस्कृतिक उत्सव आत्मीयता र संस्कारका प्रतीक हुन्। तर, अचेल यी अवसर धनको नग्न प्रदर्शन गर्ने थलोमा रूपान्तरित भएका छन्। एक छाक भोजनका लागि देखाइने राणाकालीन र शाहकालीन शैलीको तडकभडकले हाम्रो मौलिक परम्पराको उपहास गरिरहेको छ। अनेकथरीका परिकार महँगा मदिरा र अनावश्यक तामझामले मध्यमवर्गीय परिवारलाई मात्र होइन, समग्र समाजलाई नै 'प्रतिष्ठाको लडाइँ'मा होमिदिएको छ। एउटाले गरेको खर्चलाई अर्कोले उछिन्नैपर्ने यो अस्वस्थ प्रतिस्पर्धाले एकातिर ऋणको भार थपेको छ भने अर्कातिर सामाजिक मनोविज्ञानलाई नै प्रदूषित बनाएको छ।

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा

न्याय र विधिको शासनको ऐतिहासिक यात्रा

समाजका सबै व्यक्तिले आफू सुरक्षित र न्याय पाउने कुरामा ढुक्क हुन नसकेसम्म लोकतन्त्रको फल प्राप्त हुन सक्दैन



● विष्णुचन्द्र नेपाली



● जीवेश झा

नेपालमा हरेक वर्ष वैशाख २६ लाई कानुन दिवसका रूपमा मनाइन्छ। यो दिवस केवल कानुनी क्षेत्रमा आबद्ध व्यक्तिको मात्र नभई सम्पूर्ण नेपाली नागरिकको मौलिक अधिकार, न्याय र विधिको शासनसँग जोडिएको एउटा ऐतिहासिक पर्व हो।

न्यायपालिकालाई कार्यपालिकाबाट पृथक् राख्ने उद्देश्यले १ साउन १९९७ मा श्री ३ जुद्धशमशेरका पालामा एक सनद जारी भई नेपालमा प्रधान न्यायालय स्थापना भएको थियो। सो सनदबमोजिम निर्वाचन हुँदा बहादुरशमशेर जबरा न्यायाधीश जनरल पदमा निर्वाचित भए।

२००७ सालमा प्रजातन्त्र स्थापनापश्चात् प्रधान न्यायालय ऐन, २००८ जारी भई २६ वैशाख, २००९ मा सो ऐनमा लालमोहर लगाएर सोही ऐनबमोजिम नेपालमा पहिलोपटक न्यायालयलाई कार्यपालिकाबाट छुट्टै र स्वतन्त्र अस्तित्वका रूपमा स्थापना गरेको सम्झनामा यो दिवस मनाउन थालिएको हो। यस ऐतिहासिक दिनले नेपालमा विधिको शासनको जग बसाल्न र न्यायपालिकाको स्वायत्तता सुनिश्चित गर्न कोसेढुंगाको काम गरेको थियो, जसले निरंकुश राणा शासनको अन्त्यपछि प्रजातान्त्रिक अभ्यासको दिशामा मुलुकलाई अगाडि बढायो। २००७ सालको क्रान्तिअघिसम्म नेपालको न्याय प्रणाली पूर्णतः कार्यपालिका र शासकको मुठीमा सीमित थियो। राणा शासनकालमा 'हुकुम' नै कानुन हुन्थ्यो र न्याय दिने अधिकार पनि शासकहरूमै निहित थियो।

शक्ति पृथकीकरणको कुनै सिद्धान्त अवलम्बन गरिएको थिएन। तर, २००७ सालको प्रजातन्त्र प्राप्तिपछि आधुनिक राज्य व्यवस्थाको आवश्यकता महसुस गरियो र न्यायपालिकालाई कार्यपालिका र व्यवस्थापिकाबाट अलग राख्ने प्रयासस्वरूप प्रधान न्यायालय ऐन ल्याइयो। यसै ऐनले प्रधान न्यायालयलाई अभिलेख अदालतको मान्यता दियो, जसले आफ्ना फैसला आफैँ सुरक्षित राख्ने, नजिर स्थापना गर्ने र सर्वोच्च अदालत स्थापना भएपश्चात्का फैसला ०१५ देखि नेपाल कानुन पत्रिकामा प्रकाशित हुने गरेको थियो।

कानुन दिवसको मुख्य उद्देश्य भनेको न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र सक्षमतालाई अक्षुण्ण राख्दै जनतामा न्यायको प्रत्याभूति गराउनु हो। यस दिन सर्वोच्च अदालत, नेपाल बार एसोसिएसन, महान्यायाधिवक्ताको कार्यालय र अन्य सरोकारवाला निकायले विभिन्न कार्यक्रम आयोजना गर्छन्। सर्वोच्च अदालतमा विशेष चियापान र शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिन्छ, जहाँ राज्यका प्रमुख अंगका प्रतिनिधि उपस्थित भई न्याय प्रणालीको सुधारबारे छलफल गर्छन्। यसले न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाबिचको समन्वयलाई मजबुत बनाउनुका साथै संविधान र कानुनको रक्षा गर्ने प्रतिबद्धतालाई पुनः ताजा बनाउँछ।

नेपालको वर्तमान संविधान, २०७२ ले नेपाललाई एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रूपमा स्थापित गरेको छ। संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको परिकल्पना गर्दै शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलनको सिद्धान्तलाई दृढतासाथ अगाडि सारेको छ।

संविधानले प्रदान गरेका नागरिक अधिकार रक्षा गर्ने जिम्मेवारी न्यायालयको हो। कानुनको नजरमा सबै समान छन् भन्ने 'कानुनी शासन'को मर्मलाई व्यवहारमा उतार्न यो दिवसले सबैलाई प्रेरित गर्छ। विशेषगरी, विपन्न, असहाय र पछाडि पारिएका वर्गसम्म न्यायको पहुँच पुऱ्याउनु नै यस दिवसको वास्तविक सान्दर्भिकता हुन जान्छ।

यद्यपि, कानुन दिवस मनाइरहँदा नेपालको न्याय क्षेत्रका चुनौतीलाई पनि बिर्सन सकिँदैन। न्यायालयमा बढ्दो राजनीतिक हस्तक्षेप, फैसला कार्यान्वयनमा कार्यपालिकाको उदासीनता, कार्यपालिकाबाट मुद्दा दायर गरिएपछि आफ्नो भूमिका सकियो भन्ने मानसिकता, न्यायपालिकालाई राज्यको कुल बजेटको एक प्रतिशत पनि छुट्याउन नसक्ने सरकारको उदासीनता र भाषा तथा भौगोलिक असहजताका कारण सर्वसाधारणको न्यायमा पहुँच पुग्न नसक्नुजस्ता समस्या विद्यमान छन्।

'ढिलो न्याय दिनु न्याय नदिनुबराबर हो' भन्ने मान्यताबिच हजारौँ मुद्दा वर्षौंसम्म विचाराधीन रहनुले न्याय प्रणालीमाथि प्रश्न खडा गरिरहेको हुन्छ। यद्यपि, मुख्य जिम्मेवार भने सरकार नै हो। जोसँग सुरक्षा निकाय तथा अन्य संयन्त्र छन्, उसैले फैसला कार्यान्वयनमा राजनीति गरिरहन्छ। अदालतको काम मुख्यतः न्याय सम्पादन नै हो। अन्य मुलुकका अभ्यास हेर्ने हो भने पनि अदालती फैसला कार्यान्वयनमा कार्यपालिकाकै भूमिका हुन्छ। हामीकहाँ मात्र फैसला कार्यान्वयनमा कार्यपालिकाको उदासीनताका कारण दोषको भार अदालतले खेप्नु परिरहेको तितो यथार्थ छ। कानुन दिवस केवल औपचारिकतामा सीमित नभई यस्ता विकृतिविरुद्ध संकल्प गर्ने दिन पनि हुनुपर्छ। न्यायालयलाई जनआस्थाको केन्द्र बनाउन न्यायाधीश नियुक्तिमा पारदर्शिता र योग्यतालाई प्राथमिकता दिनु आजको आवश्यकता हो।

कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसनले पनि यस दिनलाई आफ्नो पेसागत मर्यादा र सामाजिक उत्तरदायित्व सम्झने दिनका रूपमा लिन्छ। कानुनी सहायताका माध्यमबाट गरिब र असहायलाई न्याय दिलाउनु वकिलहरूको धर्म हो। आमनागरिकलाई आफ्ना अधिकार र कर्तव्यबारे जानकारी नभएसम्म कानुनको प्रभावकारी कार्यान्वयन सम्भव छैन। कानुनी ज्ञानलाई विद्यालयदेखि नै सर्वसाधारणसम्म पुऱ्याउन जरुरी छ।

अन्त्यमा, कानुन दिवसले हामीलाई समाजमा शान्ति, सुव्यवस्था र न्यायको महत्त्व बुझाउँछ। कानुन कसैलाई सजाय दिन मात्र नभई समाजलाई सभ्य र मर्यादित बनाउन निर्माण गरिएको हुन्छ। जबसम्म समाजका सबै व्यक्तिले आफू सुरक्षित र न्याय पाउने कुरामा ढुक्क हुन सक्दैनन्, तबसम्म लोकतन्त्रको फल प्राप्त हुन सक्दैन। त्यसैले, २६ वैशाखको यस गरिमामय दिनले न्यायमूर्ति, सम्पूर्ण न्यायकर्मी, कानुन व्यवसायी, सुरक्षाकर्मी र आमनागरिक सबैलाई कानुनको पालना गर्न र विधिको शासन कायम राख्न थप जिम्मेवार बनाओस्। न्यायको ज्योति सबैको घरदैलोमा पुगोस् र नेपालको न्याय प्रणाली विश्वकै लागि उदाहरणीय बन्न सकोस्।

(लेखकद्वय नेपाल सरकारका कानुन अधिकृत हुन्)

पश्चिम बंगालमा भाजपाको जित र लोकतन्त्रको क्षय

भाजपाको भारी जितले भारतको राजनीतिक नक्सालाई परिवर्तन गरिदिएको छ, तथापि यो नतिजाले निर्वाचन प्रक्रियामाथि समेत गम्भीर प्रश्न उठाएको छ





● निलान्जन मुखोपाध्याय
मुखोपाध्याय दिल्ली बसेर लेखन र पत्रकारिता गर्छन्

भारतमा हालै विभिन्न राज्यमा विधानसभा चुनाव भए। तीमध्ये पश्चिम बंगालको निर्वाचन परिणाममुखी फैसलामध्ये एकका रूपमा व्याख्या गरिँदै छ। सीमावर्ती राज्य पश्चिम बंगालमा १० करोडभन्दा बढी मानिस बसोवास गर्छन्। राज्यमा हालसम्म प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा)ले लामो समयसम्म जित्न सकेको थिएन। अहिले इतिहासमा पहिलोपटक भाजपाले बंगालमा बहुमत हासिल गरेको छ। कुल २९४ विधान सभामा भाजपाले २०७ जितेको छ। यसअघि सत्तारुढ दल तृणमूल कंग्रेस (टिएमसी)को सिटसंख्या ८० मा खुम्चिएको छ। एउटा सिटमा भने पुनः मतदान हुनेछ।

भाजपाको भारी जितले भारतको राजनीतिक नक्सालाई परिवर्तन गरिदिएको छ। तथापि, यस फैसलाले निर्वाचन प्रक्रियाको अखण्डतामाथि समेत गम्भीर प्रश्न उठाएको छ। यसपटक पश्चिम बंगालको निर्वाचन भारतीय निर्वाचन आयोग (इसिआई)ले मतदाता सूचीको संशोधनपछि भएको थियो। 'स्पेसल इन्टेन्सिभ रिभिजन (एसआइआर)' नाममा भएको संशोधनमा मृतक वा 'अयोग्य' मतदाताको नाममा सूचीबाट हटाउन चालिएको कदम निकै विवादमा तानियो। एसआइआरले पश्चिम बंगालभरि ९० लाखभन्दा बढी मतदाताको नाम सूचीबाट हटायो, जुन कुल मतदाताको लगभग १२ प्रतिशत हो।

यो अभ्यासका क्रममा विगतमा भाजपाले चुनावी जित कहिल्यै हासिल गर्न नसकेका क्षेत्रका मुस्लिम, आप्रवासी श्रमिक र विपन्न मतदातालाई विशेष रूपमा लक्षित गरेको थियो। यीमध्ये धेरै क्षेत्रमा यसपटक भाजपाले जित निकालेको छ। र, कठिन क्षेत्रमा भाजपाले विगतमा हार्दा पहिलो दलसँग भएको भिन्नताभन्दा बढी संख्यामा मतदाताको संख्या हटाइएको थियो। यसको प्रभाव गम्भीर हुन सक्छ। यसपटक भारतका चुनावमा देखिने विकृति अब सामूहिक रूपमा मताधिकारबाट वञ्चितिमा परिणत भएको हुन सक्छ।

बंगाल सामान्य भारतीय राज्य होइन। सन् १९४७ मा भएको धार्मिक दंगापछि विभाजन भोगेको पश्चिम बंगलाले बंगलादेशसँग दुई हजार २०० किलोमिटरभन्दा लामो सिमाना जोडिएको छ। राज्यले लामो समयदेखि भारतको राजनीतिक कल्पनामा केन्द्रीय स्थान ओगट्ने गरेको छ। मुस्लिमहरू राज्यको जनसंख्याको लगभग २७ प्रतिशत हिस्सा ओगट्छन्। यो समुदायले ऐतिहासिक रूपमा भाजपाको उदयलाई रोक्न रणनीतिक रूपमा मतदान गर्ने गरेको इतिहास छ।

त्यही कारणले बंगाल मोदीका लागि यति धेरै महत्त्वपूर्ण थियो। तथापि, भाजपाले विगत एक दशकको अवधिमा राज्यमा द्रुत गतिमा विस्तार गर्दा पनि सन् २०२१ मा मुख्यमन्त्री ममता बनर्जीलाई पदच्युत गर्न असफल भयो। त्यसैले, यसपटक (सन् २०२६)को विधानसभा चुनावलाई बनर्जीको सरकारप्रतिको जनमतसंग्रह र भारतीय चुनावले पहिले उपभोग गरेको संस्थागत विश्वसनीयता अझै कत्तिको कायम छ भन्ने कुराको परीक्षणको रूपमा हेरिएको थियो।

विवाद एसआइआर प्रक्रियामा केन्द्रित थियो, जुन पहिलोपटक जुन २०२५ मा विहारमा लागू भएको थियो। त्यसपछि यसलाई पश्चिम बंगालसहित देशका अन्य नौ राज्य र तीन केन्द्र शासित प्रदेशमा विस्तार गरियो। यस अभ्यासअन्तर्गत, 'बुथ लेभल अफिसर' भनिने स्थानीय निर्वाचन अधिकारीलाई मतदाता नामावलीमा रहेका मृत तथा अयोग्य मतदाताको नाम रुजु गर्ने जिम्मेवारी दिइएको थियो। तिनले मतदाताको घर-घर गएर प्रमाणीकरण गरे। अयोग्य ठहरिएका नागरिकलाई अत्यन्तै कम समयसीमाभित्र कागजात प्रमाणमार्फत आफ्नो योग्यता पुनः स्थापित गर्न भनियो। त्यसो गर्न असफल व्यक्तिलाई मतदानबाट वञ्चित गरियो।

सन् १९५१-५२ को पहिलोपटक आमचुनावमा सबै वयस्कले मत गर्न पाउने अधिकार प्रत्यायोजन गरेको भारतले एसआइआरमार्फत पहिलोपटक आफू मतदान गर्न योग्य भएको प्रमाणित गर्ने भार प्रभावकारी रूपमा नागरिकको काँधमा सारिदियो। यसले लोकतान्त्रिक सम्भौतामा खतरनाक विच्छेदको प्रतिनिधित्व गर्छ। प्रक्रियाले विशेषगरी फरक राज्यमा श्रम गर्न गएका आप्रवासी कामदारलाई ठुलो असर गऱ्यो। विहार र पश्चिम बंगाल भारतका आन्तरिक आप्रवासी श्रमका सबैभन्दा ठुला स्रोत हुन्। दसौं लाख बंगाली मतदाता प्रमाणीकरण गर्न दिइएको छोटो समयभित्र घर फर्कन सकेनन्। अझ धेरैको नाम बोली र लेखाइबिचको स्पेलिङ नमिलेको, कुनै कागजात हराएको, विवाहपछि भएको थर परिवर्तन वा आधिकारिक रेकर्डबिचको भिन्नताकै आधारमा हटाइए। यी समस्या विशेषगरी मुस्लिम र गरिब महिलामा बढी थियो। तथापि, एसआइआरले नाम नदोहोरियोस् भन्नका लागि यस्तो अभ्यासलाई कडाइ गरेको भन्ने कुरामा जोड दियो। भाजपाले यसलाई 'अवैध घुसपैठिया' वा विशेषगरी छिमेकी बंगलादेशबाट आएका गैरकानुनी मुस्लिम आप्रवासीको नाम मतदाता सूचीबाट हटाउने प्रयासको रूपमा सही ठहऱ्याउने प्रयास गऱ्यो।

> पश्चिम बंगालमा चुनावअघि मतदाता नामावलीमा गरिएको ठुलो संशोधनले दसौं लाख नागरिकलाई मताधिकारबाट वञ्चित गऱ्यो। योसँगै केन्द्रमा सरकार रहेको भाजपाले चुनावी इन्जिनियरिङमार्फत भारतीय राजनीतिलाई पुनर्गठन गरिरहेको छ भन्ने चिन्ता बढायो।

तर, बंगालमा यो अभ्यास कुनै एक दललाई फाइदा हुने गरी सञ्चालन भएको धेरै चर्चा छ। ठुलो मुस्लिम जनसंख्या भएका जिल्लामा सबैभन्दा उच्च संख्यामा मतदाताको नाम मेटाइएको छ। त्यस्तै एआई सफ्टवेयरले उर्दू, बंगाली र अंग्रेजी हिज्जेबिच असंगति देखिँदा धेरैको नाम अयोग्य घोषित गऱ्यो, जसमा धेरै नाम मुस्लिम नाममा गरिएको थियो।

ममता बनर्जी नेतृत्वको टिएमसी पार्टीले बारम्बार निर्वाचन आयोगले स्वतन्त्र संवैधानिक निकायभन्दा केन्द्रको सत्तारुढ दलको राजनीतिक संयन्त्रको विस्तारको रूपमा काम गरिरहेको आरोप लगायो। भारतको सर्वोच्च अदालतले यस विषयमा रहेको कमजोरी स्विकारे पनि यस प्रक्रियालाई निरन्तरता दिन अनुमति दियो। लाखौंले आफ्नो नाम सूचीबाट गायब भएको पत्ता लगाएपछि पुनरावेदन दायर गरे। तैपनि, मतदानअघि ३४ लाखभन्दा बढी पुनरावेदन विचाराधीन नै थिए। त्यस अवधिमा जम्मा दुई हजारभन्दा केही बढी पुनरावेदनमा निर्णय भएको थियो। र, पुनरावेदनको निर्णय पर्खिरहेकाहरूले चुनावमा मतदान दिन नसक्ने निर्णय सुनाउँदै उनीहरूको नाम सैद्धान्तिक रूपमा पछि पुनर्स्थापित गर्न सकिने बतायो।

त्यो फैसलाले ठुलो संख्यामा जनता मताधिकारबाट वञ्चित भए। व्यक्तिगत रूपमा विगतमा पश्चिम राज्यको मतदाताको रूपमा म आफैंले एसआइआर प्रक्रियाको जटिलता अनुभव गरैं। मेरो परिवारले उत्तर प्रदेशको मतदाता सूचीमा रहनका लागि आफ्नो योग्यता पुनर्स्थापित गर्नुपऱ्यो। बंगालको तुलनामा त्यहाँ मतदाता पुष्टि गर्नुपर्ने समयसीमा लामो थियो। साथै छानबिन पनि पश्चिम बंगालमा जस्तो कठोर थिएन। तैपनि, प्रक्रिया निकै पीडादायी र बहिष्करणीय चरित्रको थियो। वृद्धवृद्धा, आप्रवासी, आवश्यक कागजात नभएका महिला तथा विपन्न नागरिकमध्ये धेरैले नोकरशाही भुलभुलैया पार गर्न सकेनन्। कैयौं अधिकारीले व्यक्तिगत कुराकानीमा मुस्लिम मतदाताको तुलनामा हिन्दु मतदाताको नाम मेटिन सम्भावना कम भएको बताए।

पश्चिम बंगालमा मृतकबाहेक लगभग २७ लाख मतदातालाई अयोग्य ठहर गरियो। अर्थात्, तिनको नाम आधिकारिक रूपमा सूचीबाट हटाइयो। भाजपाले यसपटकको निर्वाचनमा दुई करोड ९२ लाख २४ हजार ८०४ मत प्राप्त गऱ्यो, जुन तृणमूल कंग्रेसको दुई करोड ६० लाख १३ हजार ३७७ भन्दा ३२ लाख ११ हजार ४२७ बढी हो। निर्वाचन क्षेत्रस्तरीय तथ्यांक जाँच गर्ने विश्लेषकहरूका अनुसार भाजपाले जितेका धेरै सिटमा मेटाइएका वा विवादित मतदाताको संख्या विजयको मार्जिनभन्दा बढी देखिएको छ।

त्यसैले, यसपटकको चुनावी फैसलालाई निर्वाचन आयोगसहित राज्य संयन्त्रको सहयोगमा एक दलले 'चोरी' गरेको शंका गर्ने आधार छन्। भाजपाको जितलाई हिन्दु बहुमतवादी अभियानले पनि सहयोग गरेको थियो, जसले तृणमूल कंग्रेसको कथित 'मुस्लिम समर्थक' अडानलाई अति बढाइचढाइ गऱ्यो र हिन्दु असुरक्षा बढायो। सन् २०२४ को संसदीय चुनावमा भाजपाले बहुमत गुमाएपछि मोदी केन्द्रमा सरकार चलाउन गठबन्धन साझेदारमा निर्भर भएका छन्। त्यसपछि भाजपाले आफ्नो चुनावी रणनीति बदलेको छ। यसै रणनीतिको एउटा पक्ष प्रस्तावित निर्वाचन क्षेत्रको सीमांकन थियो। यसअन्तर्गत भाजपाको मताधार बढी भएको देशको उत्तरी र हिन्दुबहुल क्षेत्रमा सिटसंख्या बढाउने प्रयास गरियो। असममा कार्यान्वयनमा सफलतापूर्वक कार्यान्वयनमा आएको सीमांकन अभ्यासले मुस्लिमबहुल क्षेत्रलाई जोडेर हिन्दुबहुल क्षेत्र बढाएको थियो। पहिले भाजपा शासन रहेको सो राज्यमा यसपटक पार्टीले आरामले जित हासिल गरेको छ।

निर्वाचन क्षेत्रको पुनः सीमांकनपछि भाजपाको दोस्रो पहल भारतभर एसआइआर प्रक्रियाको विस्तार रहयो। यसैको राजनीतिक परिणाम बंगालमा सबैभन्दा नाटकीय रूपमा देखा परेको छ। तेस्रो 'एक राष्ट्र, एक चुनाव'माथि जोड हो, जुन सबै राज्य र राष्ट्रिय चुनाव एकैपटक गर्ने परियोजनाको हिस्सा हो। प्रशासनिक सुधारको रूपमा प्रस्तुत गरिएको यस प्रस्तावले मोदीवरिपरि राजनीतिक शक्तिलाई थप केन्द्रीकृत गर्नेछ।

अलजजिराबाट

शुभेन्दु अधिकारीले लिए मुख्यमन्त्रीको शपथ




पश्चिम बंगाल/ पश्चिम बंगालमा भारतीय जनता पार्टी (भाजपा) ले पहिलोपटक आफ्नो सरकार बनाएको छ। शनिबार शुभेन्दु अधिकारीले मुख्यमन्त्रीको पद तथा गोपनीयताको शपथ ग्रहण गरेसँगै भाजपाले ममता बनर्जीको १५ वर्षे शासन ढालेर पश्चिम बंगालमा पहिलोपटक सरकार गठन गरेको हो। उनले बंगाली भाषामा शपथ लिएका थिए। शपथ ग्रहण समारोहमा प्रधानमन्त्री मोदीका साथै गृहमन्त्री अमित शाह र भाजपाशासित राज्यका मुख्यमन्त्री उपस्थित थिए।

शुक्रबार मात्र भाजपाले अधिकारीलाई संसदीय दलको नेताका रूपमा चयन गरेको थियो। पश्चिम बंगालले गम्भीर आर्थिक चुनौतीको सामना गरिरहेका वेला अधिकारीले मुख्यमन्त्री पद सम्हालेका छन्। हालै भएको विधानसभा निर्वाचनमा भाजपाले पश्चिम बंगालमा दुईतिहाइ सिट ल्याएको थियो। कुल २९४ सिटमध्ये २०७ वटामा जित हासिल गर्दै भाजपाले ममता बनर्जीको १५ वर्षे सत्तायात्रामा पूर्णविराम लगाइदिएको थियो। यसअघि तीनपटक सरकारको नेतृत्व गरेको ममता बनर्जीको पार्टी त्रिणमूल कंग्रेस ८० सिटमा खुम्चिएको थियो।

सन् १९७० मा पूर्वमेदिनीपुर जिल्लामा जन्मिएका शुभेन्दु अधिकारीको राजनीतिक यात्रा कंग्रेस पार्टीबाट भएको हो। तृणमूल कंग्रेसमा जोडिनुअघि उनी कंग्रेस पार्टीबाट उदाएका हुन्।

इरानको क्षमतालाई कम आकलन गर्नु अमेरिकाका लागि प्रत्युत्पादक





● मनोज जोशी
जोशी अब्जर्भर रिसर्च फाउन्डेसनका विशिष्ट व्याख्याता हुन्।

आयतोल्लाह अली खामेनीको हत्या गर्ने आफ्नो प्रारम्भिक भुलपछि यो स्पष्ट छ कि इरानमा सत्ता परिवर्तन ट्रम्पको योजनाबाहिर छ

अमेरिका-इजरायल अभियान सैन्य रूपमा विनाशकारी भएको छ। इरानले ठुलो प्रहार भोगेको छ, तर मुख्य मुद्दा यो हो कि अमेरिकी र इजरायली आफूले राखेका उद्देश्य प्राप्त गर्न सफल भएका छन् कि छैनन्? इरानविरुद्धको अमेरिका-इजरायल युद्ध तेस्रो चरणका लागि तयारी रूपमा देखिन्छ। पहिलो चरणमा केबल ध्वस्त हुनबाट जोगिएर नै इरान स्पष्ट विजेता बन्यो। दोस्रो चरण बराबरीमा सकियो, इरानले हर्मुजलाई नाकाबन्दी गऱ्यो, फलस्वरूप संयुक्त राज्य अमेरिकाले अर्को नाकाबन्दी गऱ्यो। तेस्रो चरणको नतिजा कस्तो हुनेछ अझै स्पष्ट छैन।

गत साता ट्रम्पले घोषणा गरे कि 'मानवीय' कदमका रूपमा अमेरिकी नौसेनाले हर्मुज हुँदै विदेशी देशका जहाजलाई मद्दत गर्नेछ, इरानले बाधा पुऱ्याउने प्रयास गरे युद्ध हुन सक्छ। तर, उनको योजनामा के समावेश छ भन्ने कुरा अझै स्पष्ट छैन।

विभिन्न प्रस्ताव र प्रति-प्रस्तावमा चर्चा भइरहेको छ। तर, सारमा अहिले ट्रम्पले इरानी योजनालाई अस्वीकार गरेका छन्, जसमा मूलतः हर्मुज जलमार्ग पुनः खोल्ने, युद्धको अन्त्य गर्ने र त्यसपछिको चरणमा आणविक वार्ता गर्न आह्वान गरिएको छ। अचम्म मान्नु पर्दैन, अमेरिकाले आणविक मुद्दालाई अगाडि बढाउने संशोधनसाथ प्रतिक्रिया दियो। यद्यपि, हालै प्रस्तुत गरिएको रिपोर्टमा इरानले १५ वर्ष वा सोभन्दा बढी समयसम्म संवर्द्धन निलम्बन गर्न र कुनै भण्डारण प्रतिबद्धता दिन इच्छुक रहेको बताएको छ। तर, प्रस्तावले आणविक पूर्वाधार भत्काउने वा यसको सुविधा नष्ट गर्ने विचारलाई अस्वीकार गऱ्यो।

'विकल्प छन्। हामी तिनीहरूलाई पूर्ण रूपमा नष्ट गर्न चाहन्छौं वा सम्झौता गर्ने प्रयास गर्न चाहन्छौं,' ट्रम्पले गत शुक्रबार इरानलाई लक्षित गर्दै चेतावनी दिएका थिए। यीमध्ये कुनै पनि विकल्प उनका लागि राम्रो देखिँदैन। पहिलो सैन्य वृद्धि हो, तर यसले विश्वव्यापी अर्थतन्त्रमा व्यापक परिणाम ल्याउनेछ र त्यसपछि पनि इरानलाई आणविक मोर्चामा धकेल्न निर्णायक परिणाम हुने सम्भावना कम छ। दोस्रो वार्तामार्फत सम्झौता हो, जसमा ट्रम्पले महत्त्वपूर्ण छुट दिनुपर्नेछ। दुवै पक्षले विश्वास गर्छन् कि उनीहरूको हात माथि छ, वा त्यो प्राप्त गर्न खोजिरहेका छन्, यस चरणमा सम्झौता केही हदसम्म गाह्रो देखिन्छ।

अमेरिकाले खोजिरहेको एउटा विकल्प भनेको हर्मुजलाई खुला राख्न बहुराष्ट्रिय कारबाही गर्न आफ्नो गठबन्धनलाई पुनर्जीवित गर्नु हो। ट्रम्प अझै पनि आशा गरिरहेका छन् कि बम विस्फोट गरेर उनले हासिल गर्न नसकेको कुरा लामो समयसम्म नाकाबन्दीबाट प्राप्त गर्न सकिन्छ। समस्या यो हो कि अमेरिका र इजरायलले फेरि एकपटक इरानको क्षमता र लड्ने इच्छालाई कम आकलन गरिरहेका हुन सक्छन्। अमेरिकीहरूले इस्लामिक शासनको एकता र त्यहाँ कथित विभाजनको मुद्दा उठाइरहेका छन्। मुद्दा वास्तवमा त्यो होइन। गतिरोध तोड्न शासनले धेरै प्रस्ताव ल्याएको तथ्यले यो दाबी गरिएभन्दा बढी एकताबद्ध छ भन्ने संकेत गर्छ।

समस्या यो हो कि तेहरानमा कसरी निर्णय लिइँदै छ भन्ने कुरामा ट्रम्प प्रशासनले ध्यान केन्द्रित गरिरहेको छ। इरान आफ्नो स्थापित अडान त्याग्न दबाबमा वार्ताको टेबलमा आइरहेको छैन र यसले आफ्नो लाभको रूपमा हेर्ने बिन्दुबाट वार्ता गरिरहेको छ- इच्छाअनुसार हर्मुज बन्द गर्ने र विश्वव्यापी अर्थतन्त्रलाई असर गर्ने क्षमता।

फेब्रुअरी र अहिले दुवैमा समस्याको मूल जड भनेको अमेरिका र इजरायलले हासिल गर्न सक्ने यथार्थपरक उद्देश्य परिभाषित गर्ने आवश्यकता र क्षमता हो। इरानको तुलनामा अमेरिका र इजरायलसँग अत्यधिक सैन्य शक्ति छ भन्ने कुरामा कसैलाई शंका छैन। तर, विशेषगरी, ब्यालिस्टिक क्षेप्यास्त्र र ड्रोनहरूको प्रयोग, हिजबुल्लाह र हुथीजस्ता यसका सहयोगीका साथ तेहरानका असीमित रणनीति छन्।

अहिले पनि अमेरिकाले वास्तवमा के चाहन्छ भन्ने कुरा स्पष्ट छैन। आयतोल्लाह अली खामेनीको हत्या गर्ने आफ्नो प्रारम्भिक गल्तीपछि यो स्पष्ट छ कि इरानमा सत्ता परिवर्तन ट्रम्पको योजनाबाहिर छ। यो त्यस्तो कुरा होइन, जुन अमेरिकाले लामो समयसम्म स्थल कारबाहीविना गर्न सक्छ। त्यो पनि इराक र अफगानिस्तानभन्दा धेरै गुणा ठुलो देशमा।

धेरैलाई थाहा छैन कि इरानमा दुई समानान्तर सैन्य संरचना छन्। आर्टेस परम्परागत रक्षाका लागि जिम्मेवार नियमित सेना हो भने आइआरजिसीलाई शासनको विचारधाराको रक्षा गर्ने जिम्मेवारी दिइएको छ। एउटाले राष्ट्रपतिमार्फत सर्वोच्च नेतालाई रिपोर्ट गर्छ, अर्कोले सीधै उनलाई रिपोर्ट गर्छ।

अमेरिका-इजरायल अभियान सैन्य रूपमा विनाशकारी भएको छ र इरानले ठुलो प्रहार भोगेको छ। तर, मुख्य मुद्दा यो हो कि अमेरिकी र इजरायली आफूले राखेका उद्देश्य प्राप्त गर्न सफल भए कि भएनन्? अहिलेको जवाफ 'छैन' हो। स्मरण होस् कि अभियानका उद्देश्य स्पष्ट रूपमा १) शासन परिवर्तन हासिल गर्ने, २) इरानको ब्यालिस्टिक क्षेप्यास्त्र क्षमतालाई नष्ट गर्ने, ३) यसको आणविक क्षमतालाई समाप्त गर्ने र ४) इरानलाई हिजबुल्लाह, हुथी र हमासजस्ता क्षेत्रीय सहयोगीलाई समर्थन रोक्न बाध्य पार्नेजस्ता उल्लेख गरिएको थियो। एआईलक्षित गरेर र असाधारण परम्परागत हतियार र इजरायली स्थल गुप्तचरको प्रयोगद्वारा समर्थित दुई महिनाको निरन्तर बमबारीपछि उद्देश्य स्पष्ट रूपमा प्राप्त भएका छैनन्।

■ पेचिलो विषय आणविक मुद्दा

सायद सबैभन्दा महत्त्वपूर्ण असफलता आणविक मुद्दासँग सम्बन्धित छ। इरानसँग समृद्ध सामग्रीको महत्त्वपूर्ण भण्डार छ, जसमा ६० प्रतिशतमा समृद्ध ४४० किलोग्राम युरेनियम समावेश छ। वास्तवमा इरानसँग विभिन्नस्तरमा कुल ११ टन युरेनियम समृद्ध छ। यसको प्रमुख सुविधामध्ये एक नातान्जनजिकै कुह-ए-कोलाग गाज ला (पिकाक्से माउन्टेन) मा रहेको ग्रेनाइट पहाडमुनि अछुतो छ, जुन स्पष्ट रूपमा कुनै पनि अमेरिकी बमको पहुँच हुन सक्दैन। अमेरिकी अभियानको सन्दर्भमा एउटा महत्त्वपूर्ण कुरा के हो भने भवन र सुविधा नष्ट हुन सक्छन् र प्रक्रियामा ढिलाइ हुन सक्छ, तर यदि इरानले आणविक हतियार बनाउने निर्णय गर्छ।

ध्यान दिनुहोस्, अवश्य पनि आइएइए प्रमुख राफेल ग्रोसीसहित धेरैजसो मूल्यांकनले अमेरिका-इजरायली आक्रमणको पूर्वसन्ध्यामा इरानसँग आणविक हतियार कार्यक्रम थिएन भन्ने कुरा उल्लेख गरेका छन्। इरानले त्यस्ता हतियार बनाउने क्षमता जम्मा गर्ने रणनीति अपनाएको थियो, तर २००३ देखि वास्तविक प्रक्रियाबाट पन्छिएको थियो।

त्यसपछि, यसले संयुक्त व्यापक कार्ययोजना (जेसिपिओए) मा हस्ताक्षर गऱ्यो, जुन संयुक्त राष्ट्र संघद्वारा अनुमोदित योजना हो, जसअन्तर्गत इरानले विद्युत् उत्पादन गर्न सक्ने युरेनियम संवर्द्धनलाई ३.६७ प्रतिशतमा सीमित गर्न सहमति जनायो। यसले आफ्नो समृद्ध युरेनियम भण्डारलाई ९८ प्रतिशतले घटाएर केवल ३०० किलोग्राममा झार्ने सहमति पनि गऱ्यो।

(द वायरबाट)

इतिहासमा आज

मे १०



सन् १९९४ : नेल्सन मन्डेला दक्षिण अफ्रिकाको पहिलो अश्वेत राष्ट्रपति बने। तीन सय वर्षभन्दा बढी समयसम्म श्वेतहरूको शासनपछि मन्डेला पहिलोपटक अश्वेत राष्ट्रपति बनेका थिए। राष्ट्रपति बन्नुअघि उनी जातिवादी रंगभेद शासनविरुद्धको लडाइँमा एक प्रमुख व्यक्तित्व थिए। उनले २७ वर्ष जेलजीवन बिताएका थिए।

सन् १९३३ : नाजीहरूले 'जर्मनी भावनाप्रतिकूल' आरोप लगाउँदै समारोह नै आयोजना गरी करिब २५ हजार पुस्तक जलाए। जलाइएका पुस्तकमा अल्बर्ट आइन्स्टाइन, बर्तोल्त ब्रेख्त, सिग्मन्ड फ्रायड र काफ्कालगायतका पुस्तक थिए।

सन् १९४० : विन्स्टन चर्चिल बेलायतका प्रधानमन्त्रीमा नियुक्त।

सन् १९४१ : एडोल्फ हिटलरका सहायक रुडोल्फ हेस शान्ति सम्झौताको मध्यस्थता गर्न प्यारासुटमार्फत स्कटल्यान्ड प्रस्थान। हेसलाई पक्राउ गरी सोधपुछ गरिएको थियो। टावर अफ लन्डनमा बन्दी बनाइएका प्रमुख व्यक्तित्वको लामो लाइनमा उनी अन्तिम थिए। दोस्रो विश्वयुद्धको अन्त्य हुनभन्दा चार वर्षअघि हिटलरले आफ्नो शान्ति मिसनलाई देशद्रोहको रूपमा चित्रण गरेका थिए।

सन् २००२ : अमेरिकाका एफबिआई एजेन्ट रोबर्ट ह्यान्सेनलाई मस्कोका लागि जासुसीका लागि कसुरदार ठहरिएपछि आजीवन कारावासको सजाय सुनाइयो। उनी तत्कालीन रुसका अत्यन्त मूल्यवान् जासुस थिए, जसले एफबिआईमा घुसपैठ गरी सबैभन्दा धेरै क्षति गरेका थिए।

रुस-युक्रेनबिच तीनदिने युद्धविराम

न्युयोर्क/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र युक्रेनबिच तीनदिने युद्धविरामको घोषणा गरेका छन्। युद्धविरामका क्रममा दुई देशबिच एक-एक हजारजना कैदीबन्दी साटासाट गरिने ट्रम्पले उल्लेख गरेका छन्। 'यस युद्धविराममा सबै गतिशील गतिविधि निलम्बन गरिनेछ र प्रत्येक देशबाट एक हजार कैदीको आदानप्रदान पनि समावेश हुनेछ,' अमेरिकी राष्ट्रपतिले भने।

युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले युक्रेनको रुससँग युद्धविराम भएको पुष्टि गरेका छन्। त्यस्तै, रुसी राज्य सञ्चालित सञ्चार माध्यमले पनि युद्धविरामको प्रस्तावमा रुसले सहमति जनाएको बताए। सर्वप्रथम सन् २०२२ को फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि हमला गरेसँगै दुई देशबिच युद्ध भइरहेको छ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २७ वैशाख ०८३

अफ सिजनमै ३०० मेगावाटभन्दा बढी विद्युत् भारत निर्यात

अहिले नेपालमा विद्युत्को आन्तरिक उत्पादन दैनिक ४३ हजार दुई सय ६७ मेगावाट आवर छ, तर खपत भने दैनिक ३८ हजार दुई सय ७३ मेगावाट आवर छ। बढी भएको विद्युत् भारत निर्यात भइरहेको छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पछिल्लो समय पटक-पटक भइरहेको बर्सातले उत्पादन बढ्ने र माग घट्ने भएपछि 'अफ सिजन'मै भारतमा बिजुली निर्यात सुरु भएको छ। अहिले विभिन्न समयमा भारतमा तीन सय मेगावाटभन्दा बढी विद्युत् बिक्री भइरहेको छ। यद्यपि, विद्युत् आयात पनि कायमै छ।

केही समयदेखि कुनै समयमा आयात र कुनै समयमा विद्युत् निर्यात हुने गरेको छ। विशेषगरी रातको समयमा विद्युत् निर्यात बढी हुने गरेको प्राधिकरणका भारप्रेषण केन्द्रका प्रमुख चन्दनकुमार घोषले बताए। नेपालमा रातको समयमा विद्युत्को माग कम छ।

प्राधिकरणले सामान्यतः जेठको अन्तिम सातादेखि पुस पहिलो सातासम्म विद्युत् निर्यात गर्न सक्छ। तर, यसपालि अफ सिजनमै विद्युत् निर्यात गर्न पुगेको हो। पछिल्लो समय पटक-पटक भएको वर्षाले खोलामा पानीको सतह बढेको छ, त्यसले जलविद्युत्को उत्पादन बढेको उनको भनाइ छ। बर्सातकै कारण गर्मीको समयमा समेत तापक्रम भने बढ्न सकेको छैन।


गर्मीको समयमा एसी, पंखाजस्ता विद्युतीय उपकरणको प्रयोग बढ्छ। तर, यसपालि पानी पर्दा मौसम शीतल छ। त्यसले गर्दा एसी, पंखाजस्ता विद्युतीय उपकरणको प्रयोग नभएपछि आन्तरिक माग पनि बढ्न सकेको छैन। यसले गर्दा विद्युत्को माग घटेको छ। यसरी बर्सातका कारण उत्पादन बढ्ने र माग घट्ने भएपछि अफ सिजनमै विद्युत् निर्यात गर्न पुगेको घोष बताउँछन्। 'पछिल्लो समय पटक-पटक भइरहेको झरीले खोलामा पानीको सतह बढेर विद्युत् उत्पादन बढेको छ। तर, माग भने न्यून छ। त्यसरी बचत हुने बिजुली निर्यात भइरहेको छ। विशेषगरी रातको समयमा धेरै विद्युत् निर्यात हुन्छ। यो संयोग मात्रै हो। यो संयोगलाई सदुपयोग गरेको मात्रै हो। तर, प्रवृत्ति अस्थिर छ। कुनै वेला आयात त, कुनै वेला निर्यात हुन्छ। निर्यात धेरै छ। कुनै वेला थोरै त कुनै वेला धेरै विद्युत् निर्यात हुन्छ,' उनले भने, 'कुनै वेला आयात पनि हुन्छ।'

प्राधिकरणको तथ्यांकअनुसार अहिले नेपालमा विद्युत्को आन्तरिक उत्पादन दैनिक ४३ हजार दुई सय ६७ मेगावाट आवर (औसत १८०२ मेगावाट) छ। तर, विद्युत्को माग तथा खपत भने दैनिक ३८ हजार दुई सय ७३ मेगावाट आवर (औसत १५९४ मेगावाट) छ। यसरी अहिले विद्युत्को दैनिक उत्पादनभन्दा खपत कम छ। त्यसरी बाँकी हुने विद्युत् भारतमा निर्यात गरिएको छ।

अहिले नेपालको पिक डिमान्ड १७ सय ५७ मेगावाट छ। निर्यातसहितको पिक डिमान्ड भने २१ सय १४ मेगावाट छ। त्योअनुसार पिक समयमै तीन सय ५७ मेगावाट विद्युत् निर्यात भएको देखिन्छ। अहिले भारतमा दैनिक ६ हजार नौ सय ५० मेगावाट आवर (औसत २९० मेगावाट) विद्युत् निर्यात भएको छ। दैनिक विद्युत् आयात भने १९ सय ५६ मेगावाट आवर (औसत ८१ मेगावाट) भइरहेको छ।

नेपालका अधिकांश जलविद्युत् आयोजनाहरू नदी प्रवाह (आरओआर)मा आधारित छन्। त्योअनुसार बर्सातमा खोलामा पानी बढी हुँदा विद्युत् उत्पादन पनि बढी हुन्छ। जुन समयमा भारतमा बिजुली निर्यातसमेत गर्न सकिन्छ। हिउँदमा खोलामा पानी कम हुँदा भने विद्युत् उत्पादन पनि स्वतः कम हुन्छ, त्यसवेला भने यहाँको माग धान्न भारतबाट नै विद्युत् आयात गर्नुपर्छ। प्राधिकरणले सामान्यतः जेठ अन्तिम सातादेखि पुस पहिलो सातासम्म विद्युत् निर्यात गर्न सक्छ। तर, यसपालि अफ सिजनमै विद्युत् निर्यात भएको छ।

तर, यो अवस्था भने अस्थिर छ। अहिले बेमौसमी रूपमा भइरहेको झरी रोकिएपछि गर्मी बढ्यो भने विद्युत् माग बढ्नेछ। त्यो अवस्थामा आन्तरिक माग धान्न भारतबाट आयात बढाउनुपर्ने अवस्था आउन सक्नेछ। यद्यपि, गर्मीले हिमालको हिउँ पग्लेर खोलामा पानी सतह बढाउनेछ। त्यसले पनि विद्युत् उत्पादन बढाउनेछ। नियमित विद्युत् निर्यात भने मनसुन सुरु भएपछि हुनेछ। प्राधिकरणले भारतमा १२ सय मेगावाट र बंगलादेशमा ४० मेगावाट विद्युत्



विद्युत् प्राधिकरणका भारप्रेषण केन्द्र प्रमुख चन्दनकुमार घोष भन्छन्-



पछिल्लो समय पटक-पटक भइरहेको झरीले खोलामा पानीको सतह बढेर विद्युत् उत्पादन बढेको छ। तर, माग भने न्यून छ। त्यसरी बचत हुने बिजुली निर्यात भइरहेको छ। विशेषगरी रातको समयमा धेरै विद्युत् निर्यात हुन्छ। यो संयोग मात्रै हो। यो संयोगलाई सदुपयोग गरेको मात्रै हो। तर, प्रवृत्ति अस्थिर छ। कुनै वेला आयात त, कुनै वेला निर्यात हुन्छ। निर्यात धेरै छ। कुनै वेला थोरै त, कुनै वेला धेरै विद्युत् निर्यात हुन्छ, कुनै वेला आयात पनि हुन्छ।'

कम पानी पर्ने प्रक्षेपणले भने चिन्ता, बर्खामै विद्युत् उत्पादन घट्ने जोखिम

बेमौसममा संयोगले विद्युत् निर्यात गर्न सकेको प्राधिकरण यसपालि मनसुनमा कम पानी पर्ने पूर्वानुमानले भने चिन्तामा छ। जल तथा मौसम विज्ञान विभागले यसपालि १८ जेठदेखि १४ असोजसम्म कम पानी पर्ने आकलन गरेको छ। तामक्रम पनि सरदरभन्दा बढी हुने अनुमान गरेको छ। त्यसले विद्युत् उत्पादन र आपूर्तिलाई प्रभावित बनाउन सक्ने प्राधिकरणका निर्देशकसमेत रहेका घोष बताउँछन्।

'अहिले अफ सिजनमा विद्युत् निर्यात गर्न सकियो भनेर खुसी हुनुपर्ने अवस्था छैन। हामी खुसी पनि छैनौं। यसपालि मनसुनको समयमै कम पानी पर्ने अनुमान गरिएको छ। खेडरीसमेत हुने भनिएको छ। त्यसले गर्दा खोलामा पानीको सतह बढ्दैन। त्यो अवस्थामा विद्युत् उत्पादन प्रभावित हुन सक्छ,' उनले भने, 'तर, तामक्रम सरदरभन्दा दुई प्रतिशत बढी हुने अनुमान गरिएको भन्ने छ। त्यो अवस्थामा विद्युत् माग भने बढ्नेछ। त्यो अवस्थामा यसपालि मनसुनमै भारतबाट समेत विद्युत् आयात गर्नुपर्ने अवस्था आउन सक्छ। यसपालि मनसुनमा विद्युत् उत्पादन र आपूर्ति चुनौतीपूर्ण नै हुने देखिन्छ।'

स्वदेशी उत्पादनले नपुगेको अवस्थामा भारतबाट आयात गरेर आपूर्ति व्यवस्थापन गर्न सकिने उनले बताए। यसपालि भारतबाट जुलाईदेखि अगस्टसम्म सात सय मेगावाट विद्युत् २४ घण्टा नै आयात गर्न पाउने गरी अनुमति छ। त्यसअघि पनि दैनिक १६ घण्टासम्म विद्युत् आयात गर्न पाउने अनुमति छ। त्यसमार्फत बिजुली खरिद गरेर स्वदेशी माग व्यवस्था गर्न सकिने प्राधिकरणको भनाइ छ। प्राधिकरणले गएको बर्खामा भारत र बंगलादेशमा गरेर २३ अर्ब ७३ करोड ४५ लाख रुपैयाँको बिजुली निर्यात गरेको थियो। यसपालि कति रुपैयाँको विद्युत् निर्यात हुन्छ, त्यो भने हेर्न बाँकी छ।

बजेट र नीति तथा कार्यक्रमका लागि सुझाव लिन छुट्टै पोर्टल

नागरिक, विषयविज्ञ र नीति-निर्माताले 'सुझाव संकलन पोर्टल'बाटै आगामी बजेट र नीति तथा कार्यक्रमका लागि सुझाव दिन र सुझावको अवस्था ट्र्याक गर्न सक्ने, कार्यक्रम र आयोजनाको माग गर्नसमेत सक्ने



नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्षका लागि ल्याइने बजेट र नीति तथा कार्यक्रमका लागि सुझाव लिन छुट्टै अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रक्रियामा आमनागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न 'सुझाव संकलन पोर्टल' सञ्चालनमा ल्याएको हो।

सरकारले आगामी सोमबार आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दै छ। त्यस्तै, १५ जेठमा वार्षिक बजेट ल्याउने संवैधानिक व्यवस्था छ। 'आगामी सोमबार सार्वजनिक हुने नीति तथा कार्यक्रममा जनताका वास्तविक आवश्यकता र मौलिक अपेक्षालाई समेट्दै शासन व्यवस्थालाई थप पारदर्शी र जनमुखी बनाउने उद्देश्यले यो डिजिटल प्लाटफर्मको सुरुवात गरिएको हो,' मन्त्रिपरिषद्को कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'यस पोर्टलका माध्यमबाट देश-विदेशमा रहेका सम्पूर्ण नेपाली नागरिक, विषयविज्ञ र नीति-निर्माताले बजेट निर्माण र विकासका प्राथमिकताका सम्बन्धमा आफ्ना महत्त्वपूर्ण राय-सुझाव सिधै सरकारसमक्ष पेस गर्न सक्नुहुनेछ।

प्रधानमन्त्री बालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले सरकारको नीति-निर्माण प्रक्रियालाई प्रशासनिक घेरामा मात्र सीमित नराखी आमजनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीको मुख्य योजनाअनुरूप यो कदम चालिएको बताइन्। यो पोर्टलले नागरिक र राज्यबिचको दूरी मेटाउँदै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने र प्राप्त भएका सुझावलाई प्रशासनिक तहमा गम्भीरतापूर्वक समीक्षा गरी नीतिगत रूपमै कार्यान्वयनमा लगिने उनले बताइन्।

पहिलो दिन दुई हजारभन्दा बढी सुझाव संकलन

आगामी नीति तथा कार्यक्रम र बजेटका लागि सञ्चालनमा ल्याइएको 'सुझाव संकलन पोर्टल'मा पहिलो दिन दुई हजारभन्दा बढी सुझाव संकलन भएको छ। यसमध्ये बजेटसँग सम्बन्धित ६ सय ८० र नीतिगत नौ सय २९ वटा सुझाव रहेका छन्। पहिलो दिन शनिबार बेलुकी सवा नौ बजेसम्म अन्तरसकारी समन्वयमा तीन सय ७९ वटा, अर्थ, उद्योग, वाणिज्यमा तीन सय ३६, सार्वजनिक वित्त व्यवस्थापनमा ४४, पूर्वाधार विकासमा तीन सय ६२ शिक्षा, स्वास्थ्य र विज्ञानमा तीन सय ४९ र वन वातावरणमा एक सय २२ ओटा सुझाव संकलन भएको देखिएको छ। त्यस्तै, भूमि प्रशासनमा ३५ वटा, सामाजिक सुरक्षामा ४०, नागरिक सेवामा ७४, सुशासनमा ५४, कानुन तथा न्यायमा ३९, कर्मचारी प्रशासनमा ९१ र अन्यमा ८० वटा सुझाव संकलन भएको देखिएको छ।



यसअघि अर्थ मन्त्रालय र मातहतका निकायहरूले बजेटका लागि आमसर्वसाधारण एवं सरोकारवालाबाट इमेल, फोन, चिठीलगायतका माध्यमबाट सुझाव संकलन गर्दै आएका थिए। सम्बन्धित मन्त्रालयले विषयविज्ञ तथा सरोकारवालासँग प्रत्यक्ष छलफलसमेत गरेर सुझाव लिने गरेका थिए। आमसर्वसाधारणले भने इमेल र फोनबाट आफ्ना सुझाव टिपाउन सक्थे। अब भने सर्वसाधारणले अनलाइन पोर्टलमा गएर आफ्ना सुझाव दिन मात्रै होइन, सुझावको अवस्थाबारे जानकारी लिनसमेत सक्नेछन्। जनताले पोर्टलमा दिएका आफ्ना सुझावको पछिल्लो अवस्था र सरकारले चालेको कदमका बारेमा जानकारी लिन सकिने गरी 'सुझाव ट्र्याक गर्ने विशेष सुविधासमेत यस प्रणालीमा समावेश गरिएको छ।

सर्वासाधारणले विभिन्न १३ क्षेत्रमा सुझाव दिन सक्ने व्यवस्था छ। जसमा १. अन्तरसकारी समन्वय, २. अर्थ, उद्योग, वाणिज्य, ३. सार्वजनिक वित्त व्यवस्थापन, ४. पूर्वाधार विकास, ५. शिक्षा, स्वास्थ्य र विज्ञान, ६. वन वातावरण, ७. भूमि प्रशासन, ८. सामाजिक सुरक्षा, ९. नागरिक सेवा, १०. सुशासन, ११. कानुन तथा न्याय, १२. कर्मचारी प्रशासन र १३. अन्य रहेका छन्।

■ ढकमक्क फापर



संखुवासभाको खाँदबारी नगरपालिका- ११, आइलामा खेतबारीभरि फुलेको ढकमक्क फापर। फापरबाट प्रोटिन, फाइबर, आइरन, क्याल्सियम र भिटामिन प्रशस्त पाइने भएकाले पछिल्लो समय यसको माग उच्च छ। फापरको ढिँडो र रोटी सबैको रोजाइमा पर्ने गरेको छ। तस्बिर : नवीन गुरुङ/नयाँ पत्रिका

संक्षेप

दुई कम्पनीलाई बिमा प्राधिकरणले गऱ्यो नियामकीय कारबाही

काठमाडौं/ नेपाल बिमा प्राधिकरणले एक बिमा कम्पनी र एक रि-इन्स्योरेन्स ब्रोकरलाई कारबाही गरेको छ। प्राधिकरणले सगरमाथा लुम्बिनीलाई दुई लाख र लर्ड बुद्धलाई पाँच हजार रुपैयाँ जरिवाना गरेको जनाएको छ। सगरमाथा लुम्बिनीले सम्पत्ति बिमालेखको बिमाशुल्कमा छुट दिएपछि जरिवाना गरिएको देखिएको छ। सम्पत्ति बिमा निर्देशिका, २०८० को दफा २५ को उपदफा २ अनुसार बिमा कम्पनीले सम्पत्ति बिमाको शुल्कमा कुनै प्रकारको छुट, कटौती वा सहुलियत दिन पाउँदैनन्। तर, सगरमाथा लुम्बिनीले त्यसविपरीत काम गरेको देखिएपछि दुई लाख जरिवाना गरेको हो। पहिलोपटक भएका कारण दुई लाख जरिवाना गरिएको प्राधिकरणको भनाइ छ।

यस्तै, लर्ड बुद्ध रि-इन्स्योरेन्स ब्रोकिङले प्राधिकरणको स्वीकृतिविना नै स्वामित्व परिवर्तन गरेपछि कारबाही गरिएको हो। पुनर्बिमा दलालसम्बन्धी निर्देशिका, २०७८ को दफा १५ अनुसार ब्रोकर कम्पनीले प्राधिकरणको स्वीकृतिविना स्वामित्व परिवर्तन गर्न पाउँदैनन्।

मध्यवर्ती क्षेत्रका वन्यजन्तुबाट पीडित महिलालाई मासिक भत्ता

बर्दिया/ बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने एकल तथा घाइते महिलालाई मासिक भत्ता दिइँदै आइएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोषले मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने ३८ जना एकल तथा सख्त घाइते महिलालाई मासिक भत्ता दिने गरेको हो। वन्यजन्तुको आक्रमणबाट श्रीमान् गुमाएका ३० जना एकल महिला र आठजना वन्यजन्तुको आक्रमण सख्त घाइते भएका महिलालाई मासिक एक हजार पाँच सय रुपैयाँ जीविकोपार्जन भत्ता दिने गरेको राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दियाका प्रमुख अजित तुम्बाहाम्फेले बताए।

राष्ट्रिय प्रकृति संरक्षण कोषले दिने गरेको मासिक भत्ता भने सामुदायिक वनआसपास बस्ने एकल महिलाले पाउँदैनन्। तर, वन्यजन्तुको आक्रमणबाट बर्दियाका जुनसुकै ठाउँमा मासिकको मृत्यु भएमा पीडित परिवारलाई राष्ट्रिय प्रकृति संरक्षण कोषले किरिया खर्चबापत ५० हजार सहयोग गर्ने गरेको छ।

रसुवा भन्सारमा रोकिएको भन्सार जाँचपास पुनः सञ्चालन

रसुवा/ रसुवा भन्सार कार्यालयमा एमआरपी (अधिकतम खुद्रा मूल्य) स्टिकर अनिवार्य गर्ने व्यवस्थाका कारण रोकिएको भन्सार जाँचपास पुनः सञ्चालनमा आएको छ। आयातकर्ताले सामान गोदाममा पुऱ्याएपछि एमआरपी स्टिकर टाँसेर मात्र बिक्री गर्ने प्रतिबद्धता जनाएपछि जाँचपास प्रक्रिया नियमित गरिएको हो। गत असार २४ गते आएको बाढीले प्रभावित बनेको रसुवा भन्सार कार्यालय मितेरी पुल निर्माणपछि गत पुस १७ गतेदेखि पुनः सञ्चालनमा आएको थियो। त्यसपछि वैशाख १५ गतेदेखि आयातित वस्तुमा अनिवार्य एमआरपी स्टिकर टाँस्नुपर्ने नियम लागू गरिएसँगै जाँचपास रोकिएको थियो।



रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईका अनुसार आयातकर्तासँगको सहमतिपछि भन्सार प्रक्रिया पुनः सुरु भएको हो। उनले जाँचपास पुनः सञ्चालन भएसँगै राजस्व संकलनमा वृद्धि भएको जानकारी दिए।

दूरसञ्चार प्राधिकरण अध्यक्ष र सदस्यका लागि दरखास्त आह्वान

सुरक्षा मुद्रणमा कार्यकारी निर्देशकको पदपूर्ति प्रक्रिया सुरु

काठमाडौं/ सरकारले नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष र सदस्य तथा सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदका लागि दरखास्त आह्वान गरेको छ। सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले सूचना प्रकाशन गर्दै प्राधिकरण अध्यक्ष र सदस्यहरू तथा केन्द्रको कार्यकारी निर्देशक पदका लागि दरखास्त आह्वान गरेको हो।

सरकारले हालै अध्यादेश ल्याएर सार्वजनिक पदाधिकरीको स्वतः पदमुक्ति हुने व्यवस्था गरेको थियो। सोहीअनुसार सञ्चार मन्त्रालयमातहतका प्राधिकरण, केन्द्र, समिति, बोर्ड तथा आयोगलगायतका पदाधिकारीसमेत स्वतः पदमुक्त भएका थिए। अहिले मन्त्रालयले अध्यादेशबाट रिक्त भएका पदपूर्तिको प्रक्रिया अघि बढाएको हो।

मन्त्रालयले प्राधिकरणमा अध्यक्षका साथै प्राविधिक तथा प्रशासनिक क्षेत्रबाट एक, बजार व्यवस्थापन क्षेत्रबाट एक, लेखा तथा लेखा परीक्षण क्षेत्रबाट एक र कानुनी क्षेत्रबाट एक गरी चार सदस्य नियुक्ति प्रक्रिया अघि बढाएको छ।

तोकिएको योग्यता पूरा हुने नेपाली नागरिकले ५ जेठसम्म मन्त्रालयमा दरखास्त दिनुपर्नेछ। अध्यक्षका लागि ३० वर्ष पूरा नभई ६५ वर्ष नकटेको, स्नातक वा सोसरह उत्तीर्ण भएको र सम्बन्धित क्षेत्रमा १० वर्षको अनुभव पुगेको हुनुपर्नेछ। सदस्यका लागि तोकिएको क्षेत्रमा सात वर्ष अनुभव भएको तथा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ।

त्यस्तै, सुरक्षण मुद्रणको कार्यकारी निर्देशकका लागि ३० वर्ष पूरा भई ६० वर्ष ननाघेको, स्नातकोत्तर उपाधि हासिल गरेको र कम्तीमा पाँच वर्षको कार्यअनुभव भएको हुनुपर्नेछ। तोकिएको योग्यता पूरा हुने नेपाली नागरिकले ५ जेठसम्म मन्त्रालयमा दरखास्त दिनुपर्नेछ।

गण्डकीमा बढाइयो सार्वजनिक यातायातको भाडा

कास्कीमा **रोहितराज पराजुली**

इन्धनमा भएको मूल्यवृद्धिपछि गण्डकी प्रदेश सरकारले सार्वजनिक सवारीसाधनको भाडा वृद्धि गरेको छ। गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० को नियम ७६ बमोजिम भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्रीले मन्त्रीस्तरीय निर्णय गर्दै प्रदेशमा सञ्चालन हुने भाडाका सवारीसाधनको भाडादर समायोजन गरेका हुन्। गण्डकी प्रदेशमा यसअघि १ फागुन ०७८ मा भाडा समायोजना भएको थियो।

हाल भाडा समायोजनपछि पोखरा उपत्यकामा सञ्चालन हुने यात्रुवाहक सार्वजनिक सवारीसाधन अर्थात् सिटीबसको हकमा २० किलोमिटरसम्मको दूरीमा यात्रा गर्दा सुरुको तीन किलोमिटरको भाडा २४ रुपैयाँ कायम गरिएको छ। तीन किलोमिटरपछि थप प्रतिकिलोमिटरको तीन रुपैयाँका दरले थप शुल्क तिर्नुपर्नेछ। २० किलोमिटर लामो दूरीमा यात्रा गर्दा प्रतिकिलोमिटर तीन रुपैयाँ भाडा कायम गरिएको मन्त्रालयकी प्रवक्ता मुना अधिकारीले जानकारी दिइन्। समायोजन हुनुपूर्व २० किलोमिटरसम्मको सुरुको भाडा २० रुपैयाँ र त्यसपछि प्रतिकिलोमिटर २.५० रुपैयाँ रहेको थियो भने २० किलोमिटरमाथि प्रतिकिलोमिटर २.५० रुपैयाँ भाडा रहेको थियो।



पेट्रोलबाट चल्ने ट्र्याक्सीको हकमा फ्ल्याग डाउन यसअघिकै ८० रुपैयाँ कायम गरिएको छ। त्यसपछि पल्स (प्रत्येक दुई सय मिटर)को थप ११ रुपैयाँ र १५ किलोमिटरभन्दा माथिको दूरीका लागि प्रतिकिलोमिटर ४३ रुपैयाँ, रात्रिकालीन समय राति नौदेखि बिहान चार बजेसम्मका लागि प्रतिपल्स थप १७ रुपैयाँ कायम गरिएको छ। यसअघि १५ किलोमिटरसम्मका लागि फ्ल्याग डाउनबापत सुरुमा ८० रुपैयाँ, त्यसपछि पल्सको १० रुपैयाँ र १५ किलोमिटरभन्दा बढी दूरीको यात्रामा भने प्रतिकिलोमिटर ३७.५० रुपैयाँ भाडा रहेको थियो।

जिपमा प्रतिकिलोमिटर प्रतियात्रु यसअघि ५.५० रुपैयाँ रहेकोमा त्यसलाई बढाएर सात रुपैयाँ भाडा कायम गरिएको छ। मालवाहक सार्वजनिक सवारीसाधनको हकमा प्रतिकिलोमिटर प्रतिटन भाडा ११.७२ रुपैयाँबाट बढाएर १५ रुपैयाँ कायम गरिएको छ। प्रदेशमा सञ्चालनमा हुने यात्रुवाहक बसमा प्रतिकिलोमिटर चार रुपैयाँ भाडा कायम गरिएको छ। यसअघि बसको भाडा ३.१ रुपैयाँ थियो।

यसैगरी, एयरपोर्ट ट्र्याक्सीको हकमा फ्ल्याग डाउन ८० रुपैयाँ, त्यसपछि पल्स (प्रत्येक दुई सय मिटर)को थप १२ रुपैयाँ र १५ किलोमिटरभन्दा माथिको दूरीका लागि प्रतिकिलोमिटर ४३ रुपैयाँ, रात्रिकालीन समय राति नौदेखि बिहान चार बजेसम्मका लागि प्रतिपल्स थप १७ रुपैयाँ कायम गरिएको छ। यसअघि एयरपोर्ट ट्र्याक्सीका लागि छुट्टै भाडा तोकिएको थिएन।प्रदेशमा सञ्चालन हुने यात्रुवाहक एवं मालवाहक विद्युतीय सवारीसाधनको हकमा यसअघिकै भाडा कायम गरिएको छ।

यात्रुका लागि १५ किलोसम्मको सामान निःशुल्क र १५ किलोभन्दा बढी १० किलोसम्म प्रतिकेजी पाँचका दरले भाडा तिर्नुपर्ने प्रवक्ता अधिकारीले जानकारी दिइन्। प्रदेशका पोखरा उपत्यकालगायत १५ किलोमिटर दूरीभित्र ट्र्याक्सीले अनिवार्य रूपमा मिटर सञ्चालन गर्नुपर्ने उनले जानकारी दिइन्।

खाँदबारीमा खाद्य प्रशोधनसम्बन्धी तीनदिने तालिम सुरु

तालिममा आँप, कागती, खुर्सानी, मुला, गाजर र सिमीलगायत अचार बनाउने विधि, सरसफाइ, प्याकेजिङ तथा बजारीकरणसम्बन्धी जानकारी दिइने



संखुवासभामा **नवीन गुरुङ**

संखुवासभाको सदरमुकाम खाँदबारीमा खाद्य प्रशोधनअन्तर्गत अचार बनाउने तीनदिने तालिम सुरु भएको छ । तालिम राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ संखुवासभाको आयोजनामा शनिबारदेखि सुरु भएको हो । खाँदबारी नगरपालिकाका मेयर महेश थपलियाले तालिमको उद्घाटन गरेका हुन् । तालिमपछि व्यवसायीले अचारमा छुट्टै पहिचान दिने गरी लाग्नुपर्ने थपलियाले बताए ।

त्यसैगरी, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ संखुवासभाका कार्यालय प्रमुख नवराज गुरुङले व्यावसायिक रूपमा अचार बनाई कृषकलाई आत्मनिर्भरतातर्फ डोऱ्याउन तालिम आयोजना गरिएको बताए । गाउँघरमा नै उत्पादन भएका कच्चा पदार्थबाट अचार बनाएर जिल्लाभित्र र बाहिरसम्म पुऱ्याई बिदेसिने युवालाई रोजगारी दिने उनको भनाइ छ । कार्यालयको सहयोगमा खाँदबारीमा दुईवटा अर्गानिक कृषि कोसेली घर सञ्चालनमा आएको बताउँदै अचारको बेग्लै ब्रान्डिङ बनाउन सके राम्रो हुने कार्यालय प्रमुख गुरुङको भनाइ छ ।

तालिममा संखुवासभाका सात र भोजपुरका तीनजना गरी १० जना सहभागी छन् । स्थानीय महिला-पुरुषलाई स्वरोजगार तथा आय-आर्जनसँग जोड्ने उद्देश्यले तालिम सञ्चालन गरिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यालयले जनाएको छ । तीनदिने तालिममा एबिसी फुड ल्याब एन्ड कन्सल्टेन्सी प्रालि मोरङका म्यानेजर गौरव लुइटेलले सहजीकरण गरिरहेका छन् ।

गाउँघरमा सबैले अचार बनाएकै हुन्छन्, त्यसलाई प्राविधिक ढंगले नबिघ्रिने र लामो समयसम्म कसरी भण्डार गरेर राख्न सकिन्छ भन्नेबारे सिकाइने प्रशिक्षक लुइटेलले जानकारी दिए । आँप, कागती, खुर्सानी, मुला, गाजर र सिमीलगायत विभिन्न प्रकारका अचार बनाउने विधि, सरसफाइ, प्याकेजिङ तथा बजारीकरणसम्बन्धी जानकारी प्रदान गरिने जनाएको छ ।

बजार सुशासन कायम गराउन विशेष अभियान चलाउँदै सरकार

सोमबारदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह', स्थानीय तहदेखि केन्द्र सरकारसम्मै अनुगमन र कारबाहीमा सक्रिय हुने

नयाँ पत्रिका

बजारमा अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोगक्ता ठगी भएको गुनासो बढ्न थालेपछि सरकारले त्यसलाई नियन्त्रण गर्न विशेष अभियान चलाउने भएको छ । सरकारले सोमबारदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्ने भएको हो । ३ जेठसम्म चल्ने यस विशेष अभियानअन्तर्गत स्थानीय तहदेखि केन्द्र सरकारसम्मै अनुगमनमा विशेष सक्रिय हुनेछन् ।

बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले सोमबारदेखि देशभर विशेष अभियान सञ्चालन गर्ने भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रधानमन्त्रीको कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्न लागिएको हो ।

प्रधानमन्त्री बालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न यो अभियान सञ्चालन गर्न लागिएको बताइन् । सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप रोक्न कोसेढुंगा साबित हुने विश्वास लिइएको उनले बताइन् ।

बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नहुँदा र उपभोक्ताले वास्तविक मूल्य थाहा नपाउँदा ठगिनेक्रम बढेको विषयमा गुनासो बढेपछि सरकारले अभियान सञ्चालन गर्न लागेको मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । 'बजारमा उपलब्ध हुने हरेक वस्तु तथा सेवाको मूल्यमा स्पष्टता र पारदर्शिता ल्याउन, व्यापारी र सेवाप्रदायकलाई जवाफदेही बनाउन, अनिवार्य मूल्यसूचीको व्यवस्था लागू गर्न र अनुगमन प्रणालीलाई चुस्त बनाउँदै दोषीमाथि तत्काल कारबाही सुनिश्चित गर्न यो अभियान सुरु गर्न लागिएको हो,' कार्यालयको विज्ञप्तिमा उल्लेख छ ।



उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचारअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको छ । सात दिनसम्म चल्ने यो विशेष अभियान कार्यान्वयनका लागि गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री कार्यालय र स्थानीय तहलाई निर्देशन दिइसकिएको प्रधानमन्त्रीका प्रेसविज्ञ दाहालले जानकारी दिइन् । सबै सरोकार भएका निकाय, नागरिक समाज र सञ्चारकर्मीलाई यस अभियानमा सहयोग र बजारमा हुने अनियमितताको खबरदारी गर्नसमेत उनले आग्रह गरिन् ।

> आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न अभियान सञ्चालन, सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप रोक्न कोसेढुंगा साबित हुने विश्वास

■ स्थानीय तहदेखि केन्द्र सरकारले अनुगमन गर्ने

यस अभियानअन्तर्गत प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवाप्रदायकलाई अनिवार्य रूपमा मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्नेछन् । यस्तै, जिल्ला प्रशासन कार्यालयलाई जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ । केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्यांकन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

कर्पोरेट

सिटिजन लाइफको 'लिडर्स मिट' कार्यक्रम



काठमाडौं / सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले 'सिटिजन लिडर्स मिट' कार्यक्रम गरेको छ । कम्पनीको सुर्खेत, वीरेन्द्रनगर शाखाले अभिकर्ताको क्षमता अभिवृद्धि तथा नेतृत्व विकास गर्न उक्त कार्यक्रम गरेको हो । कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेल, चिफ मार्केटिङ अफिसर भूषण रिमाल, माइक्रो डिपार्टमेन्ट हेड रीता पाठक, तालिम विभाग प्रमुख कुबेर पाठक तथा कर्णाली प्रदेश प्रमुख लक्ष्मण मरासिनीलगायतको सहभागी थियो ।

कार्यक्रममा अभिकर्ता पेसाको वर्तमान अवस्था, अवसर तथा चुनौतीका विषयमा छलफल गरिएको कम्पनीले जनाएको छ । विशेषगरी अभिकर्तालाई व्यावसायिक रूपमा सक्षम, आत्मनिर्भर र प्रतिस्पर्धी बनाउन आवश्यक सिप तथा रणनीतिबारे जानकारी दिइएको थियो ।

सिइओ पौडेलले अभिकर्ता पेसालाई रोजगारीको माध्यम मात्र नभई स्वरोजगार बन्ने महत्त्वपूर्ण अवसरका रूपमा लिनुपर्ने बताए । उनले पछिल्लो समय यो पेसा मर्यादित बन्दै गएको पनि उल्लेख गरे । यसको भविष्यसमेत उज्ज्वल रहेकाले अभिकर्तालाई निरन्तर मिहिनेत र प्रतिबद्धतासहित अगाडि बढ्न प्रेरित गरे । सहभागी अभिकर्ताले कार्यक्रमले नयाँ ऊर्जा, सिप र दृष्टिकोण प्रदान गरेको बताए ।

नेपाल बैंकका ग्राहक र कर्मचारीलाई बिएन्डबी हस्पिटलमा छुट



काठमाडौं / नेपाल बैंक लिमिटेडका ग्राहक र बैंकमा कार्यरत कर्मचारीले ललितपुरको ग्वार्कोस्थित बिएन्डबी हस्पिटलमा उपचार गराउँदा छुट दिनेसम्बन्धी सम्झौता भएको छ ।

सम्झौतापत्रमा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजन प्रमुख निर्मल सुवेदी र हस्पिटलका तर्फबाट प्रशासन प्रमुख प्रकाशकुमार भट्टराईले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार ग्राहक र कर्मचारीले सो हस्पिटलमा उपचार गराउँदा लाग्ने शुल्कमा बैंकको मोबाइल बैंकिङ एपबाट रकम भुक्तानी गर्दा १५ प्रतिशत छुट हुनेछ । बैंकले देशभरका दुई सय ३१ शाखा, दुई सय ४६ एटिएमका साथै ६१ एक्स्टेन्सन काउन्टरमार्फत २७ लाख ग्राहकलाई वित्तीय सेवा दिँदै आएको छ ।

तुलसीपुरमा लामिनार टायलको सप्लायर्स



दाङ / तुलसीपुरमा लामिनार टायलको सप्लायर्स सञ्चालनमा आएको छ । सिद्धार्थ मार्बल हाउसको सहकार्यमा शुक्रबार टायलको सप्लायर्स उद्घाटन गरिएको हो । सिद्धार्थले यसअघि हार्डवेयरको क्षेत्रमा काम गर्दै आएको थियो । तुलसीपुरसहित अन्य जिल्लामा पनि उक्त टायल विस्तार गर्ने तयारी रहेको सिद्धार्थका सञ्चालक रामबहादुर खड्काले बताए ।

लुम्बिनी सेरामिक्सद्वारा उत्पादित उक्त लेमिनार टायल नेपाल गुणस्तर तथा नापतौल विभागको 'भिट्रिफाइड टायल्स'को गुणस्तर चिह्न प्राप्त टायल हो । पूर्ण भिट्रिफाइड टायललाई अन्तर्राष्ट्रिय बजारमा समेत उच्च गुणस्तरको श्रेणीमा राख्ने गरिन्छ ।

बर्दियामा उत्पादित 'लामिनार' टायल भारतमा समेत निर्यात हुँदै आएको छ । कार्यक्रममा बोल्दै कम्पनीका प्रतिनिधि गौरव बस्नेतका अनुसार भारतको उत्तर प्रदेश, बिहार, झारखण्डलगायतमा निर्यात भइरहेको छ । उनका अनुसार महिनामा १५ ट्रक टायल निर्यात हुने गरेको छ, जुन नेपाली २५ लाख रुपैयाँबराबर हो । विगतमा बाहिरी देशबाट टायल भित्र्याउनुपर्ने बाध्यता रहे पनि अहिले त्यो बाध्यता हटेको बस्नेतले बताए । 'विगतमा यो प्रविधिको टायल भारत, चीन, इटालीबाट ल्याउनुपर्थ्यो,' उनले भने, 'तर, अहिले हामी भारत निर्यात गर्न सक्ने भएका छौं ।'

रेडमी ए-७ प्रो सार्वजनिक, मूल्य १८ हजार

काठमाडौं / प्रविधि कम्पनी साओमीले शक्तिशाली क्षमता, उत्कृष्ट कार्यसम्पादन र आकर्षक डिजाइनसहित नयाँ स्मार्टफोन रेडमी ए-७ प्रो सार्वजनिक गरेको छ । ठुलो ब्याट्री, ठुलो स्क्रिन तथा सुधारिएको सफ्टवेयर अनुभवसहित यो स्मार्टफोन नेपाली बजारमा उपलब्ध गराइएको कम्पनीले जनाएको छ । रेडमी ए-७ प्रो सनसेट अरेन्ज, पाम ग्रिन, मिस्ट ब्लु र ब्ल्याक गरी चार आकर्षक रङमा उपलब्ध छन् । यसमा ६.९ इन्चको एचडी डिस्प्ले र ८.१५ मिमि स्लिम बडी रहेको छ, जसले प्रयोगकर्तालाई उत्कृष्ट दृश्य अनुभव प्रदान गर्छ ।



कम्पनीका अनुसार यस स्मार्टफोनमा ६ हजार एमएएच क्षमताको शक्तिशाली ब्याट्री छ, जसले गर्दा लामो समयसम्म चार्ज टिक्छ । यस्तै, १५ वाट फास्ट चार्जिङ सपोर्टका कारण फोनलाई एकपटक चार्ज गर्दा करिब २.३७ दिनसम्म प्रयोग गर्न सकिने पनि कम्पनीले जनाएको छ । यो मोडेलमा १३ मेगापिक्सेल एआई डुअल रियर क्यामरा र आठ मेगापिक्सेल फ्रन्ट क्यामरा छ । ठुलो सेन्सर तथा नाइट मोड सुविधाका कारण कम प्रकाशमा पनि उत्कृष्ट तस्बिर खिच्न सकिने बताइएको छ ।

१२ एनएम प्रोसेसरद्वारा सञ्चालित यो स्मार्टफोन ब्राउजिङ, भिडियो स्ट्रिमिङ, हल्का गेमिङ तथा मल्टिटास्किङका लागि प्रभावकारी हुने कम्पनीको दाबी छ । साथै, साओमी हाइपर ओएस ३ र युएफएस २.२ स्टोरेज प्रविधिको संयोजनले एप लोडिङ तथा सिस्टमको कार्यसम्पादनलाई अझ स्मुथ बनाएको बताइएको छ । यो स्मार्टफोनमा ग्राहकले दुई वर्षको वारेन्टी पाउनेछन् भने दुई टिबीसम्मको एक्सटेन्डेबल एक्स्टर्नल स्टोरेज सपोर्ट पनि छ । ४/६४ जिबी भेरियन्टमा उपलब्ध हुने यसको मूल्य १७ हजार नौ सय ९९ तोकिएको छ ।

चितवन अटो सोमा एमएडब्लूका सयभन्दा बढी गाडी बुकिङ

काठमाडौं / एमएडब्लू ग्रुपले चितवन अटो सो २०२६ मा एक सयभन्दा बढी गाडीको बुकिङ प्राप्त गरेको छ । यसलाई ऐतिहासिक उपलब्धि मानेको छ । भरतपुरस्थित चितवन एक्स्पो सेन्टरमा आयोजित उक्त कार्यक्रममा सहभागी अटोमोबाइल ब्रान्डबाट बुकिङ प्राप्त भएको कम्पनीले जनाएको छ ।



कम्पनीका अनुसार उपलब्धि कुनै एक ब्रान्डको सफलता मात्र नभई एमएडब्लू ग्रुपअन्तर्गतका अटोमोबाइल ब्रान्ड र मोबिलिटी समाधानको संयुक्त सफलताको परिणाम हो । कम्पनीले व्यक्तिगत सवारीसाधनदेखि व्यावसायिक यातायातसम्मको क्षमता प्रदर्शन गरेको थियो । कार्यक्रममा विशेषगरी फोटोन मोटर्सका लागि ल्याइएका आकर्षक अफरले ग्राहकको उत्साह बढाएको बताइएको छ । खरिदकर्तालाई फ्यामिली रिट्रिट प्याकेज, ५५ इन्चको टेलिभिजन, रेफरल बोनस, गिफ्ट ह्याम्पर तथा विशेष नगद छुटजस्ता सुविधा पनि प्रदान गरिएको थियो ।

कार्यक्रममा फोटोन मोटर्सले 'कमर्सियल भेहिकल' सेग्मेन्टअन्तर्गत 'बेस्ट एक्जिबिटर' अवार्डसमेत प्राप्त गरेको थियो । यसले व्यावसायिक मोबिलिटीको क्षेत्रमा ब्रान्डको प्रभावशाली उपस्थिति र नेतृत्वलाई प्रमाणित गरेको कम्पनीको भनाइ छ । १०० भन्दा बढी गाडी बुकिङले कम्पनीको विश्वसनीय बिक्री सेवा, उत्कृष्ट आफ्टर सेल्स सपोर्ट तथा ग्राहकको दीर्घकालीन प्रतिबद्धताप्रतिलाई प्रतिनिधित्व गरेको जनाइएको छ ।

कामना सेवा विकास बैंकद्वारा वालिङको बाल शिक्षा निकेतनलाई स्टेसनरी सामग्री सहयोग

काठमाडौं / कामना सेवा विकास बैंक लिमिटेडले स्याङ्जास्थित बाल शिक्षा निकेतन आधारभूत विद्यालयमा अध्ययनरत विपन्न विद्यार्थीलाई स्टेसनरी सामग्री सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शाखा कार्यालय वालिङमार्फत सहयोग गरेको हो ।



बैंकको पोखरा क्षेत्र प्रमुख शिवकुमार ढकालले उक्त विद्यालयका नर्सरीदेखि कक्षा आठसम्म अध्ययनरत एक सयभन्दा बढी विद्यार्थीलाई विभिन्न प्रकारका शैक्षिक सामग्री वितरण गरेका हुन् । सामग्री हस्तान्तण कार्यक्रममा बोल्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विमल अर्यालले बैंकले गरेको सहयोगप्रति धन्यवाद व्यक्त गरे । यस्ता सामग्रीले विद्यार्थीको सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउँदै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको मनोबल बढाउनुका साथै शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव पार्ने धारणा राखे । बैंकका पोखरा क्षेत्र प्रमुख ढकालले विद्यार्थीको पठनपाठनमा थप सहजता र प्रेरणा मिल्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा बैंकका कर्मचारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीको उपस्थिति थियो । यससँगै बैंकले आगामी दिनमा समेत सरोकारवालाको समन्वय तथा सहकार्यमा यस्ता प्रकृतिका साक्षरता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

गोल्यान ग्रुपको जेन-जी सहिदका सन्तानलाई शैक्षिकवृत्ति र अभिभावकलाई स्वास्थ्य बिमा

काठमाडौं / गोल्यान ग्रुपले जेन-जी सहिद परिवारलाई शैक्षिकवृत्ति र स्वास्थ्य बिमाको प्रतिबद्धता पूरा गरेको छ । पहिलो चरणमा २२ जना सहिदका ३१ बालबालिकालाई शैक्षिकवृत्ति सम्झौता सम्पन्न गरेको ग्रुपले दोस्रो चरणमा बिहीबार थप २२ सहिदका ४३ आमा-बुबालाई वार्षिक १० लाखसम्मको स्वास्थ्य बिमा प्रदान गर्ने सम्झौता गरेको छ ।



०८२ भदौ २३ र २४ को जेन-जी आन्दोलनमा मृत्यु भएकामध्ये सरकारले ४५ जनालाई सहिद घोषणा गरेको थियो । गोल्यान ग्रुपले असोज २४ गते सहिद परिवारको शिक्षा र स्वास्थ्यको जिम्मेवारी लिने घोषणा गरेको थियो । सोहीअनुसार पहिलो चरणमा ०८२ बाटै लागू हुने गरी बालबालिकालाई शैक्षिकवृत्ति कार्यक्रम प्रदान गरेको गोल्यान ग्रुपले जनाएको छ ।

शैक्षिकवृत्तिमा २२ सहिदका ३१ बालबालिका आबद्ध छन् । उनीहरूलाई प्रतिविद्यार्थी मासिक ४० हजारका दरले वार्षिक अधिकतम चार लाख ८० हजार रुपैयाँको शैक्षिकवृत्ति प्रदान गरिएको छ । शैक्षिकवृत्ति सम्झौतापछि बालबालिकाहरू काठमाडौंको युरो स्कुल, त्रिज्योति सेकेन्डरी स्कुल, गोल्डेन पिक स्कुल, ललितपुरको डिएभी सुशील केडिया विश्वभारती स्कुलमा अध्ययन गरिरहेको ग्रुपले जनाएको छ ।

साथै, झापाको ग्रिन फिल्ड वर्ल्ड स्कुल, चितवनको स्मल हेभन मोडेल स्कुल, पोखराको अर्ली चाइल्डहुड एकेडेमी, बुटवलको स्कलर्स होम बोर्डिङ हाइस्कुल, सुनसरीको मिनील्यान्ड सेकेन्डरी स्कुल, लहानको स्कुल अफ स्कलर्समा पनि बालबालिकाले अध्ययन गरिरहेका छन् ।

शैक्षिकवृत्तिमा विद्यार्थीको मासिक शैक्षिक शुल्क, खाना तथा खाजा शुल्क, छात्रावास शुल्क, यातायात शुल्क, विद्यालयद्वारा सञ्चालित अतिरिक्त क्रियाकलापका शुल्क, वार्षिक भर्ना शुल्क, प्रशासनिक शुल्क, पुस्तक तथा स्टेसनरी खर्च, विद्यालयको पोसाक शुल्कलगायत सम्पूर्ण शुल्कहरू समावेश गरिएको गोल्यान ग्रुपले जनाएको छ ।

शैक्षिकवृत्तिमा नसमेटिएका सहिद परिवारका लागि स्वास्थ्य बिमा प्रदान गरिएको हो । यसअन्तर्गत सहिदका बुबाआमालाई वार्षिक एकमुस्ट १० लाखबराबरको आजीवन स्वास्थ्य बिमा प्रदान गरिएको बताइएको छ ।

ग्रोथ फोरमले पेस गऱ्यो एसएमईकेन्द्रित आर्थिक रूपान्तरणको खाका

काठमाडौं / ग्रोथ फोरम नेपाल, २०२६ अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । एम्बार्क कलेजले युनिभर्सिटी अफ रोहम्प्टन (युके)सँगको प्राज्ञिक साझेदारीमा सम्मेलनको आयोजना गरेको हो । सम्मेलनमा नीति-निर्माता, उद्योगी, प्राज्ञिकविज्ञ, उद्यमी, लगानीकर्ता तथा विकास साझेदारहरूको उल्लेखनीय सहभागिता थियो । सम्मेलनमा साना तथा मझौला उद्यम तथा अतिसाना, साना र मझौला उद्यमलाई नेपालको आर्थिक विकासको प्रमुख आधारका रूपमा स्थापित गर्ने विषयमा छलफल गरिएको थियो ।

एम्बार्क कलेजका कार्यकारी निर्देशक आशिष ठाकुरले उद्घाटन मन्तव्य दिँदै एसएमईलाई राष्ट्र निर्माणको मेरुदण्डका रूपमा व्याख्या गरेका थिए । उनले प्राज्ञिक संस्था र बजारबिचको दूरी घटाउन अनुसन्धानमुखी अभ्यास आवश्यक रहेकोमा जोड दिए । काठमाडौं विश्वविद्यालयका प्राडा अच्युतप्रसाद वाग्लेले नेपाल नीति छलफलमा सीमित भएको र समृद्धिकेन्द्रित कार्यान्वयन कमजोर रहेको टिप्पणी गरेका छन् । उनले एसएमईलाई स्वरोजगारको सीमित दृष्टिकोणबाट बाहिर ल्याएर उत्पादन र नवप्रवर्तनमा केन्द्रित गर्नुपर्ने बताए ।

डा. राजेन्द्रप्रताप गुप्ताले जर्मनीको 'मिट्टेलस्ट्यान्ड' मोडेललाई उदाहरण दिँदै नेपालका लागि एसएमईकेन्द्रित विकास मोडेल आवश्यक रहेको बताए । उनले डिजिटल पहुँच, हरित ऊर्जा र महिला-युवा उद्यमशीलतालाई प्राथमिकता दिनुपर्ने सुझाव दिए । एफएओका प्रतिनिधि केन सिमिजुले कृषिमा आधारित एसएमई, खाद्य सुरक्षा र ग्रामीण जीवनस्तर सुधारमा उद्यमहरूको भूमिका महत्त्वपूर्ण रहेको बताए ।

प्यानल छलफलमा व्यवसाय गर्न सहज वातावरण, नियमन सुधार र डिजिटल सुशासन विषयमा चर्चा भयो । नेपाल उद्योग परिसंघ अध्यक्ष वीरेन्द्रराज पाण्डेले 'सिंगल डोर नीति' आवश्यक रहेको बताए ।

राष्ट्रिय योजना आयोगकी सदस्य रेशु अर्याल ढुंगानालेडिजिटल साक्षरता र समावेशी नीतिमा जोड दिएका छन् । यस्तै, महिला उद्यमी संघकी अध्यक्ष दर्शना



श्रेष्ठले वित्तीय पहुँच र बजार पहुँच महिलाका लागि प्रमुख चुनौती भएको धारणा राखिन् ।

सम्मेलनले नेपालका लागि चार प्रमुख प्राथमिकता डिजिटल एकीकृत 'सिंगल डोर नीति', प्रादेशिक समावेशी सुशासन, व्यावहारिक र स्थानीय शिक्षा प्रणाली, बैंकिङ क्षेत्रमा रहेको तरलता उत्पादनशील क्षेत्रमा रूपान्तरण पहिचान गरेको छ । आयोजकले सम्मेलनलाई नेपाललाई निर्वाहमुखी अर्थतन्त्रबाट नवप्रवर्तनमुखी अर्थतन्त्रतर्फ लैजाने महत्त्वपूर्ण प्रयासका रूपमा लिएको जनाएको छ ।

बबई रिसोर्टले दियो अपांगता भएकालाई रोजगारी

काठमाडौं / बर्दियामा रहेको बबई रिसोर्टले अपांगता भएका ६ जनालाई रोजगारी दिएको छ । ठाकुरबाबा नगरपालिका- ९, ठाकुरद्वारामा रहेको रिसोर्टले उनीहरूलाई रोजगारी दिएको हो । रिसोर्टले पाँच वर्षदेखि सुनाइ र बोलाइसम्बन्धी अपांगता भएका व्यक्तिलाई पनि रोजगारीको अवसर दिएको छ ।

रिसोर्टमा काम गर्ने अपांगता भएका व्यक्ति बाँकेको कोहलपुर, नेपालगन्जका र बर्दियाका राजापुर र मधुवन नगरपालिकाका हुन् । रिसोर्टमा काम गर्नेमध्ये अहिले पनि दुईजना उच्च शिक्षा अध्ययन गरिरहेका छन् । रिसोर्टले अपांगता भएका व्यक्तिलाई रोजगारीको अवसर दिएर उनीहरूलाई आत्मनिर्भर बनाउनसमेत मद्दत गरेको छ ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

नेपाल 'ए'को उत्कृष्ट लय कायमै

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ खेल्न आएका स्कटल्यान्ड र अमेरिकाविरुद्ध नेपाल 'ए' हाबी, लगातार तेस्रो खेलमा जित

नयाँ पत्रिका

नेपाल 'ए' ले आइसिसी क्रिकेट विश्वकप लिग २ खेल्न आएको स्कटल्यान्ड र अमेरिकाविरुद्ध उत्कृष्ट प्रदर्शन जारी राखेको छ। शृंखलामा नेपाल लगातार तेस्रो खेलमा जित निकाल्न सफल भयो। लगातार तेस्रो खेलमा जित निकाल्ने क्रममा शनिबार नेपाल 'ए' ले स्कटल्यान्डमाथि डकवर्थ लुइस मेथड पद्धतिअनुसार नौ रनको जित निकाल्यो। नेपालको जितमा सन्दीप जोरा र ईशान पाण्डेले अर्धशतक बनाएका थिए।

पहिले ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर तीन सय तीन रनको विशाल लक्ष्य दिएको थियो। प्रत्युत्तरमा नेपाल 'ए'ले ३४.५ ओभरमा ४ विकेट गुमाएर दुई सय चार रन बनाउँदा वर्षा भयो। त्यसपछि खेल हुन सकेन र नेपाल ९ रनले विजयी भयो।

अनिलकुमार शाह कप्तानी रहेको नेपाल 'ए' सँग स्कटल्याण्डको यो लगातार दोस्रो हार हो। बिहीबार भएको पहिलो खेलमा नेपाल 'ए' सँग स्कटल्यान्ड ४५ रनले पराजित भएको थियो। शुक्रबार भएको खेलमा नेपाल 'ए' ले अमेरिकालाई ३ विकेटले पराजित भएको थियो। अब, नेपाल 'ए' ले अन्तिम अभ्यास खेलमा सोमबार अमेरिकासँग खेल्नेछ।

आइसिसी क्रिकेट विश्वकप लिग २ को शृंखलाअघि स्कटल्यान्ड र अमेरिका नेपाल आएका हुन्। प्रतियोगिता १२ देखि २२ मेसम्म त्रिवि मैदानमा हुँदै छ। त्यसअघि दुवै टिमले नेपालको ए टिमसँग मैत्रीपूर्ण खेल खेलेका हुन्। नेपाल भने युएई र ओमानसँग खेलेपछि विश्राममा छ। नेपालले युएई र ओमानसँग ४ खेल खेल्दा ३ खेल जितेको थियो।

सन्दीप र ईशानको सानदार प्रदर्शन

नेपालको जितमा सन्दीप जोरा र ईशान पाण्डेले अर्धशतक बनाएका थिए। प्लेयर अफ दी म्याचसमेत भएका सन्दीप जोराले ८३ रन बनाएका हुन्। उनले ९४ बलमा ९ चौका प्रहार गरे। त्यस्तै, ईशानले ५० रन बनाए। उनल ५३ बलमा ७ चौका हिर्काएका थिए। तेस्रो विकेटका लागि सन्दीपले ईशानसँग मिलेर १०३ रनको शतकीय साझेदारी गरेका थिए। त्यस्तै, ओपनर तृतराज दास २४, बसिर अहमद २० तथा मयन यादव १२ रनमा आउट भए। स्कटल्यान्डका लागि मार्क वाट, ब्राड करी, ओलिभर डेभिडसन र माइकल लिस्कले समान १ विकेट लिएका थिए।



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नेपालको खेल तालिका

मिति	विपक्षी
२९ वैशाख	स्कटल्यान्ड
२ जेठ	अमेरिका
४ जेठ	स्कटल्यान्ड
८ जेठ	अमेरिका

मुन्सेको अर्धशतक

स्कटल्यान्डका लागि ओपनर जर्ज मुन्सेले सर्वाधिक ६२ रन बनाएका छन्। उनले ५१ बलमा ६ चौका र ३ छक्का प्रहार गरे। माइकल ईम्लिस ५६ रनमा अविजित रहे।



उनले ५६ बलमै तीन छक्का हिर्काएका थिए। त्यसबाहेक कप्तान रिची बेरिंग्टन ४०, फिन्ले म्याक्रिथ र ग्याक जार्भिस समान ३०, ब्रान्डन म्याकमुलन ३९, म्याथ्यु क्रस २५ रनमा आउट भए। नेपाल 'ए' का लागि आकाश चन्दले सर्वाधिक ३ विकेट लिएका थिए। शेर मल्ल, विपिन खत्री, पवन सर्राफ र कुशल मल्लले समान १ विकेट लिएका थिए।

ईशान पहिलोपटक एकदिवसीय टिममा

प्रधानमन्त्री कप र नेपाल ए टिमबाट सानदार प्रदर्शन गरेका ईशान पाण्डेलाई नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली टिममा समावेश गरेको छ। देब्रेहाते ब्याटर ईशानलाई क्यानले मंगलबारबाट सुरु हुने अमेरिका र स्कटल्यान्डविरुद्धको शृंखलामा ईशानलाई समेटेको हो। रोहितकुमार पौडेल कप्तानीमा रहेको टिममा ईशानसहित १५ खेलाडी छन्। क्यानले अघिल्लो साता भएको ओमान र युएईसँगको त्रिकोणात्मक शृंखलामा टोलीमा रहेका बसिर अहमदको स्थानमा ईशानलाई मौका दिएको हो। उनले सात वर्षपछि राष्ट्रिय टिममा कमब्याक गर्दै छन्। यद्यपि, उनले एकदिवसीय ढाँचामा भने ईशान पहिलोपटक टिममा स्थान बनाएका हुन्। सन् २०१९ मा उनले जिम्बाब्वेविरुद्ध टी-२० आई खेल्दै डेब्यु गरेका थिए।

टिममा कप्तान रोहितसँगै ईशान, उपकप्तान दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ सेख, आरिफ सेख, ईशान पाण्डे, गुल्सन झा, नन्दन यादव, सोमपाल कामी, करण केसी, ललित राजवंशी, विनोद भण्डारी, अर्जुन कुमाल र भीम सार्की छन्। नेपाललेअघिल्लो साता सम्पन्न युएई र ओमान सम्मिलित शृंखलामा खेलेको चारमध्ये तीन खेलमा जितेको थियो। नेपाल आठ राष्ट्र सहभागी विश्वकप लिग २ मा १८ अंकका साथ सातौँ स्थानमा छ।

अमेरिका ३६ अंकका साथ शीर्ष र २ अंक कम रहेको स्कटल्यान्ड दोस्रो स्थानमा छन्।



चित्लाङ बागमती गोल्डकपको नयाँ च्याम्पियन

बागमती युथ क्लबलाई ४-० ले हराउँदै चित्लाङ बागमती गोल्डकप फुटबलको पहिलो सहभागितामै उपाधि उचाल्न सफल भयो



मकवानपुरमा पोष्टराज अधिकारी

मकवानपुरको बागमती गाउँपालिकामा शनिबार सम्पन्न आठौँ संस्करणको राष्ट्रिय बागमती गोल्डकप फुटबल प्रतियोगिताले नयाँ विजेता पाएको छ। उपाधि काठमाडौंको चित्लाङ एफसीले जितेको छ। मकवानपुरको बागमती गाउँपालिका- ८ स्थित सहिद स्मृति रंगशाला झुरझुरे खेलमैदानमा भएको फाइनल खेलमा सर्लाहीको बागमती युथ क्लबलाई ४-० ले पराजित गर्दै चित्लाङले पहिलो सहभागितामै ऐतिहासिक सफलता हात पारेको हो। चित्लाङका जितमा सोलोमन किङले दुई गोल गर्दा एरोन थापा र समीर तामाङ समान एक गोल गरेका थिए।

प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै आएको चित्लाङले फाइनल खेलमा पनि उत्कृष्ट प्रदर्शन गर्दै उपाधि जित्यो। चित्लाङ खेलको सुरुवातदेखि नै आक्रमक रूपमा प्रस्तुत भएको थियो। उसको लागि खेल सुरु भएको दोस्रो मिनेटमै एरोन थापाले उत्कृष्ट गोल गरे। सुरुवाती गोलले दबाबमा परेको बागमती युथले खेलमा फर्कने प्रयास गरे पनि चित्लाङको संगठित आक्रमण र बलियो मिडफिल्डका कारण सफल हुन सकेन।

चित्लाङका विदेशी खेलाडी सोलोमन किङले खेलको १७औँ मिनेटमा दोस्रो गोल थपेपछि बागमती झनै दबाबमा परेको थियो। पहिलो हाफ २-० को अग्रतामा लिएको चित्लाङले दोस्रो हाफमा पनि खेल नियन्त्रणमा राख्दै आक्रामक खेल प्रस्तुत जारी राख्यो। दोस्रो हाफको ४८औँ मिनेटमा चित्लाङका सोलोमनले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गरे। त्यसपछि खेलको ७७औँ मिनेटमा समीर तामाङले गोल थप्दै चित्लाङको जित सुनिश्चित गरे। उत्कृष्ट प्रदर्शन गरेका समीर तामाङ फाइनल खेलको 'प्लेयर अफ दी म्याच' घोषित भए। उपाधिसँगै चित्लाङले नगद १० लाख रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता बागमती युथ क्लबले पाँच लाख रुपैयाँमा चित्त बुझाएको छ। विजेता तथा उपविजेता टोलीलाई बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान तथा प्रतियोगिता संयोजक रहर सिं थिङलगायतले पुरस्कार तथा ट्रफी प्रदान गरेका थिए।

दुवै टिमको फाइनल यात्रा

यस संस्करणमा चित्लाङ एफसीले प्रभावशाली यात्रा तय गरेको थियो। चित्लाङले विभागीय टोली एपिएफलाई हराउँदै क्वार्टरफाइनलमा प्रवेश गरेको थियो। त्यसपछि साबिक विजेता मच्छिन्द्र एफसीलाई पराजित गर्दै सेमिफाइनल पुगेको चित्लाङले नवजनजागृति युवा क्लब, सिमरामाथि शानदार जित निकाल्दै फाइनल यात्रा तय गरेको थियो।

उता बागमती युथ क्लबले आयोजक बागमती खेलकुद विकास समितिलाई हराउँदै क्वार्टरफाइनल पुगेको थियो। क्वाटरफाइनलमा साविक विजेता चर्च ब्वाइज युनाइटेड र सेमिफाइनलमा काठमाडौंको बागमतीले फ्रेन्ड्स क्लबलाई हराएर फाइनलमा स्थान बनाएपति बागमती युथ क्लब उपधि चुम्नबाट वन्चित भयो।

टोलिको निरन्तर उत्कृष्ट प्रदर्शनले उपाधि दिलायो

● **सुमन श्रेष्ठ**, प्रशिक्षक, चित्लाङ

हामी उपाधि जित्ने लक्ष्यका साथ प्रतियोगितामा सहभागी भएका थियौं। र, सोचेको जस्तो नै भयो। सबैको प्रयासले उपाधि जित्न सक्यौं।

सोचेजस्तो प्रदर्शन भएन

● **विश्वराज लामिछाने**, प्रशिक्षक, बागमती

फाइनलमा सोचे जस्तो प्रदर्शन हुन सकेन। सुरुवात मै गोल खाँदा परेको दबाबबाट बाहिर आउन नसक्दा उपविजेता मै सिमित हुनुपऱ्यो। यद्यपि, जितहार स्वाभाविक हो।

लक्ष्मण थापा बने सर्वोत्कृष्ट खेलाडी

प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेका चित्लाङ एफसीका लक्ष्मण थापा 'सर्वोत्कृष्ट खेलाडी' घोषित भए। उनले नगद १ लाख १ हजार रुपैयाँ प्राप्त गरे। त्यसैगरी, उत्कृष्ट गोलकिपर चित्लाङका प्रिसो, उत्कृष्ट रक्षक बागमती युथका आयुष मगर, उत्कृष्ट मिडफिल्डर बागमतीकै अनिष महर्जन, उत्कृष्ट फरवार्ड चित्लाङका एरोन थापा तथा उत्कृष्ट प्रशिक्षक चित्लाङका सुमन श्रेष्ठ घोषित भए। विधागत उत्कृष्ट सबैले जनही २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। बागमती गाउँपालिका मकवानपुरको प्रायोजनमा बागमती खेलकुद विकास समितिले प्रतियोगिता आयोजना गरेको हो। प्रतियोगितामा आयोजक बागमती खेलकुद विकास समितिसहित देशका विभिन्न चर्चित क्लबहरूको सहभागिता रहेको थियो।

खेल संक्षेप

सञ्जय र पूर्णलक्ष्मी पहिलो

काठमाडौं/ सञ्जय श्रेष्ठ र पूर्णलक्ष्मी न्यौपाने नेपाल ५ के रन च्यालेन्जको खुलामा शनिबार पहिलो भएका छन्। सञ्जय पुरुष तथा पूर्णलक्ष्मी महिलामा पहिलो भएका हुन्। एथलेटिक्स परिवार, नेपालको आयोजना तथा चाँगुनारायण नगरपालिकाको सहयोगमा भएको दौडमा सञ्जयले निर्धारित पाँच किलोमिटर दूरी १४ मिनेट ३४.७४ सेकेन्डमा पूरा गरे। मुकेशबहादुर पाल (१४ मिनेट ३४.८१ सेकेन्ड) दोस्रो तथा गजेन्द्र राई (१४ मिनेट ५३.९१ सेकेन्ड) तेस्रो भए। महिलाको ५ किलोमिटर दूरी पूर्णलक्ष्मीले १७ मिनेट ९५ सेकेन्डमा तय गरिन्। निशा कार्की (१८ मिनेट १२.५५ सेकेन्ड) दोस्रो तथा सम्झना कुलुङ (१८ मिनेट ५४.६३ सेकेन्ड) तेस्रो बने। पुरुष/महिला दुवैमा शीर्ष तीन स्थानमा रहने खेलाडी नेपाल आर्मीका हुन्। यु-१८ पुरुष ३ किलोमिटरमा सुशन लामिछाने पहिलो, राजकुमार गोले दोस्रो र शेरबहादुर शाही तेस्रो भए। सोही स्पर्धाको महिलातर्फ शर्मिला गोलेले स्वर्ण, सुजिना राम्दामले रजत र प्रमिशा कार्कीले कांस्य जिते। भेट्रान पाँच किलोमिटर पुरुषमा धर्म महर्जन, रैवतबहादुर दाहाल र भीमबहादुर गुरुङ क्रमशः शीर्ष तीन स्थानमा रहे। विजेतालाई चाँगुनारायण नगरपालिकाका मेयर जीवन खत्री, चाँगुनारायण नगरपालिका नगर खेलकुद संयोजक रघु केसीलगायतले एक कार्यक्रमबिच पुरस्कृत गरे। दौडमा दुई सय ५० प्रतिस्पर्धीले सहभागिता जनाएको एथलेटिक्स परिवार, नेपालका अध्यक्ष राजन खत्रीले जनाएका छन्।

बक्सिङ संघमा रामचन्द्र निर्विरोध

काठमाडौं/ बागमती प्रदेश बक्सिङ संघको दोस्रो साधारण सभा तथा निर्वाचनले १३औँ दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण पदक विजेता खेलाडी रामचन्द्र थापामगरलाई अध्यक्षमा निर्विरोध निर्वाचित गरेको छ। कार्यक्रमको मुख्य अतिथि बागमती प्रदेशका पूर्वमन्त्री माननीय दीपेन्द्र श्रेष्ठ रहेका थिए। बागमती प्रदेशका आठ जिल्लाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको उपस्थितिमा भएको साधारणसभामा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशका बोर्ड सदस्य तथा प्रतिनिधि कल्पना खड्काको विशेष आतिथ्यता रहेको थियो। रामचन्द्र थापामगरको अध्यक्षतामा चयन भएको नौ सदस्यीय कार्यसमितिमा उपाध्यक्षमा अनिलप्रसाद दाहाल, सचिवमा रामकृष्ण प्रजापति, कोषाध्यक्षमा नयनबहादुर भण्डारी तथा सदस्यहरूमा अनुशा थापामगर, संगीता राना, कृष्णबहादुर कुमाल, हरि खतिवडा र अमित मानन्धर सर्वसम्मत रूपमा निर्वाचित भएका छन्।

डब्लुएसएलाई उपाधि

काठमाडौं/ ह्विलचियर स्पोर्टस् एसोसिएसन (डब्लयुएसए)ले तेस्रो वडा कप महिला ह्विलचियर बास्केटबल प्रतियोगिताको उपाधि जितेको छ। राष्ट्रिय अपांग महिला समाजको आयोजनामा ज्ञानेश्वरस्थित ग्यालेक्सी पब्लिक स्कुलमा शनिबार सम्पन्न प्रतियोगितामा डब्लुएसएले लिगको तीनवटै खेलमा विजयी हुँदै ६ अंकसहित च्याम्पियन बनेको हो। उपाधिसँगै टोलीले १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गऱ्यो। डब्लुएसएले लिग चरणमा जावलाखेल ह्विलचियर स्पोर्टस् क्लबलाई ४-२, स्पाइनल कर्ड इन्जुरी नेटवर्क नेपाललाई २०-४ तथा बिआइएलाई १७-२ ले पराजित गरेको थियो। यस्तै, जावलाखेल दोस्रो स्थानमा रहँदै उपविजेता बन्यो। उसले तीन खेलमध्ये दुईमा जित र एकमा हार व्यहोर्दै ५ अंक जोड्यो। उपविजेता टोलीले १० हजार रुपैयाँ प्राप्त गऱ्यो। तेस्रो स्थान हासिल गरेको एससिआइएनएनले पाँच हजार रुपैयाँ हात पाऱ्यो।

लीलाले भुटानमा खेल्ने

काठमाडौं/ नेपाली यू-२० राष्ट्रिय महिला टोलीकी गोलकिपर लीला जोशीले भुटानको महिला लिग खेल्ने भएकी छिन्। उनलाई थिम्पु सिटीले अनुबन्ध गरेको छ। त्यसका लागि लीला भुटान पुगिसकेकी छिन्। उनले चर्च ब्वाइज युनाइटेडबाट घरेलु प्रतियोगिता खेल्दै आएकी थिइन्। लीलाले गत वर्ष बंगलादेशमा भएको साफ महिला यू-२० च्याम्पियनसिप खेलेकी थिइन्। प्रतियोगितामा नेपाल उपविजेतामा सीमित बनेको थियो।

भारतमा सुरुको अर्को गोल



काठमाडौं/ नेपाली राष्ट्रिय टोलीका मिडफिल्डर सरु लिम्बूले निर्णायक गोल गरेपछि किकस्टार्ट एफसीले भारतीय महिला लिगमा जित निकालेको छ। प्रतियोगिताका किकस्टार्टको यो लगातार तेस्रो जित हासिल गरेको हो। शनिबार किकस्टार्टले गोकुलम केरला एफसीलाई १-० ले हरायो। सरुले खेलको १७औँ मिनेटमा टोलीलाई अग्रतामा ल्याइन्। सरुले चार खेलमा दुई गोल गरेकी छिन्। यसअघि उनले सेसा क्लबविरुद्ध गोल गरेकी थिइन्। सुरुसँगै रेनुका नगरकोटे दोस्रो चरणका लागि किकस्टार्टसँग जोडिएका हुन्। दुवै खेलाडीले पछिल्लो वर्ष पनि भारतमा किकस्टार्टबाटै खेलेका थिए। जितसँगै किकस्टार्ट ११ खेलमा १६ अंक जोड्दै अंकतालिकाको चौथो स्थानमा उक्लिएको छ। समान खेलमा १३ अंक जोडेको गोकुलम पाँचौं स्थानमा छ। सरु र रेनुकाजस्तै नेपाली राष्ट्रिय टिमकी पूर्वकप्तान अन्जिला तुम्बाप्पो सुब्बाले पनि सेथु क्लबबाट आईलिग खेलिरहेकी छिन्।

राष्ट्रपति रनिङसिल्ड प्रतियोगितामा हिमा प्रथम

जुम्ला/ समुन्दी सतहदेखि २९ मिटर उचाइमा रहेको हिमा गाउँपालिका- २ ओदी गाउँको खेल मैदानमा आयोजित १६औँ जिल्लास्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगितामा हिमा गाउँपालिका प्रथम भएको छ। १६औँ राष्ट्रपति रनिङसिल्ड प्रतियोगितामा हिमा गाउँपालिकाले २५ वटा स्वर्ण पदक जित्दै जिल्लाकै प्रथम भएको हो। जिल्लाका आठ स्थानीय तहमध्ये गुठीचौर गाउँपालिकाबाहेक सातवटा स्थानीय तहले प्रतियोगितामा सहभागिता जनाएका थिए। प्रतियोगिताअन्तर्गत विभिन्न विधामा हिमा २५ वटा स्वर्ण जितेर प्रथम हुँदा चन्दननाथ नगरपालिका १४ वटा स्वर्ण जित्दै दोस्रो भएको हो। पातारासी गाउँपालिका पाँच स्वर्ण जित्दै तेस्रो, कनकासुन्दरी चौथो, सिंजा पाचौं, तिला छैटौं र तातोपानी गाउँपालिका सातौं स्थानमा आएको छ। जिल्ला खेलकुद विकास समिति जुम्लासँगको समन्वयमा हिमा गाउँपालिकाले आयोजना गरेको दुर्गम ओदी गाउँमा जिल्लास्तरीय प्रतियोगिता सञ्चालन भएको थियो।



लिभरपुल र चेल्सीले अंक बाँडे

एजेन्सी

लिभरपुर र चेल्सीले इंग्लिस प्रिमियर लिगमा अंक बाँडेका छन्। शनिबार एनफिल्डमा भएको खेलमा घरेलु टोलीले अग्रता बनाए पनि त्यसलाई जोगाउन नसक्दा २ अंक गुमाएको थियो। चेल्सीले पहिलो हाफमै बराबरी गोल गर्दै हार टारेको थियो। लिभरपुलका लागि रायन ग्रावेनबेर्चले गोल गरेका थिए। चेल्सीका लागि अर्जेन्टिनी स्टार एन्जो फर्नान्डेजले गोल फर्काएका हुन्।

यो बराबरीपछि लिभरपुलका समर्थक निकै आक्रोशित भएका थिए। यदि यो खेल जितेको भए लिभरपुलको च्याम्पियन्स लिग पक्का हुने थियो। यस सिजन कमजोर प्रदर्शन गरिरहेको लिभरपुलले सोचेजस्तो प्रदर्शन गर्न सकेको छैन। टोली यसपटक ११ खेलमा पराजित भइसकेको छ। ३६ खेलमा ५९ अंकसहित चौथो स्थानमा छ। शीर्ष स्थानको आर्सनलभन्दा १७ अंकले पछाडि छ। यसपटक टिम च्याम्पियन बन्नुभन्दा पनि च्याम्पियन्स लिगमा छनोट हुन संघर्ष गरिरहेको छ।

यता, चेल्सी पनि कमजोर प्रदर्शन गरिरहेको छ। टोलीले सोचेजस्तो भइरहेको छैन। समान ३६ खेल खेल्दा चेल्सी ४९ अंकसहित नवौँ स्थानमा छ। यो प्रदर्शनपछि चेल्सी च्याम्पियन्स लिगमा छनोट हुनेछैन।

यता, आर्सनल शीर्ष स्थानमा रहँदा दोस्रो स्थानको म्यानचेस्टर सिटी ७१ अंकसहित दोस्रो स्थानमा छ। म्यानचेस्टर युनाइटेड ६५ अंकसहित तेस्रो स्थानमा छ। युनाइटेडले पनि यसपटक च्याम्पियन्स लिग पक्का गरेको छ। यता, पुछारमा रहेको उल्भ्स र १९औँ स्थानमा रहेको बर्नली रेलिगेसननजिक छन्। उल्भ्सको १८ तथा बर्नलीको २० अंक छ। अब, वेस्टहम युनाइटेड र टोटनह्यामबिच एक टिम रेलिगेसनबाट बच्न संघर्ष गरिरहेका छन्।

लिभरपुलको अग्रता

खेलमा अग्रता भने घरेलु टोली लिभरपुलले लिएको थियो। छैटौं मिनेटमै रायनले अग्रता दिलाए। उनले रियो एनगुमोहाको पास सदुपयोग गरेका हुन्। तर, यो अग्रता धेरै समय टिक्न सकेन। अर्जेन्टिनी स्टार एन्जोले सानदार गोल गरेका थिए। पहिलो हाफ १-१ को बराबरीमा सम्पन्न हुँदा दोस्रो हाफमा कुनै गोल हुन सकेन। चेल्सीका कोल पाल्मरले ४९औँ मिनेटमा गोल गरे पनि त्यसलाई भिडियो सहायक रेफ्रीले मान्यता नदिँदा तीन अंक गुमाएको थियो। दोस्रो हाफमा चेल्सीका पाँचसहित सातजना खेलाडीले पहेँलो कार्ड प्राप्त गरेका थिए।



> बराबरीपछि लिभरपुलका समर्थक आक्रोशित भएका थिए। यस सिजन कमजोर प्रदर्शन गरिरहेको लिभरपुलले सोचेजस्तो नतिजा दिन सकेको छैन। टोली यसपटक ११ खेलमा पराजित भइसकेको छ।

रोकियो युनाइटेड

मध्य सिजनमा सानदार प्रदर्शन गर्दै च्याम्पियन्स लिगमा छनोट भएको युनाइटेड सन्डरल्यान्डसँग रोकिएको छ। शनिबार नै भएको खेलमा दुवै टोलीले गोल गर्न सकेनन्। सन्डरल्यान्डको मैदानमा पनि युनाइटेडले राम्रो प्रदर्शन गऱ्यो। तर, गोल भने गर्न सकेन।

यस्तै, दुई रातो कार्ड देखाइएको खेलमा बर्नामाउथले फुलहमलाई १-० ले हरायो। उसको जितमा रायनले ५३औँ मिनेटमा निर्णायक गोल गरेका थिए। यसअघि खेलको पहिलो हाफमा दुवै टोली १० खेलाडीमा सीमित बनेका थिए। यस्तै, अर्को खेलमा ब्राइटनले उल्भ्सलाई ३-० ले हरायो। ब्राइटनको जितमा ज्याक हिन्सेलवुड, काओरु मिटोमा र यान्कुवा मिन्टेले समान एक गोल गरेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com